# सामुदायिक वन व्यवस्थापनमा महिलाको भूमिकाः
## सर्लाही जिल्ला पशुपति सामुदायिक वन उपभोक्ता समूहको
## एक समाजशास्त्रीय अध्ययन

मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान अन्तरगत
समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभागको समाजशास्त्र विषयको
स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता
पुरा गर्नका लागि प्रस्तुत

## शोधपत्र

*प्रस्तुतकर्ता*
**तेजप्रसाद बडाल**

**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर**
**२०६८**

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र/ मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**
**नेपाल**

# सिफारीस पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधी प्राप्तिको आंशिक आवश्यकता पूर्तिका लागि तेजप्रसाद बडालद्वारा "**सामुदायिक वन व्यवस्थापनमा महिलाको भूमिकाः सर्लाही जिल्ला, पशुपति सामुदायिक वन उपभोक्ता समूहको एक समाजशास्त्रीय अध्ययन** " विषयमा तयार पारिएको म निर्देशक भएको शोधपत्रको आवश्यक मूल्यांकनको लागि सिफारीश गर्दछु ।

.....................................
कपिल बाबु दाहाल
शोध निर्देशक
समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

मितिः

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**
**नेपाल**

# स्वीकृति पत्र

मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि समाजशास्त्र/मानवशास्त्र विभागका छात्र तेजप्रसाद बडालले **"सामुदायिक वन व्यवस्थापनमा महिलाको भूमिकाः सर्लाही जिल्ला, पशुपति सामुदायिक वन उपभोक्ता समूहको एक समाजशास्त्रीय अध्ययन"** विषयमा तयार पारेको शोधपत्र उक्त उपाधी प्राप्तिको लागि उपयुक्त ठहरिएकाले आवश्यक मूल्याङ्कन पश्चात स्वीकृति प्रदान गरिएको छ।

**शोधपत्र मूल्याङ्कन समिति**

विभागीय प्रमुख

प्रा.डा.ओम गुरुङ्ग

शोध निर्देशक

कपिल बाबु दाहाल

बाह्य परीक्षक

प्रा.डा.राम बहादुर क्षेत्री

मितिः २०६८

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गतको स्नातकोत्तर तह समाजशास्त्र/मानवशास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल गर्नको लागि अनिवार्य रुपमा कुनै एक विषयमा अध्ययन अनुसन्धान गरी शोधपत्र सम्पन्न गर्नु पर्ने प्रावधान रही आएको छ । जसको मूल मर्म हो विद्यार्थी वर्गलाई सैद्धान्तिक र व्यवहारिक दुवै पक्षमा निपूर्ण वनाउनुका साथै कुनै पनि तहमा निर्धारित पाठ्यक्रम र पाठ्यपुस्तकमा उल्लेखित कुराहरु सधै स्थिर नभई परिवर्तन उन्मुख हुनु हो । समयको परिवर्तन सँगसँगै मानवीय ज्ञानको क्षितिज पनि परिवर्तोन्मुख हुँदै जान्छ । यस्तो अवस्थामा अध्ययन अनुसन्धान सहितको शोधकार्यले स्नातकोत्तर तहको विद्यार्थी वर्गहरुको ज्ञानको क्षितिज मात्र फराकिलो वनाउने मात्र नभई सम्बन्धित विषयमा आवश्यक्तानुसार परिमार्जित संस्करणले ज्ञानको क्षमतामा नविनता थप्ने पनि निश्चित देखिन्छ अतः यस तहका विद्यार्थीहरुलाई विश्वविद्यालयले यस्तो खालको जिम्मेवारीका साथै उत्साह दिनु आफैमा एक कोशेढुङ्गा हो । यसै मुताविक त्रिभुवन विश्वविद्यालयले मलाई दिएको यस जिम्मेवारीलाई मैले मेरो क्षमताले भ्याए सम्म यथाशक्य पूर्णता दिने जर्मको गरेको छु । यस शोधकार्यलाई शोधपत्रको रुपमा तयार गर्न पर्याप्त समय, सुझाव र सल्लाह दिई प्रत्यक्ष सुपरिवेक्षण गरी अमूल्य सहयोग गर्नु हुने आदरणीय गुरु एवं उप-प्राध्यापक श्री कपिल वावु दाहालज्यू प्रति विशेष रुपमा हार्दिक कृतज्ञता एवं आभार व्यक्त गर्न चाहन्छु । साथै समाजशास्त्र/मानवशास्त्र विभागका प्रमुख तथा प्राध्यापक डा. ओम गुरुङ्ग प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु

शोधपत्र तयार गर्ने क्रममा, सूचना सङ्कलन गर्ने दौरानमा आवश्यक तथ्याङ्क, सूचना सङ्कलनमा सहयोग गर्नुहुने अध्ययन क्षेत्र एवं पशुपति सामुदायिक वन कार्यसमितिका सचिव श्री रमेशराज काफ्ले, स्थानीय शिक्षक श्री लम्बोदर काफ्ले, मेरो अत्यन्त घनिष्ट मित्र श्री सन्तोष वाँनिया, टाइपिङ्गमा मलाई सहयोग गर्ने मेरो जीवन साथी श्री अन्जु मिश्र , शोधपत्रको स्वरुप तयार गर्न आकर्षक डिजाइनमा सहयोग गर्नुहुने प्राविधिक साथी श्री विराज बस्नेत र अध्ययन क्षेत्रका वारेमा बताउने स्थानीय वासिन्दा, उत्तरदाता, सूचनादाता, स्थानीय महिला समुह, महिला अगुवा कार्यकर्ता, जिल्ला वन कार्यालय सर्लाही, वन उपभोक्त महासघं, वन विभाग, पशुपति सामुदायिक वन सँग सम्बन्धित सम्पूर्ण व्यक्तित्वहरुलाई धन्यवाद दिन चाहन्छु ।

**तेजप्रसाद बडाल**

**२०६८**

# विषय सूची


| | पेज नं. |
|---|---|
| सिफारिस पत्र | |
| स्वीकृतिपत्र | |
| कृतज्ञताज्ञापन | |
| तालिका सूची | |
| **अध्याय – एक** | १ |
| **परिचय** | ९ |
| **१.१ पृष्ठभूमि** | ९ |
| **१.२ समस्याको कथन** | १२ |
| **१.३ अध्ययनको उद्देश्यहरू** | १३ |
| **१.४ अध्ययनको महत्व/औचित्य** | १३ |
| **१.५ अध्ययनको सँगठन** | १४ |
| **अध्याय – दुई** | १५ |
| **साहित्य पुरावलोकन** | १५ |
| **२.१ नेपालमा सामुदायिक वनको विकासक्रम** | १५ |
| **२.२ सामुदायिक वन र जनसहभागिता** | १६ |
| **२.३ सामुदायिक वनमा महिला सहभागिता** | १८ |
| **२.४ सामुदायिक वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने तत्वहरू** | २३ |
| **२.५ सामुदायिक वन भए पश्चात् महिलाको भूमिकामा आएको परिवर्तन** | २७ |
| **अध्याय – तीन** | २९ |
| **अनुसन्धान पद्धति** | २९ |
| **३.१ अनुसन्धान योजना** | २९ |
| **३.२ अध्ययन क्षेत्रको छनौटको औचित्यता** | २९ |
| **३.३ नमुना छनौट प्रक्रिया** | ३० |
| **३.४ तथ्यांकको प्रकृति तथा स्रोतहरू** | ३० |
| **३.५ तथ्यांक सङ्कलन विधि** | ३० |
| **३.५.१ अन्तर्वार्ता सूची** | ३१ |
| **३.५.२ सहभागी निरीक्षण विधि** | ३१ |
| **३.५.३ सामुहिक छलफल** | ३१ |

३.५.४ मुख्य सूचनादाता ३२
३.६ तथ्यांकको विश्लेषण र प्रस्तुतिकरण ३२
३.७ अध्ययनको सिमाहरू ३२
३.८ तथ्यांक सङ्कलनमा भएका केही कठिनाईहरू ३३
अध्याय – चार ३४
अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति तथा सामाजिक ३४
आर्थिक अवस्था ३४
४.१ अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति ३४
४.१.१ अवस्थिति ३४
४.१.२ हावापानी ३५
४.१.३ घर र छानाको वनावट ३५
४.१.४ प्राकृतिक स्रोतहरू ३६
४.२ उत्तरदाताहरुको सामाजिक तथा आर्थिक अवस्था ३७
४.२.१ जनसंख्याको वितरण ३७
४.२.२ जनसंख्याको उमेर र लिंग संरचना ३७
४.२.३ जातजातिगत व्यवस्था ३८
४.२.४ पारिवारीक प्रणाली ३९
४.२.५ पेशा ३९
४.२.६ शिक्षा ४०
४.२.७ अध्ययन क्षेत्रको अर्थतन्त्र ४१
४.२.८ स्थानीय आर्थिक संस्थामा महिला सहभागिता ४७
अध्याय – पाँच ४८
वन तथा वन्यस्रोतहरुको प्रयोग र व्यवस्थापनमा महिला ४८
सहभागितालाई प्रभाव पार्ने बाधक तत्वहरु ४८
५.१ वन तथा वन्य स्रोतहरुको व्यवस्थापन ४८
५.१.२ निजी वन ४९
५.१.३ धार्मिक वन ५१
५.२ वन तथा वन्य स्रोतहरूको प्रयोग ५१
५.२.१ बाल्ने दाउराको रुपमा प्रयोग ५२
५.२.२. घाँसपातको प्रयोग ५३
५.२.३.. पत्करको प्रयोग ५५
५.३. सामुदायिक वन विकास र महिला सहभागिता ५५

५.३.१ पशुपतिनगरको वन व्यवस्थापनको ऐतिहासिक पृष्ठभूमि ५५
५.३.२ वन पैदावारलाई उपभोग गर्न वनेको नियम ५६
५.३.३ वन्य स्रोतहरुको वितरण तथा फाइदाहरू छढ
५.४ वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने तत्वहरू ६०
५.४.१ शिक्षा र प्राबिधिक ज्ञानको कमी ६०
५.४.२ घरेलु काममा अधिकतम समय खर्च हुने ६१
५.४.३ कमजोर आर्थिक अवस्था ६२
५.४.४ परम्परागत गलत अवधारणा तथा पुरुषप्रधान समाज ६२
अध्याय – छ ६४
वन व्यवस्थापन कार्य र महिलाको भूमिकामा आएको परिवर्तन ६४
६.१ वन व्यवस्थापनमा महिलाको भूमिका ६४
६.१.१ वृक्षारोपण कार्यक्रममा सहभागिता ६४
६.१.२ गोडमेल कार्यमा सहभागिता ६५
६.१.३ वन पैदावर सङ्कलनमा सहभागिता ६६
६.२ वन उपभोक्ता समिति भित्रको महिलाको स्थिति ६६
६.३ वनसंम्वन्धी तालिममा महिला सहभागिता ६७
६.४ वन उपभोक्ता समितिमा महिलाको निर्णय लिने प्रक्रिया ६८
६.५ सामुदायिक वन र महिलाको भूमिकामा आएको परिवर्तन ६९
६.५.१ वनप्रति आˆनो अधिकार र उत्तरदायित्वमा आएको परिवर्तन ६९
६.५.२ वन्य स्रोतको संरक्षण र उपयोगमा देखिएको परिवर्तन ७०
६.५.३ वन व्यवस्थापन क्रियाकलापमा भएका परिवर्तन ७०
६.५.४ वन उपभोक्ता समिति भित्रको परिवर्तन ७१
६.५.५ वनसम्वन्धी तालिमबाट भएको परिवर्तन ७२
६.५.६ निर्णय गर्ने प्रक्रियामा परिवर्तन ७२
अध्याय – सात ७४
सारांश र निष्कर्ष ७४
७.१ संक्षिप्त विवरण ७४
७.२ निष्कर्ष ७७
सन्दर्भ सामग्रीहरु ७९

# तालिका सूची


| | |
|---|---|
| | ***पेज*** |
| तालिका नं.१. घर र छानाको वनौवटको किसिम | ३२ |
| तालिका नं.२. जातजातिगत आधारमा उत्तरदाताहरूको जनसंख्या विवरण | ३४ |
| तालिका नं.३. उमेर र लिंगको आधारमा जनसंख्याको संरचना | ३५ |
| तालिका नं.४. जातजातिगत आधारमा उत्तरदाताहरूको परिवारिक स्थिति | ३६ |
| तालिका नं.५. जनसंख्याको समग्र पेशागत विवरण | ३७ |
| तालिका नं.६. लिंगको आधारमा जनसंख्याको साक्षरता स्तर | ३८ |
| तालिका नं.७. उत्तरदाताहरूको वार्षिक उत्पादित अन्नवाट गुजारा हुने समयावधि | ४० |
| तालिका नं.८. उत्तरदाताहरूको स्वामित्वमा भएको जमिनको किसिम | ४१ |
| तालिका नं.९. मुख्य बालीहरूको जमिन तयार देखि भित्र्याउने वेला सम्मको समय तालिका | ४२ |
| तालिका नं.१०. वस्तुभाउको संख्या र प्रकार | ४४ |
| तालिका नं.११. उत्तरदाताहरूको निजी जमिनमा भएका रुखहरु | ५० |
| तालिका नं.१२. उत्तरदाताहरूले प्रयोग गर्ने इन्धनको स्रोतहरू | ५२ |
| तालिका नं.१३. उत्तरदाताहरूको प्रति महिना दाउरा खपत | ५३ |
| तालिका नं.१४. मौसम अनुसार घाँसपात प्राप्त हुने स्रोतहरूमा निर्भर घरधुरी | ५५ |
| तालिका नं.१५. वस्तुभाँउको लागि पत्कर तथा सोत्तरहरुमा निर्भर घरधुरी | ५६ |
| तालिका नं.१६. लैंगिक आधारमा वृक्षारोपण कार्यमा सहभागी उत्तरदाताहरू | ६३ |
| तालिका नं.१७. लैंगिक आधारमा गोडमेल कार्यमा सहभागी उत्तरदाताहरू | ६४ |
| तालिका नं.१८. वन सम्बन्धी तालिम तथा गोष्ठीमा सहभागी उत्तरदाताहरू | ६७ |

# अध्याय - एक
# परिचय

## १.१ पृष्ठभूमि

वन नेपालको अति महत्वपूर्ण प्राकृतिक सम्पदा मध्येको एक हो । वनले ग्रामीण नेपाली जनताहरूको दैनिक जीवनमा एक महत्वपूर्ण भूमिका खेलेको छ । नेपालको कूल जनसंख्याको ८५.८० प्रतिशत जनता गाउँमा बस्छन् (CBS, 2001)। ग्रामीण जनताहरूले बढी मात्रामा वनबाट इन्धनका लागि दाउरा, घाँसपात, मल, काठ, औषधि तथा औषधिजन्य खाद्यवस्तुहरू जस्तै, फलफुल, आदिलाई प्रयोग गर्ने गर्दछन । वनबाट सुधारिएको वातावरण, वस्तु पानी र माटोको संरक्षण जस्ता अप्रत्यक्ष फाइदाहरू प्राप्त हुने गर्दछ (Gautam, 1986) ।

नेपालमा बढ्दै गइरहेको जनसंख्याको आधारभुत आवश्यक्ता परिपूर्ति गर्ने दौरानमा वनको दिननानुदिन अतिक्रमण भईरहेको छ । यसबाट नेपाली वनको क्षेत्रमात्र घटिरहेको छैन कि बरु बाँकी रहेको वन पनि नासिदै गइरहेको छ । अप्रभावकारी व्यवस्थापन, अप्रर्याप्त संरक्षण जमिनलाई अनुचित ढंगले प्रयोगमा ल्याउनु र बढ्दै गईरहेको मानिस र चौपायाहरूको जनसंख्याले गर्दा अन्दाधुन्दा रूपमा वन फडानी भइरहेछ । अझ अग्ला पहाडहरू बिस्तारै बिस्तारै मासिदै गई कृषि योग्य जमिनमा परिणत हुदैछ र ज्यादा फडानीबाट वन पिडीत भएको छ (Gautam, 1986)।

२००७ सालको प्रजातन्त्र स्थापनापछि देश विकासको शुरुवात भयो । अघि व्यक्तिगत र परिवारिक बिर्ताको रूपमा रहेको वन जंगलको संरक्षण र राष्ट्रिय हितमा सदुपयोग गर्न २०१३ सालमा नेपालको वनलाई राष्ट्रियकरण गरियो । मूलुकमा प्रजातन्त्र स्थापना भएको र वनको जिम्मा सरकारले लिएको अवस्थापछि जनताको वनप्रतिको सहयोग क्रमशः घट्दै गयो र वनको विनाश व्यापकरूपमा भयो (गौतम, २०६६) । साझा सम्पत्ति सबैको अधिकार हुने हुनाले सो सम्पत्ति प्राप्त गर्ने होडबाजी हुन्छ । त्यसको सहि सदुपयोग गर्न नसके स्रोत दुर्भाग्य (Tragedy) मा परिणत हुन्छ । वनलाई निजीकरण नगर्ने हो भने राष्ट्रियकरण गर्दै लैजानुपर्छ भन्ने मान्यता Hardin ले 'Tragedy of the Common' मा राख्दछन् । नेपालमा सन १९५० को दशकमा भएको अत्याधिक वन फडानीलाई रोक्न सन १९५७ मा वनलाई राष्ट्रियकरण गरियो, जसबाट अत्याधिकमात्रामा स्थानीय स्तरबाट वनको चोरी निकासी तथा फडानी हुन थाल्यो । जसको फलस्वरुप वन समुदायको साझा सम्पत्तिको रूपमा आउन सकेन्, बरु त्यसको सट्टा सरकारको आँखा छली चोरी निकासी हुनथाल्यो र अत्याधिक वन फडानी यसै दशकमा भएको देखिन्छ ।

वनको राष्ट्रियकरणमा एउटा सकारात्मक कुरा के पनि हो भने अनियन्त्रित रूपमा भएको वन फडानीलाई कानुनी रूपले रोक लगाउनु हो तर सरकारले विना तयारी नै वनको स्वामित्वको प्रशासनिक तथा प्राविधिक उत्तरदायित्व लिदा स्थानीय जनताले परम्परागत

रूपमा चलाउँदै आएको वनप्रतिको अधिकार आफ्सेआफ् हट्दै जादा यसप्रति उनीहरूले नकारात्मक असर देखाउन थाले र बिस्तारै उनीहरूको वन प्रतिको उत्तरदायित्व हराउँदै गयो । जनतामा हाम्रो भन्ने भावना हराएर गयो र वन जथाभाबी गरी फडानी हुन थाल्यो, जसबाट वनको संरक्षण हुन सकेन । राष्ट्रियकरण गर्नु अगाडी वन व्यवस्थापनको लागि सामुदायिक उत्तरदायित्व हुने गर्दथ्यो, जमिनको बारेमा कुनै सर्त थिएन । उनीहरूले वन फडानी गरेर त्यसलाई निजी सम्पत्ति भनि दाबी पनि गर्न सक्ने सम्भावना देखिएकोले त्यसपछि नियन्त्रण गर्न वनलाई राष्ट्रियकरण गरिएको थियो र नेपालको वन साझा सम्पत्ति वन्न पुग्यो (Wallace, 1987) । वनको राष्ट्रियकरणको सुरुमा स्थानीय जनताहरू बिस्तारै सबै सुविधाहरूबाट वञ्चित हुनु पर्दा अर्थात वन व्यवस्थापन र वनको फाईदाबाट हुने अधिकारबाट वञ्चित हुन परेकोमा उनीहरू सरकारबाट निरुत्साहित भएका थिए । जनतालाई स्रोत व्यवस्थापनबाट टाढा राख्दा वनमा बिध्वंसात्मक गतिविधि आयो, (Shrestha, 1996) जसको परिणाम स्वरूप छिट्टै वन विनास भयो ।

त्यसपछि नेपालमा बिस्तारै सामुदीयक वनको अवधारणा विकास भयो । सामुदायिक वन भनेको ग्रामीण स्तरको वन व्यवस्थापन हो जुन सानो इकाईको हुन्छ, जस्मा कार्य र निर्णय गर्ने काम समुदायमा आधारित हुन्छ, जहाँ ग्रामीण जनताले योजना, व्यवस्थापन, स्थापना र वनको सहि वृक्षारोपण फडानी गर्ने गर्छन, त्यहाँको सामाजिक, आर्थिक तथा वातावरणीय फाईदाहरू लिने गर्दछन् । सामुदायिक वनमा स्थानीय जनताको आफ्नै किसीमको निती नियम हुन्छ, जसलाई उल्लंघन गर्न खोजेमा स्थानीय स्तरबाटै सजायको व्यवस्था हुन्छ । हाल अधिराज्यभरी १६,००० भन्दा बढी सामुदायिक वन उपभोक्ता समुहहरुको गठन गरी सामुदायिक वनको व्यवस्थापन भईरहेको छन भने प्रत्येक ४ मध्ये १ घरधुरी समुदायिक वन उपभोक्ता समुहमा सम्बद्ध भई प्रत्यक्ष लाभान्वित भएका छन् ।

सर्बसाधारणले वनसम्बन्धी आधारभूत आवश्यक्ता पूर्ति गरी वन विनासको क्रम रोक्नको लागि पहाडी जिल्लाका वन उपभोक्ता समुहलाई स्थानीय स्तरमा सँगठित गरि वन व्यवस्थापनको जिम्मेवारी र उपभोगको अधिकार दिने निति गुरु योजनाले अख्तियार गऱ्यो । उक्त निति कार्यन्वयनको लागि वन ऐन २०४९ लागू भई जिल्ला वन अधिकृतलाई वन हस्तान्तरण गर्ने अधिकार दिईयो । सामुदायिक वन प्रक्रियामा सबै सरोकारवालाहरूको भूमिका र कार्यक्षेत्र स्पष्ट गर्ने हेतुले वन नियमाबली २०५१ जारी गरियो । यसरी कानुनी संरचना तयार गरि उपभोक्ता समुहलाई समुहको बिधान अनुरूप स्वशासित तवरबाट वन कार्य योजना मुताबिक वन व्यवस्थापन गर्ने मार्ग उपलब्ध गरियो (शर्मा, २०६६) ।

तेश्रो विश्व नारी सम्मेलन १९८५ ले महिलाहरुको सक्रिय सहभागिता विना मूलुकको सामाजिक तथा आर्थिक विकास दिगो नहुने भएकोले महिलालाई विकासको मूल धारमा ल्याउने नीति तय गरियो । विकास, वातावरण र आर्थिक क्रियाकलापमा महिलाको सक्रिय सहभागिता निर्णय तहमा समेत महिलाको पहुँच हुनुपर्ने कुरामा नारीवादी आन्दोलनले जोड दिदै आएको थियो । त्यसैताका नेपालमा वन संरक्षणको लागि बीस वर्षे वन विकास गुरु योजना तयार हुदै थियो । वनको हैसियत बिग्रदैं गएपछि महिला नै सबैभन्दा बढी पीडित

हुने हुँदा विकासको कुरा गर्दा यस अघि भएका प्रयासमा जस्तै पुरुषहरूको मात्र भूमिका नभएर महिलाको भूमिकालाई पनि मान्यता दिनुपर्ने देखियो । महिलालाई विकास र वातावरणमा सहभागिता गराउनु पर्ने तेश्रो विश्व नारी सम्मेलनको सन्देस र वन विकास र गुरु योजनाको निर्माणको थालनी करीब एकै समयमा जुटेकोले वन विकासमा महिलाको भूमिकालाई यसरी आधिकारीक रूपमा स्वीकार गरको देखिन्छ (गौतम, २०६६) ।

महिला र वन यी दुई बीच परम्परागत रूपले गहिरो सम्वन्ध रहदै आएको छ । विशेष गरि काठ, दाउँरा, घाँसपात, तरुल, भ्याकुर सङ्कलन गरि नेपालका ग्रामीण महिलाहरूले आफ्नो भान्सामा व्यवहारिक तवरले प्रयोग गर्दै आईरहेका छन् । तर ति सत्यतालाई विकास सम्बन्धी कार्यक्रममा प्रायः वास्ता गरिएको छैन र कार्यक्रम वनाउँदा पुरुषलाई मात्र ध्यान दिइदा त्यस्ता प्रोजेक्ट असफल भएका छन् । सामुदायिक वन अन्तर्गत पर्ने कुनै पनि विकासका कार्यक्रम सफल पार्नका लागि महिलाको सहभागितालाई एउटा आवश्यक तत्वको रूपमा लिइनुपर्छ । भनाईको मतलब सामुदायिक वनमा उपभोक्ताको समुहको जानकारी देखि वनबाट उत्पादित वस्तुको वितरण सबै खाले गतिविधिमा उनीहरूको अधिकार हुनुपर्छ । जब हरेक तहमा महिलाहरू सक्रियताका साथ सहभागि हुन्छन्, तव मात्र हामी यो भन्न सक्छौ कि महिलाहरू सामुदायिक वनमा साच्चै सहभागि भएका छन् (Kharel, 1993) । यसरी सामुदायिक वनमा महिलाको सहभागिता हुनु आवश्यक छ भन्ने कुरालाई व्यवहारमा उतार्न थालेको केही दशकमात्र भयो । जसको परिणाम स्वरूप सामुदायिक वनको गतिमा बृद्धी र विकास हुदै गईरहेको पाईन्छ । यदि स्थानीय उपभोक्ताहरूद्धारा वनलाई सफलरूपले स्थापित गर्ने हो भने महिलाहरू सहभागि हुनैपर्छ । उनीहरू बढी मात्रामा ईन्धनको लागि दाउँरा, स्याउला, पत्कर र सोत्तरहरू सङ्कलन गर्नुका साथै चरणमाथि हस्तक्षेप गर्न पनि जिम्मेबार छन् । उनीहरू नर्सरी र रुखविरुवा लगाउन लागि आफ्नो श्रम पनि प्रदान गर्छन । अर्कोतिर पुरुषहरू चाहि साधारण तथा रुख काट्न काठको बेचबिखनमा लाग्छन र साथै वनको बारेमा प्रशासनिक निर्णय गर्छन (Inserra, 1989)।

जनताको क्रियाशिल र सक्रिय सहभागिता जुटाउन पंचायती तथा पंचायत संरक्षित वनको अवधारण अनुरूप स्थानीय पंचायतलाई वन संरक्षणको जिम्मा दिन पंचायती वन नियमाबली २०३५ जारी गरियो । तर यस प्रयासमा उपभोक्ताहरूको सहभागिता हुन सकेन । यसलाई ध्यानमा राखी बि.सं. २०४४ मा बीस वर्षे विकास गूरु योजना तयार गरि लागू गरियो । २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछि वनेको नेपाल अधिराज्यका संबिधान २०४७ ले प्राकृतिक स्रोतको व्यवस्थापनलाई राज्यको मुख्य जिम्मेवारीको रूपमा ठहर गर्‍यो । वन ऐन २०१८ अर्न्तातका नियमहरूलाई खारेज गरि वन ऐन २०४९ लागू गरियो, जसबाट वन व्यवस्थापनको प्रमुख जिम्मेवारी स्थानीय उपभोक्तालाई दिईयो । यसरी बि.सं. २०१३ देखि २०४९ साल सम्म आउँदा वन व्यवस्थापनको कार्य राज्यले सरकारी नियन्त्रणबाट झिकी खास उपभोक्ताको जिम्मामा दियो । यसरी वन व्यवस्थापनको जिम्मेवारी वन उपभोक्ता समुहमा सम्पुर्ण रूपमा निहीत हुनथाले पछि महिलालाई विकास कार्यमा लगाउनुपर्ने खाँचो महसुस गरियो (गौतम, २०६६) ।

## १.२ समस्याको कथन

नेपालको अन्य विविध प्राकृतिक स्रोतहरू मध्ये वन पनि एक महत्वपूर्ण सम्पदा मानिन्छ । वनको अत्याधिक उत्पादन र बृद्धी गर्न सकेको खण्डमा यी माथिका घटनाहरूमा कमि ल्याउन सकिन्छ, जसलाई सम्वृद्ध वनाउनको लागि सामुदायिक वन व्यवस्थापन कार्य भईरहेको छ । सामुदायिक वन व्यवस्थापनमा महिलाको भूमिका र वन व्यवस्थापनमा भएका कमि कमजोरी खोजेर त्यसको सहि समाधान पत्ता लगाउनु आजको अपरिहार्य कार्य भएको छ ।

कृषिमा निर्भर परिवारको महिलाको दैनिक दुई देखि पाँच घण्टा जंगल र खेतीपातीमा बित्ने गर्छ । भात भान्सा र वस्तुभाउको मुख्य जिम्मेवारी महिलाले नै सम्हाल्ने हुँदा घाँस, दाउरा, पत्कर, सोत्तरको लागि जंगलको भर नपरी अर्को बिकल्प छैन । यस वास्तविकतालाई ध्यान दिएर नै वन जंगलको संरक्षण र विकासमा महिलाहरूले महत्पुर्ण भूमिका खेल्ने भएकोले उपभोक्ता समितिमा सदस्य संख्याको एक तिहाई महिला हुनु पर्ने वन विकास गुरु योजना, २०४४, ले निर्देशित गरेको थियो । त्यसै अनुरूप कम्तिमा एक तिहाई महिलाहरू भएको उपभोक्ता समितिहरू बनाउने प्रयास भए (गौतम, २०६६) । यसको बाबजुद पनि सोचे जस्तो उपभोता समितिमा महिला सहभागिता भएको छैन ।

वन विकासमा महिलाको भूमिकाहरूबारे चर्चा गर्दा वनको रेखदेख, संरक्षण लगाएतका वन पैदावर, सङ्कलन र उपयोग समेतमा महिलाहरू कसरी सहभागि हुन्छन् र उनीहरूबाट कसरी उनीहरूको कुन पक्षको योगदानले वनको संरक्षणमा सहयोग पुगेको छ भनेर हरिएको छैन । जस्तै, डाले घाँसको रुखलाई मुडुल्ले पारेर काटेको देखेपछि वन विनाशको रूपमै हेरिन्थ्यो तर तर्क गर्नेहरू यतिसम्म विश्वास गर्छन कि त्यसरी काटिएको डाले घाँस वास्तवमा अर्को वर्ष अझै राम्ररी पालुवा आओस् भनेर काटिएको हो । यो प्रयासलाई नकारात्मक दृष्टीले हेरियो जब कि यो एकदमै राम्रो पक्ष थियो । तसर्थ यस्ता कतिपय वनसम्बन्धि आचरण र व्यवहारमा महिलाले प्रत्यक्ष योगदान दिएका छन् । त्यसलाई अझै राम्ररी हेर्न बाँकी नै छ (गौतम, २०६६) ।

वन विकासको लागि सधै बढ्दैगइरहेको वन विनास, वातावरणीय विनास, भू-क्षय आदिलाई रोक्न सरकार र जनताको प्रयासले मात्र पुरा हुन नसक्ने परिस्थितीमा स्थानीय महिलाहरूले सामुदायिक वन व्यवस्थापनमा सक्रिय सहभागिताको लागि जागरुक भएर लाग्नुपर्ने भएको छ । त्यसैले महिलाको सहभागिताले सामुदायिक वन व्यवस्थापनमा प्रमुख भूमिका खेल्दछन किनकी ग्रामीण महिला नै वन्य उप्पादत जस्तै, दाउरा, घाँस, पत्कर आदिको मुख्य मुख्य प्रयोगकर्ता हुन, तैपनि समाजमा महिलाहरू वन व्यवस्थापनको क्रियाकलापमा विभिन्न कारणबाट प्रभावित छन् (गौतम, २०६६) ।

कुनै पनि विकासका कार्यक्रम सफल हुनलाई महिला सभागिताको अति आवश्यक्ता पर्दछ किनकी जनसंख्याको आधा भाग ५०.०४% (CBS, 2001) ओगटेका नेपाली महिलालाई जबसम्म विकासका कार्यक्रममा सहि तवरले, समान रूपले सहभागि गराईदैन तवसम्म त्यहा सहि विकास हुने कुरा सम्भव छैन । यी तथ्यको आधारमा यो भन्न सकिन्छ कि नेपाल जस्तो गरिब मूलुकको लागि वनको सम्वृद्धी, व्यवस्थापन, संरक्षण र विनास गर्नका लागि महिला सहभागितालाई पछि हटाएर पुरुष सहभागिताले मात्रै सम्भव नहुने कुरा देखा परिसक्यो । किनकी महिला नै त्यस्ता व्यक्ति हुन् जसले आफ्नो दैनिक जीवनमा वनसँग प्रत्यक्ष र घनिष्ट सम्वनध कायम राखेका हुन्छन् । उनीहरू नै वनबाट घाँस, पत्कर, दाउरा आदी ल्याई व्यवहारिक जीवनमा त्सलाई उपभोगसमेत गर्दछ । यदि वनमा संकट आयो भने उनीहरूलाई सबैको भन्दा बढी प्रत्यक्षरूपमा असर पर्छ, जसलाई हुन नदिन वनको संरक्षणमा उनीहरू नै बढी जुट्न सक्छन् । यस्तो परिस्थितीमा विना हिचकिचाहट, समानुपातिकरूपमा सहभागि गराउनुपर्छ । यसै संवन्धमा महिला सहभागितासंबन्धी विभिन्न सवालको जवाफलाई लिएर यो अध्ययन शुरु गरिएको हो ।

यस अध्ययनको विशेषता भनेको सहभागितामूलक ढंगबाट कसरी सामुदायिक वन संचालन भईरहेको छ ? सामुदायिक वनमा महिला सहभागिता कस्तो छ ? वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने तत्वहरू के हुन ? र सामुदायिक वन शुरु भईसकेपछि महिलाको भूमिकामा के कस्तो परिवर्तन देखिएको छ ? भन्ने कुरालाई पहिलो प्राथमिकता दिनु हो ।

### १.३ अध्ययनको उद्देश्यहरू

यस अध्ययनको सामान्य उद्देश्य भनेको पशुपति सामदायिक वन व्यवस्थापनमा महिलाहरुको सहभागितात्मक भूमिका हेर्नु हो । यस अध्ययनको निम्न विशिष्ट उदेश्यहरु रहेको छनः

- क) सामुदायिक वन उपभोक्ता सदस्यहरुको सामाजिक तथा आर्थिक अवस्थाको चित्रण गर्दै वन व्यवस्थापनमा भएको महिला सहभागिताको स्थितिलाई हेर्नु ।
- ख) वन तथा वनजन्य स्रोतहरुको प्रयोग र व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने बाधक तत्वहरूको विश्लेषण गर्नु ।
- ग) सामुदायिक वन भए पश्चात महिलाहरूको भूमिकामा आएको परिवर्तनको खोजी गर्नु ।

### १.४ अध्ययनको महत्व/औचित्य

वन विकासमा महिलाको भूमिकाबारे भएका विभिन्न अध्ययनहरूको आधारमा कति वन क्षेत्रफल संरक्षण गरिएको छ र वनबाट आएको आम्दानीबाट अन्य विकास निर्माण (धारा, पाटी, पौवा, मठ, मन्दिर) मा कति सहयोग पुगेको छ भन्ने जस्ता कुरालाई हेर्ने गरिएको छ । महिलाहरूलाई सँगठीत गदै नीति कार्यकर्ताको रूपमा गर्ने हौसला बढाउन र तीनमा आत्मविश्वास बढाउन भएका यस्ता कदमहरू ज्यादै उपयोगी भएका पनि छन् । वन क्षेत्र सबैभन्दा अग्रस्थानमा रहन आवश्यक भएको र केहि दशक अघिसम्म पनि सरकारी

नियन्त्रणमा रही प्रयोग गर्नु पर्ने स्रोत अब आफै जिम्मा लिई दिगो रूपमा व्यवस्थापनसमेत गर्दै उपयोग गर्नुपर्ने भएकोले वन विकासमा भएको महिलाको योगदान र सहभागिताले अन्य पक्षलाई मार्गदर्शनको रूपमा शिक्षाप्रद हुन सक्छ (गौतम, २०६६) ।

यस अध्ययनले सामुदायिक वनमा महिलाको भूमिका के कस्तो रहेको छ भन्ने कुराको व्याख्या गर्ने कोशिष गरेको छ अर्थात महिलाबाट वनको लागि हुन सक्ने योगदानको बारेमा प्रकाश पार्न खोजिएको छ । महिलाहरू भनेको वनको प्रथम उपभोक्ता हुन । यिनीहरूलाई समावेश नगरिकन वनको संरक्षण गर्ने भन्ने कुरा काल्पनिक हुन सक्छ । त्यसैले महिलालाई सहभागि गराई वन संचालन गर्दा स्थानीय जनताले के कति फाईदा लिन सकेका छन ? भनेर थाहा पाउनु पनि यस अध्ययनको अर्को महत्वपूर्ण पक्ष हो ।

यस अध्ययनको औचित्य यो हो कि अध्ययनको नतिजाबाट सरकारी तथा गैर सरकारी संघसस्थाहरू, योजनाकार, नीति नियम वनाउने सामाजिक कार्यकर्ता, र अनुसन्धानकर्ताहरू साथै यस बिषयमा अध्ययन गर्न खोज्ने जो कोहिलाई पनि सजिलो हुन सकोस् । यस अध्ययनले महिला सहभागितासम्बन्धी भविष्यमा गरिने कुनै पनि अनुसन्धान गर्नलाई मद्दत गर्छ । यस अध्ययनबाट सामुदायिक वन व्यवस्थापनले कसरी अन्य सामाजिक र आर्थिक पक्षहरुमा असर पारेको छ भन्ने कुरा थाहा पाउन पनि मद्दत गर्छ । त्यस्तै सामुदायिक वन व्यवस्थापनभित्र महिलाको भूमिका के कस्तो छ भन्ने कुरा देखाउन मदत पुऱ्याउँछ ।

### १.५ अध्ययनको सँगठन

अध्ययनको संकलित तथ्यांकहरूको विवरणलाई सँगठितरूपले प्रस्तुत गरिएको छ । त्यसलाई जम्मा ७ अध्यायमा बर्गिकरण गरिएको छ । जस्तै पहिलो अध्यायमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, महत्वलाई प्रस्तुत गरिएको छ । त्यसैगरि साहित्य पुनरावलोकन दोस्रो अध्यायमा प्रस्तुत गरिएको छ भने अनुसन्धान योजना तेस्रो अध्यायमा प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्रको भौगोलिक पर्यावरणीय स्थितिको चौथो अध्यायमा गरिनुका साथै उत्तरदाताहरुको सामाजिक-आर्थिक अवस्थालाई समेत सोही अध्ययमा प्रस्तुत गरिएको छ । जन तथा वन्यको स्रोतहरुको उपयोग तथा व्यवस्थापनमा महिलाको सहभागितालाई प्रभाव पार्ने बाधक तत्वहरुलाई पाँचौ अध्यायमा वर्णन गरिएको छ । छैटौ अध्यायमा वन व्यवस्थापनमा महिलाको भूमिका, सामुदायिक वनमा महिला सहभागिता, र सामुदायिक वन भए पश्चात महिलाको भूमिकामा आएको परिवर्तनलाई वर्णन गरिएको छ भने अन्तिम सातौ अध्यायमा अध्ययनको समग्र स्वरुपको संक्षिप्त विवरण तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

# अध्याय – दुई
# साहित्य पुरावलोकन

नेपालको वन तथा सामुदायिक वनको बारेमा भएका अध्ययन मध्ये केही सान्दर्भिक र महत्वपूर्ण लेख, साहित्य, जर्नल, सोध पत्र, किताब आदिलाई समिक्षात्मक रूपमा समालोचना गर्ने प्रयास गरिएको छ । यिनीहरूको अध्ययनले वन सम्बन्धि क्रियाकलापमा महिलाको भूमिका तथा सहभागिताको बारेमा बुझ्नको लागि एक महत्वपूर्ण सहयोग पुऱ्याएको छ ।

## २.१ नेपालमा सामुदायिक वनको विकासक्रम

नेपाली अर्थतन्त्र कृषि र पशुपालनमा आधारित छ । यसको निरन्तरताको लागि मानिसहरू वन्य स्रोतमा राम्ररी नै निर्भर रहन्छन् । उदाहरणको लागि काठपात, ईन्धनको लागि दाउरा, गाईवस्तुको लागि घाँस र कृषिको लागि मलहरू वनबाट नै आपूर्ति गरिन्छ । यस बाहेक वनले भु-संरक्षण र वातावरणीय सन्तुलनमा एउटा पहत्वपूर्ण भुमीका खेलेको छ । पहिला-पहिला नेपालको धेरै जसो क्षेत्र वनले ढाकिएको थियो त्यतिवेला एउटा प्रसिद्ध भनाई थियो कि हरियो वन नेपालको धान (Chhetri, 1994) । तर वर्तमान अवस्थामा त्यस्तो छैन जुन ध्वस्तको संघारमा पुगेको छ ।

सन् १९६५ मा भारत र पाकिस्तानको पहिलोपटक झगडा हुँदा नेपालमा शरणार्थीहरू अत्याधिक मात्रामा भित्रिए । यसरी हिमाल र तरई भेगमा भएको जमिनमाथि कृषिको जुन दवाव छ, त्यसलाई सन्तुलनमा ल्याउन पुनर्वास कंम्पनी ऐनको व्यवस्था गरियो । त्यतिबेला तराईमा प्रत्येक परिवारलाई ३/३ बिगाह जमीन दिने नियम वनाईएको थियो र तराईमा वन फडानी गरी बस्ती बसाल्ने कार्य गरियो जुन बिऊ छर्ने काम चाहिँ त्यही पुनर्वास कंम्पनी ऐनले १९७३ मा नै गरेको हो । प्राकृतिक स्रोतहरुमा भएको जनसंख्याको चापबाट पनि यो पक्ष जवाफदेहिता रहेको छ (Gautam, 1996) । त्यसैले जनसंख्याको चाप जहाँ जहाँको स्रोतमा पऱ्यो, त्याहाँ शहरीकरण बढेको छ, जस्तै काठमाण्डौ, पोखरा, बिराटनगर र तराई क्षेत्रमा बढि परेको देखिन्छ । पूर्व-पश्चिम राजमार्ग वनेपछि बस्तीहरूको विकास भयो । त्यसको लागि थुप्रै वनहरू नासिएको कुरा सबैले स्वीकार गर्नै पर्छ ।

सन् १९५७ अघि, विशेषगरी त्यो समयमा वनलाई स्थानीय नीति र परम्परा अनुसार संरक्षण व्यवस्थापन र उपयोग गरिएको थियो । स्थानीय स्तरबाट वनलाई संरक्षण र व्यवस्थापन गर्न ती स्थानीय नीति र परम्परा धेरै नै प्रभावकारी थिए । त्यो समयमा स्थानीय जनता यो सोच्दथे कि वन उनीहरूको आफ्नै सम्पत्ती हो । वन व्यवस्थापन र संरक्षणको बारेमा उत्तरदायित्वको भावना स्थानीय जनतामा रहेको थियो, जसले गर्दा वनको अवस्था सन्तोषजनक थियो (Baskota, 1997) । K.B Shrestha (1996) का अनुसार वनलाई

१९५७ मा राष्ट्रियकरण गरियो । सन् १९५७ को वन ऐन पछि नीजि रूपमा चलाउने वन मालिकबाट वनको स्वामित्व सरकारमा गईसकेपछि उनीहरूलाई कुनै किसिमको क्षतीपूर्ति ( वनको स्वामित्व, छोड्नु परेकोमा) दिईएन । यसबाट वनको संरक्षणमा नकारात्मक प्रभाव पर्न गयो । यसरी विशेष गरी वन विनासको स्थिति १९५७ पछिको वनको संरक्षण नीतिद्वारा देखा परेको समस्याबाट आएको हो । नेपालमा १९७८ देखि "सामुदायिक वन कार्यकम" सुरु भयो । वन व्यवस्थापनको लागि यो अवधारणा नेपालको साथै एसियाली मूलुक भरीनै लोकप्रिय रहन गयो । यस अवधारणाको मुख्य विशेषता भनेको नै ग्रामीण समुदायको पुरै सामाजिक र आर्थिक विकासको लागि स्थानीय जनताहरूमा स्थानीय वनको व्यवस्थापन गर्दै समानुपातिक वितरण तथा सबै तहका निर्णय गर्न पाउने अधिकार र उत्तरदायित्व रहनु हो ।

## २.२ सामुदायिक वन र जनसहभागिता

Gilmour & Fisher (1991) ले सामुदायिक वनमा स्थानीय जनता महत्वपूर्ण हुन्छ र उनीहरूकै हातमा निर्णय, योजना, उत्तरदायित्व रहेको हुन्छ तर धेरै जसो वास्तविक जनसहभागीताको कमीको कारण चाहिएजति सफलता हासिल हुन नसकेको कुरा गर्छन् तर हाल पुरै असफल भने भएको छैन । हाल ७४ वटै जिल्लामा जनसहभागिता आवधारणा लागु भएको छ । यो कार्यान्वयन नभएको मुस्ताङमा अन्नपूर्ण संरक्षण क्षेत्र प्रोजेक्ट् ( ACAP) लाई जिम्मा दिईएको छ ।

Chhetri (1999) को विचारमा जनसहभागिता (People's Participation) ले विभिन्न अर्थ दिन्छ । यो ६ जना अन्धा मान्छेले हात्तीलाई छामेर त्यो कस्तो देखिन्छ भनेर गरेका विवाद झै हो । "जनसहभागिताको धारणा एकै किसिमको भनाईमा मात्र सिमित छैन । यो यस पेशासँग वा यस कार्यक्रमसँग सम्वन्धित हरेकले आ-आफ्नो दृष्टिकोणबाट यसलाई बुझ्ने र व्याख्या गर्ने गरेका छन् । ज्यालाका लागि आएका मान्छेलाई पनि जन-सहभागिता भनिन्छ । त्यस्तै गा.वि.स.ले बोलाएर आएका व्यक्तिलाई पनि जन सहभागिता भनिन्छ । सहि अर्थमा सामुदायिक वनमा जन-सहभागिता भनेको सामुदायिक वन कार्यक्रममा योजना वनाउने देखि लिएर निर्णय, उत्तरदायित्व लिने, श्रम शक्ति दिने र अन्तमा त्यसको फाईदा पनि समान रूपले पाउने र पैसाको लागि काम नगर्ने किसिमको प्रकृती भएको हो ।

Kayastha (1991) का अनुसार सहभागिताले मुख्यगरी योजना वनाउने परिचालन गर्ने र फाईदा लिने जस्ता सबै पक्षमा जनताको सहभागितामा जोड दिन्छ । यसले महिला सहभागितालाई पनि राम्ररी जोड दिएको छ । उनको विचारमा सहभागिता सामुदायिक वनको एउटा अति आवश्यक विशेषता सहभागिता नै वास्तवमा जनसहभागिता हो ।

नेपालमा सक्रिय सहभागिताका साथ सामुदायिक वन कार्यक्रम सफलतापूर्ण रूपले परिचालन भएको छ । उनीहरूको प्राकृतिक वन जोगाउने, वृक्षारोपण गर्ने, योजना तर्जुमा गर्ने र त्यहाँको फईदा लिने जस्ता सबै तहमा जनसहभागिता छ । उनीहरूले नर्सरी र रुख विरुवा रोप्ने कार्यमा बढो चाख देखाउँछन् । Kayastha (1991) को अध्ययन अनुसार यो

पत्ता लाग्यो की सामुदायिक वनमा निजी वृक्षारोपण एकदमै सफल अंशको रूपमा रहेको छ । यति मात्र नभै गरिब र महिलाहरूले पनि सामुदायिक वन कार्यक्रममा सहभागि हुनलाई ईच्छा राख्छन्, किनकी उनीहरू सामुदायिक वनबाट ईन्धनको लागि दाउरा, घाँसपात सङ्कलन गर्न सक्छन् र ज्यालादारी गर्नको लागि पनि उनीहरूको समय बच्दछ ।

सैद्धान्तिक रूपमा सामुदायिक वनको संरचनामा वन उपभोक्ता समूह नै वन संरक्षण र उपभोग सम्वनधी निर्णय गर्न प्रमुख निकाय हो । कार्यकारिणी समितिले समूहको निर्णयलाई कार्यान्वयन गर्दछ तर व्यवहारमा उपभोक्ता समूह भन्दा समितिको निर्णय र कार्यान्वयन दुवैमा महत्वपूर्ण भूमिका रहेको पाईन्छ । समुदायका सबै उपभोक्ता घरधुरीहरू (घरमूलीको नामबाट) वन उपभोक्ता समूहको सदस्य हुन सक्छन् । समूहले निर्णय कार्यान्वयन गर्न एक कार्य समितिको चयन गर्दछ, जसमा ९ देखि १५ जनासम्म समूहबाट छानिएका उपभोक्ता सदस्यहरु कार्यसमितिमा हुन्छन् (राई, २०६६) ।

नेपालमा समुदायिक वन नेपाल सरकारको  वन विभाग र वन उपभोक्ता समुहद्धारा प्रतिनीधित्व गरेको समुदायबीच एउटा साझेदारीको रूपमा निश्चित वनको लागि समावेश समुहहरूले वनको व्यवस्थापनको लागि उत्तरदायित्व लिनु पर्ने कुरामा स्वीकार गर्नुपर्छ र स्थालगत कर्मचारीहरूले उपभोक्ता समुहलाई सुचना प्रदान गर्ने, हौसला दिने र उनीहरूको बृहत मध्यस्तकर्ता वन्नुपर्छ (Bartlett et al, 1991) ।

सामुदायिक वनबाट उपभोक्ताहरूले आफ्ना दैनिक आवश्यकता जस्तै : घाँस, दाउरा, स्याउला, सोत्तर सहज रूपमा प्राप्त गरी त्यस्ता वन पैदावारमा आत्मनिर्भर भईप्रत्यक्ष रूपमा लाभान्वित भएका प्रशस्त उदाहरणहरू हाम्रै सामुन्ने छन् । खासगरी मध्य पहाडी क्षेत्रको जनजीवन कृषिमा नै आधारित भएको कारणले गर्दा यस क्षेत्रका वसिन्दाहरू बढिमात्रामा यस्ता सामुदायिक वनबाट लाभान्वित भएका छन् । वन र कृषि एक अर्काका परिपुरक भएको कारणले पनि सामुदायिक वन आजको टड्कारो आवश्यता भएको छ । बढ्दो जनसंख्या सिमित मात्रामा भएका कृषि योग्य जमिन र अन्य विकास निर्माण कार्यका कारणले राष्ट्रिय वनको अत्याधिक मात्रामा विनास हुँदै गरेको अवस्थामा सामुदायिक वन प्रभावकारी उपाय देखिन्छ । सामुदायिक वन स्थानीय उपभोक्ताहरूबाट नै संरक्षण, संवर्द्धन र सदुपयोग हुँदै आएको कारणले सरकारी स्तरबाट वन सुरक्षामा पर्ने जनशक्ति अन्य उपयोगी ठाउँमा लगानी भैरहेको छ भने स्थानीय जनतामा यो वन त हाम्रै हो भन्ने भावना गहिरो रूपमा विकास भई उचित किसिमले संरक्षण तथा व्यवस्थापन हुँदै आएको छ (जोशी, २०६६) ।

Gurung (1999) को एक अध्ययन अनुसार सामुदायिक वन लागू भए पश्चात सामुदायिक वन कार्यक्रमको सहभागी मूलक अवधारणाले गर्दा जनताको चेतना र सामुहिक सम्पत्तिमा आफ्नो भन्ने भावनाको बृद्धी भएको छ । उनीहरूले सामुदायिक वन मा सहभागी भएपछि वन्य उत्पादित वस्तु सजिलै प्राप्त गर्न पाए । त्यहाँ सामुदायिक वनलाई आय आर्जन र सामुदायिक विकाश क्रियाकलापको लागि प्रयोग गरिएको छ । सामुदायिक वन प्रक्रियाले

स्थानीय जनताको प्रभावकारी र कुशल सहभागिताबाट निर्णय गर्ने प्रक्रियामा परिवर्तन ल्यायो ।

नेपालमा सामुदायिक वन कार्यक्रम २० वर्षदेखि हालसम्मका विकास कार्यक्रममध्ये सवैभन्दा जनमुखी र प्रगतिशील कार्यक्रम मानिन्छ । वन स्रोतको व्यवस्थापन र प्रयोगमा स्थानीय जनताको सहभागीता, पहुँच र नियन्त्रण नै सामुदायिक वन प्रक्रियाको सफलता र लोकप्रियताको प्रमुख कारण हो । विकेन्द्रीकरणको भावना अनुरूप वन स्रोत व्यवस्थापना र उपयोग सम्वनधी अधिकार सरकारले समूहको माध्यमबाट स्थानीय जनतामा हस्तान्तरण गरे पछि स्थानीय जनतामा वन स्रोतपूर्तिको माया र उत्तरदायित्व बढेको छ र बढ्दो जनसहभागिताको प्रत्यक्ष प्रभाव वन जंगलको संरक्षण र सम्वर्द्धनमा देखिएको छ । सामुदायिक वनको भावना अनुरूप हालसम्म नेपालमा लगभग १६ हजार वन उपभोक्ता समुहहरूले वन संरक्षण र उपयोगमा आफनो अधिकारलाई प्रयोग गरिरहेका छन् (राई, २०६६) ।

सन् १९९९ मा सम्पन्न वन संम्वन्धी तेश्रो राष्ट्रिय गोष्ठीले सामुदायिक वनले नेपालको गरिबी निवारणमा खेल्न सक्ने भूमिकालाई दृष्टिगत गदै सामुदायिक वन प्रक्रियाको सफलतालाई विश्लेषण गर्दा जैविक विविधता, लैंगिक क्षमता, सामाजिक न्याय र दिगोपनको आधार विश्लेषण (जाँच) गरिनुपर्ने कुरामा जोड दिएको छ । यी पक्ष्यहरूको आधारमा वर्तमान सामुदायिक वन प्रक्रिया र यसको प्रभावलाई अध्ययन गर्दा वन स्रोत संरक्षणको साथसाथै सामुदायिक वनले समाजका अन्य क्षत्रहरू, सामुदायिक शसक्तिकरण, स्थानीय स्रोतको परिचालनबाट सामुदायिक विकाश र सहकार्य तथा सरकार र जनताबीच साझेदारीका लागी उपयुक्त वातावरण वनाउने जस्ता कार्यमा पनि महत्वपुर्ण योगदान पुऱ्याएको कुरामा दुईमत छैन (राई, २०६६) ।

## २.३ सामुदायिक वनमा महिला सहभागिता

सन् १९५७ अघि वन संरक्षण र व्यवस्थापनमा महिला सहभागिता राम्रो थियो । मानव इतिहासको शूरवात देखि नै महिलाहरूको सामाजिक, धार्मिक, परम्परागत र सांस्कृतिक रूपमा वन र वन्य उत्पादन सँग सम्वनध रहदै आएको देखिन्छ । वनको संरक्षण र व्यवस्थापन प्रति उनीहरूको सकारात्मक भूमिका रहेको पाईन्छ । विशेषरूपले महिला सहभागिता अवधारणा (WID) 'विकासमा महिला' (WAD) 'महिला र विकास' र (GAD) 'जेन्डर र विकास' सँगै बिकसित हुँदै आएको छ । WID अर्थात विकासमा महिला भन्नाले अवधारणा महिलालाई बढी भन्दा बढी उत्पादकत्व मूलक क्रियाकलापमा सहभागी गराई उनीहरूको आय आर्जन गराउन र बजार सम्म पऱ्याउन श्रम शक्तिमूलक क्रियाकलापमा आत्मानिर्भर हुने किसिमले लागु गर्नु पर्छ भन्ने सोचाईबाट विकास भएको हो । १९७० मा यो अवधारणाले प्रमुखता पाएको थियो । यसको प्रभाव नेपालको सामुदायिक वनमा पनि बिस्तारै पर्दै गएको छ ।

नारीवादी आन्दोलनको दृष्ट्रिले महिलाहरू पनि पुरुष सरह निर्णायकर्ता वननुपर्छ र आफ्नो हक हितको बारेमा आफै सँगठीत हुनु र निर्णय गर्नु पाउनु पर्छ भन्ने हो । यस अर्थमा गूरु योजनाले (वन विकास गुर योजनाले) दिएको एक तिहाई सदस्य महिला हुनुपर्ने प्राविधिक रूपमा पालना भएतापनि महिलाहरू निर्णयकर्ताका रूपमा आउन सम्भव थिएन । शुरुको यो प्रयासले घरभित्रै बसेको र खासगरि पुरुषको बीचमा आएपछि आफ्नो नाम सम्म भन्न हिचकिचाउने अवस्था रहेका महिलालाई घर बाहिर ल्याउन आफ्नो कुराहरू राख्न निकै सहयोग पुऱ्यायो । तर महिलाको सक्रियता र सहभागिताको खाचो दिन प्रतिदिन टड्कारो हुदै गयो । त्यसमा पनि वन उपभोक्ता समुह दिर्घकालीन हुने भएकोले वन उपभोक्ता समिति भित्र महिलाको उपस्थितीले विकासका अन्य पक्षमा समेत महिलालाई अघि बढाउन निकै ठूलो टेवा प्रदान गरेको तथ्यले वन विकासमा महिलाको सहभागिता अझै महत्वपूर्ण हुन गयो (गौतम, २०६६) ।

नेपाली ग्रामिण महिलाहरूको दैनिक आधा भन्दा बढी समय वन र त्यससँग सम्बन्धित कार्यमा वित्ने गर्दछ । Marit (1981) ले उल्लेख गरेका छन् की महिला र बच्चाले नै बढी मात्रामा दाउरा ,घाँस स्याउला सङ्कलन गरि ल्याउने गर्छन् । खासगरि खाद्यजन्य उत्पादनहरू जस्तो फलफुल, विउ, ल्वाग, दालचिनी, तेजपात आदि आफ्नो उपभोगको लागि र बजारमा बेच्नको लागि मुख्य रूपमा महिलाहरू नै सफल कार्यकर्ता हुन् । यसरी हेर्दा महिलाले घर परिवार भित्रको काम जस्तै वनसँग सम्बन्धित प्राय सबै नै काम जिम्मा लिएका हुन्छन् । त्यसैले महिला र वन एक आपसमा अन्तर सम्बन्धित देखिन्छ ।

विकासोन्मुख देशहरूका वन्य क्षेत्रमा महिलाहरू मुख्य नायक हुन् । महिलाहरू ईन्धन र घाँस, स्याउला आदि घरेलु उपभोगको लागि र बजारमा लगि बिक्री गर्ने पहिलो सङ्कलनकर्ताको रूपमा राम्ररी नै चिनिन्छन् । यी ह्रास हुदै गईरहेको स्रोतको सही व्यवस्थापन संरक्षणमा महिला एक्लैको मुख्य भूमिका रहेको छ (Molnar, 1998) ।

Kharel (1993) का अनुसार महिलाहरू वनको प्रयोगकर्ता र व्यवस्थपकको लागि एक महत्वपुर्ण समुह हुन । उनीहरू ईन्धनको लागि दाउरा वटुल्ने, वस्तुभाउलाई ओछ्याउनको लागि सोत्तर, पत्कर सोहोर्ने, घाँस काट्ने काममा पुरुष भन्दा वढीमात्रामा संलग्न छन्, उनीहरू, परिवारको सदस्यहरूलाई खाना पकाउने, खुवाउने र साथै घरेलु पशुहरूलाई आहार दिई स्याहार गर्ने गर्दछन् । यसरी वन्य सम्पदाको व्यवस्थापन, प्रयोगनका साथै निर्णय प्रक्रियामा यिनीहरूको महत्वपुर्ण भूमिका छ । घरेलु आवश्यकता पुरा गर्न उनीहरूले यी निर्णयहरू लिन आवश्यक छ ।

महिलाहरूले घरेलु र गुजारा प्रकारको खेती प्रणालीलाई आवश्यक पर्ने घाँस, दाउरा, पत्कर, आदि बटुल्ने गरेतापनि वन क्षेत्रमा उनीहरूको सहभागिता सिमित छैन । वन स्रोतमा उनीहरूको परम्परागत विश्वासको कारण रुखहरू र अरु वन्य वोट विरुवाहरूको प्रयोग र व्यवस्थापन गर्ने काममा महिलाहरू ज्ञानको प्रमुख भण्डार नै हुन । महिलाहरू पनि वन

उद्योग, नर्सरि, रुख, रोप्ने, रुख काँटछाँट गर्ने, काठ काट्ने जस्ता काममा श्रम शक्तिको एउटा ठुलो हिस्सा भएर लाग्ने गर्दछन् (Molnar and Schreiber, 1998)।

गौतम (२०६६) का अनुसार प्राकृतिक स्रोत र महिलाको हैसियतका बीचमा घनिष्ट संम्बध रहेको हुन्छ। जव  जव प्राकृतिक स्रोतको गुणात्मक स्वरूपमा ह्रास आउदै जान्छ, त्यसवेला महिलाको जीवन पनि कष्टकर हुदैजान्छ । प्राकृतिक स्रोतको व्यवस्थापन व्यक्तिगत र सामुहिक दुबै स्तरमा गरिएको हुन्छ ।वन जंगलको व्यवस्थापन सामुहिक रूपमा प्रभावकारी भएको सामुदायिक वनको सफलताले देखाईसकेको छ । यसमा पनि महिलाहरूले गरेको व्यवस्थापन राम्रो हुने पाईएको छ  यसरि यी कुराहरूवाट सामुदायिक वन व्यवस्थापनमा महिला सहभागिता सफल भएको स्पष्ट देखिन्छ।

कानुनले महिलासँग सम्बन्धित सबैजसो कार्यक्रमलाई प्राथमिकता दिईने, समाजमा महिलाको स्थितीमा सुधार ल्याउने जस्तो की नारीको लागि शिक्षा रोजगारीका अवसरहरूले जनसंख्या बृद्धि नियन्त्रण गर्नमा मद्दत गर्ने देखिन्छ । परम्परादेखि नै महिलाहरू वन्य उत्पादनको मुख्य सङ्कलनकर्ता र उपभोक्ता भएको हुनाले वन्य क्षेत्रले महिलासँग र परिवार नियोजनसँग सम्बन्धित कार्यक्रममा सहयोग गरी महिलाको भूमिका र वनलाई बृहद् जोड दिन सक्छ (Master Plan of Community Forestry, 1998)।

एसियामा ग्रामिण महिलाहरूले पानी, स्याउला, घाँस ईन्धनको लागि दाउरा सङ्कलन गर्नमा महत्वपुर्ण भूमिका खेलेका छन्, जुन  घरेलु उपयोगका लागिमात्र नभै पारिवारिक आय आर्जन गर्न र व्यवसायिक उद्देश्यको लागि पनि प्रयोग हुन्छन्। प्रायःगरि महिलाहरू वन्य उत्पादनलाई पुरुषले भन्दा भिन्दै किसिमले प्रयोग गर्छन । त्यसकारण तिनीहरूको प्राथमिकता एक आपसमा बाभ्न सक्छ । महिला र पुरुषबीच वन्य स्रोतमाथिको प्राथमिकतामा आएको भिन्नताको कारणवाट सामाजिक वन प्रोजेक्टमा समताको लागि मात्र नभई, इन्धनको सङ्कलन, प्रयोग र वितरण गर्न ईन्धनको स्रोतको व्यवस्थापनमा र आय आर्जन क्रियाकलापमा आफ्नो भूमिकाको लागि महिलाहरू विशेष रूपले सहभागि हुन आवश्यक छ भन्ने कुरा सिद्ध हुन्छ (Borg, 1989)।

साधारणतया यो थाहा भएको कुरा हो कि महिलाहरूले उनीहरूको श्रमको हिसाबले सामुदायिक वनको संरक्षण र संवर्द्धन गर्नमा महत्वपुर्ण भूमिका खेलेका छन्। रुख काटेर ढाल्ने काम बाहेकका सामुदायिक वनमा व्यवस्थापकिय गतिविधिहरू महिलाद्वारा संचालित हुन्छन् तर निणर्य गर्ने प्रक्रियाबाट उनीहरूलाई बाहिर निकालिन्छ। त्यसको अर्थ यो हो कि, सामुदायिक वनको कार्य योजनामा महिलाहरूको आवश्यक्ता र चाहानाहरूलाई प्रथामिकतामा राखिदैन (Uppadhyay, Paudyal and Singh, 2002 )।

राई (२०६६) का अनुसार, लैगिंक समताको दृष्टिकोणले विश्लेषण गर्ने हो भने सामुदायिक वनको अहिलेको सफलताले महत्वपुर्ण प्रश्नहरू पनि खडा गरेको भेटिन्छ। २०४९ मा लागु भएको विद्यमान वन ऐनले ग्रामिण महिलाहरूलाई वन स्रोतको पहिलो उपभोक्ता भनेर पहिचान गरि समुदायिक वन संरक्षण, व्यवस्थापन र उपयोगमा उनीहरूको प्रभावकारी

सहभागिता अपरिहार्य ठहर गरेको छ तर सरकारी र गैरसरकारी क्षेत्रबाट सामुदायिक सशक्तिकरण र कानुनी चेतनामा उचित सहयोग पुगेका सामुदायिक वनहरू बाहेक, प्रायजसो सामुदायिक वन उपभोक्ता समूह र समितिहरूमा महिलाको प्रतिनीधित्व ज्यादै नै न्यून छ । प्रतिनिधित्व गरिरहेका महिला उपभोक्ताहरू पनि प्रभावकारी रूपले सामुदायिक वन व्यवस्थापन प्रक्रियामा सामाजिक तथा साँस्कृतिक कारणले पर्याप्त सहभागी हुन सकेका छैनन् । कानूनले सामुदायिक वनमा महिला सहभागिताको स्पष्ट व्याख्या गरे तापनि व्यवहारिक तहमा महिलाहरूको सक्रिय सहभागिता किन हुन सकिरहेको छैन भन्ने प्रश्न नेपालको सामुदायिक वन विकासमा लाग्ने सबैको लागि साझा प्रश्न वनेको छ ।

अधिकांश, नेपाली ग्रमीण समुदाय कृषिमा आश्रित छन् । जंगल, पशुपालन र खेतीको त्रिकोणिय सम्वन्धमा विकसित हाम्रो ग्रामीण समुदायको जनजीवन जंगल, परम्परागत पशुपालन र सोही पशुबाट प्राप्त मलबाट खेती गर्ने सरल स्पष्ट सम्वनधमा अडेको छ । बाल्नको लागि दाउरा पनि जंगलबाटै प्राप्त हुन्छ । जंगल, खेती र किसान बीचको यो सम्वनध कायम गराउनमा महिलाहरूको प्रत्यक्ष संलग्नता रहन्छ । ग्रामीण जनजीवनमा महिलाको प्रमुख काम नै घाँस, दाउरा सङ्कलन गर्नुमा सिमित रहेको हुन्छ । वन संरक्षण कार्यमा जनसहभागिता वा सामुदायिक संलग्नताको चर्चा गर्दा खासगरी महिलाको भूमिकाको बारेमा चर्चा गरिएता पनि महिलाहरूको सहभागिता प्राप्तीका लागि अझै बढी उत्प्रेरणा गर्नुपर्ने देखिन्छ (गौतम, २०५९) ।

G. Chhetri and S. Rana (1995) का भनाईमा वन व्यवस्थापनमा महिला सहभागितालाई गाउँलेहरूले-"चोरलाई साँचो दिने" भनी वयान गरेका थिए । यसको अर्थ हुन्छ, वन व्यवस्थापनमा महिलाहरूलाई निर्णय लिने अधिकार, शक्ति र उत्तरदायित्व दिईएको छ, जसको परिणाम स्वरूप महिलाले प्रभावकारी रूपले वनको व्यवस्थापन गरिरहेछन्, जसलाई पुरुष तथा ठूलाबडाले उत्प्रेरीत र बलियो समर्थन गरेका छन् । जहाँ न पैसा खर्च गरि पाले नै राख्नु परयो न त वनलाई चोरबाट पहरा नै दिनु पर्‍यो । यसबाट यो भन्न सकिन्छ कि महिलाहरू नै वनको प्रत्यक्ष उपभोक्ता भएकाले यिनीहरूलाई नै वन व्यवस्थापनमा संलग्न गराउँदा उचित संवर्द्धन, संरक्षण आदि हुन्छ किनकी वनको वृद्धिमा उनीहरूको घरेलु धन्दा सहज र छिटो हुने हुदा पुरुषभन्दा महिला नै वनको संरक्षणमा भित्री हृदयबाट सहभागी हुन सक्छन् । त्यसैगरी A. Molnar and G. Schreiber (1998) का भनाई अनुसार महिलालाई वनसंम्वन्धी क्रियाकलापमा प्रत्यक्ष रूपमा सहभागी गराउन सजिलो छैन । केहि बैंकद्धारा ऋण पाउने प्रोजेक्टले विशेष प्रकारको उद्देश्य बोकी महिला सहभागीतालाई समावेश गराएका छन् । यसबाट केहि सफलता हासिल भएको छ तैपनि सहभागिताको रूपमा महिलाहरू सक्रिय रूपले सहभागी हुने हो भने प्रोजेक्ट् कार्यक्रमबाट पुरुषसँगै समान रूपमा महिलाले पनि फाईदा लिन सक्ने थिए ।

G. Chhetri and S. Rana (1995) को एक अध्ययनले यो देखायो की यदि समुदायको पुरुष सदस्यहरूबाट राम्रो समर्थन र हौसला महिलाहरूले पाउने हो भने उनीहरू कुनै पनि स्थानीय विकास सम्वन्धी प्रयासहरूमा भाग लिने थिए । उदाहरणको लागि ठूलोसिरुवारी गा.वि.स. को एउटा बाहुन, क्षेत्रीको गाउँमा महिलाहरू पढ्न, लेख्न सिक्नलाई र उनीहरूको

सामाजिक स्तर माथि उठाउनलाई ईच्छुक देखिन्छन् तर तिनीहरूको यस चाहनालाई पुरुषहरूले मन पराउँदैनन् । महिलाहरू साक्षर कक्षामा भेला हुँदा, सामूहिक छलफल कार्यक्रममा सहभागी हुँदा र उहाँहरूले अन्तर्वाता लिने वेलामा पुरुषहरूले गिज्यएको पाईयो तर त्यसको विपरित तामाङ् समुदायमा (ठूलोसिरुवारीमा नै पनि) पुरुषहरूले महिलालाई पढ्न र लेख्न सिक्ने कुरामा समर्थन गरेको पाईयो । अझै काली देवीस्थान वनको स्थानीय वन उपभोक्ता समूहले पुरै महिला सदस्यबाट वनको उपभोक्ता समूहको समेत गठन गऱ्यो । यस वनका उपभोक्ताहरूले समुदायबाट सम्मानित विवाहित महिलाहरू जो वनको नजिकै बस्छन्, जो काम गर्न ईच्छुक छन्, त्यस्तालाई वन उपभोक्ता समितिमा राख्न रुचाए । सबै पुरुष वन उपभोक्ता समूह सदस्यहरूबाट वनेको सल्लाहकार समितिले महिला उपभोक्ता समूह समितिको सदस्यलाई उनीहरूको वन व्यवस्थापनको काममा समर्थन प्रदान गरेको छ । त्यस तामाङ्ग गाउँमा ठूलाबडाहरूको विज्ञप्ती यस्तो थियो की वन व्यवस्थापन क्रियाकलापमा महिला सहभागी हुनलाई यी कुराले आवश्यक थियोः

- महिलाहरू वन पैदावरको प्राथमिक सङ्कलनकर्ता भएकोले वन व्यवस्थापन र संरक्षणको महत्व बुझ्न चाहन्छन् ।
- वन पैदावर सङ्कलन गर्नबाट महिलालाई रोक्न पुरुषहरूको लागि कठिन हुन्सक्थ्यो, त्यहाँ महिलाले आफैले त्यसलाई एक आपसमा सजिलै नियन्त्रण गर्न सके ।

सामुदायिक वन व्यवस्थापन राम्रोसँग गर्ने समूहलाई प्रोत्साहित गर्न स्थापित स्वर्गीय गणेशमान सिंह वन संरक्षण पुरस्कार २०५४ सप्तरी जिल्लाको मालती महिला सामुदायिक वन उपभोक्ता समूहले २०५६ मा प्रथम पुरस्कार प्राप्त गरेबाट यो स्पष्ट हुन्छ कि महिलाहरू पनि वन व्यवस्थापनमा प्रभावकारी हुन सक्छन् र अवसर मिलेमा पुरुषसहर योगदान गर्न सक्दछन (गौतम, २०६६) । त्यसैगरी राई (२०६६) को भनाई अनुसार समूह वा कार्य समितिले गर्ने निर्णयमा महिलाको उपस्थिति र सहभागिता हुनु नितान्त जरुरी छ किनकी वनको पहिलो उपभोक्ता उनीहरू नै हुन् तर पनि व्यवहारमा थोरै महिलामात्र उपस्थित हुने, उपस्थित भए पनि बोल्न नसक्ने, बोलिहाले पनि पुरुषले वास्ता नगर्ने परिपाटीले गर्दा सामुदायिक वनमा महिलाहरूको सहभागिता निकै कमजोर छ ।

वन व्यवस्थापनमा महिलाहरूको सहभागिता, उनीहरूको अन्य सामाजिक दायित्वको कारण सिमित छ । कार्यकारिणी समितिमा महिला सदस्यको २०% मात्र सहभागी भएको पाईयो । महिलाहरू अत्यधिक रूपमा घरेलु काम र घरेलु स्तरका वन सम्वन्धी क्रियाकलापमा व्यस्त रहेको कुरा सामूहिक अन्तरवार्ता तथा छलफलमा प्रष्ट देखियो कारण न्यून सहभागिताले ( Grurung, 1999) ।

सामुदायिक वन व्यवस्थापनमा बाहुन/क्षेत्री समूहको तुलनामा तामाङ्ग समूहमा महिला सहभागिता झन् राम्रो छ । तामाङ्ग महिलाहरूलाई साक्षरता कक्षा जस्ता जीववस्तर माथि उठाउने क्रियाकलापमा सहभागी हुनलाई प्रोत्साहन गरिन्छ भने, जहाँ बाहुन/क्षेत्री महिलाहरूले यी कार्य गर्दछन् त्यहाँ उनीहरू सबैको लागि कुरा काट्ने बिषय नै वनछन् । सामान्यतया यी महिलाहरूमा पढाईको कारण नै आत्माविश्वासमा कमी आएको हुन सक्छ

तर तामाङ्ग महिलाहरूमा आत्मा विश्वासको जरुरत छैन, बरु व्यवस्थापन गर्ने क्षमतामा कमी छ । उनीहरू सामुदायिक वनबाट सधै सचेत नभएपनि त्यहाँ श्रमदानको माध्यमबाट सामुदायिक वनमा महिला सहभागीता धेरै राम्रो छ तर गरिब महिला जो पदनमा ज्याला गर्न जानुपर्ने हुँदा वन क्रियाकलापमा सहभागी हुनलाई समय दिन सक्दैन (Chhetri & Rana, 1995) ।

G. Chhetri & S. Rana (1995) का अनुसार सामुदायिक वनले महिलाको लागि वृक्षारोपणको अवधिमा अनियमित काम थपेको छ । महिला र बच्चाहरूबाट प्राय गरी वेर्ना ओसार्ने, व्याड वनाउने, वृक्षारोपण गर्ने, गोडमेल गर्ने र वनको रक्षा गर्ने क्रियाकलापमा श्रमदानको आशा गरिन्छ । उनीहरूको एक अधययनले यो देखायो कि, सामुदायिक वनमा महिला सहभागिता बढीमात्रामा श्रमदानको हिसावमा भएको छ । उनीहरूलाई प्रायः निर्णय गर्ने काममा सहभागी गराईदैन । धरेरैजसो महिलाहरूको गुनासो छ, कि, उनीहरू साधारणतया निर्णय गरिने ठाउँमा बैठकमा भाग लिन र भेला हुनलाई बोलाईदैनन् । बाहुन क्षेत्री महिलाहरू विशेष गरी आफू औपचारीक बैठकमा हाजिर हुने कुरामा आशा राख्दैनन् । बैठक गर्नलाई, भेला हुनलाई प्रायः घरमूलीलाई लक्ष्य गरेर बोलाइन्छ र ती घरमूली सामान्यतया लोग्ने मानिस नै हुन्छन् । यसरी सामुदायिक वनमा निर्णय लिने काममा महिलाको सहभागिता निकै कम छ, भने वृक्षारोपण गर्ने, मल हाल्ने, पानी हाल्ने, गोडमेल गर्ने काममा उनीहरूको सहभागिता बढी देखिन्छ ।

## २.४ सामुदायिक वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने तत्वहरू

आजसम्म भईसकेको अध्ययनले सामुदायिक वनमा महिला सहभागीताको गतिविधिमा धेरै नै समस्या भएको देखाउँदछ । यहाँको परम्परा, संस्कृति, रितिरिवाज मूलय, मान्यताले यस सम्वन्धी कार्यक्रममा महिला सहभागितालाई बाधा पुऱ्याएको छ । Siddiqi Najma (1989) ले एउटा रिपोर्टमा यो देखाएका छन की पुरुष प्रधान समाज जहाँ पुरुषले आफ्नो शक्ति र अधिकार बाँढ्न चाँहँदैन र महिलाहरू स्थलगत कार्यकर्ता (Field Staff) भैं काम गर्न पनि पर्याप्त छैनन् साथै उनीहरू जुन बाटोमा जानुपर्ने हो त्यो संभावनाबाट धेरै टाढा छ ।

त्यसैगरी Siddiqi Najma (1989) को एक अध्ययनले यो देखाएको छ कि नेपालको परम्परागत, सांस्कृतिक दृष्टिकोणमा महिलालाई वन सम्वनधी क्रियाकलापमा सहभागी हुन अनुमती छैन । वन एउटा यस्तो सार्वजनिक क्रियाकलाप गर्ने क्षेत्र को, जसमा पुरुषहरू नै सहभागी हुन्छन् । यसरी नेपाली समाजमा महिलाहरूले घरदेखि वाहिरको व्यक्तसँग घुलमिल हुन, कुरा गर्न हुंदैन, यदि यस्तो गरेमा उनीहरूको चरित्रमाथि नै औंला उठाईन्छ । महिलाहरू कहाँ जाने, के गर्ने, के नगर्ने सवै परिवारको पुरुष सदस्यको हातमा हुन्छ । यस्ता कारणहरूले सामुदायिक वन व्यवस्थापनमा महिला सहभागि हुनलाई ठूलो असर पारिरहेको छ ।

A. Molnar and G. Schreiber (1998) को भनाई अनुसार नेपालमा महिलाहरू परम्परागत रूपले नै घर वरिपरी रुख रोप्ने, पानी हाल्ने, त्यसलाई पशुहरूबाट जोगाउने जस्ता कामहरू गर्छन । गाउँमा कार्यक्रम लिएर जाने व्यक्तिले घर वरीपरी रुख रोप्न कार्यमा महिलालाई लक्ष्य नगरी पुरुषलाई लिने गर्छन् र धेरै रुखहरू मर्छन किनकी महिलालाई रुख रोप्न सिकाईदैन र उनीहरूलाई त्यो जानकारी छैन ।

गौतम (२०६६) को भनाईमा महिला सहभागिता बृद्धि गराउने सम्वनधमा सरकारी तथा गैर सरकारी तहमा भएका प्रयासका अतिरिक्त हाम्रो सामाजिक, आर्थिक र राजनैतिक पक्षसँग सम्बन्धित विषयहरूले महिलाको सहभागिता अभिबृद्धिमा वाधा पुऱ्याएको देखिन्छ । उनको विचारमा महिलाले हालसम्म खेलेको भूमिकालाई हेर्दा पनि महिला सहभागिताको संस्थागत विकाश भएको भन्न सक्ने अवस्था भने छैन किनकि यी प्रयासहरू पितृसतात्मक समाजकै आडमा र कतिपय अवस्थामा त सहयोगमा अगाडी बढेका  छन् । ती सहयोगहरू दिगो रूपमा नै अघि बढ्छन् भनेर ठोकुवा गर्न अझै सकिदैन । यसको साथै बजार र नागरिक समाज जस्ता अंगहरूले पुऱ्याउनुपर्ने सहयोग समेत स्पष्ट नभएकोले वन विकाशमा महिलाको भुमिकाको संस्थागत विकासमा गति लिन अझ समय लाग्ने देखिन्छ ।

वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने तत्वहरू मध्ये लैङ्गिक श्रम विभाजन पनि एक हो । लैंगिक श्रम विभाजन एउटा यस्तो तत्व हो जहाँ आर्थिक उर्पाजन उपलब्ध गराउन बाहिरी क्रियाकलपमा सहभागि हुने कुरामा पुरुषहरूबाट आशा  गरिन्छ । यस्ता लैगिंक मान्यताको परिणामले महिलालाई विकास सम्बन्धि बाह्रय क्रियाकलापमा सहभागि हुन निरुत्साहित वनाउँछ । त्यसैगरि राई (२०६६) को भनाई अनुसार महिला पुरुषबीच असमान कार्य विभाजनले गर्दा आधिकारिक सदस्यता पाएका थोरै महिलाहरू पनि समुहको बैठक ,भेलामा उपस्थित हुन नसक्ने र भईहाले पनि निर्णय प्रक्रियामा प्रभाव पार्न नसक्ने अवस्था रहेको छ ।

W. Merit (1981) को अनुसार वन व्यवस्थापन क्रियाकलापमा महिला सहभागितालाई प्रभाव पार्ने अर्को तत्वः महिलामा प्राविधिक ज्ञानको कमी हुनु हो । वन विभागका सबैजसो स्थलगत कार्यकर्ता, र कर्मचारीहरू पुरुष नै छन र महिलाको आत्मविश्वासको कमीको कारण र केही समुदाय र समाजमा महिलाहरू परपुरुषबाट टाढा रहनुपर्छ भन्ने सोचाई रहेकोले महिलाहरूले कहित्यै पनि उनीहरूको आफ्नो भनाई पुरुष समक्ष प्रस्तुत गर्न सक्दैनन् । त्यसैगरी १९९६ को एक अध्ययनले यो देखाएको छ की परियोजनाहरुमा महिला कर्मचारीलाई समावेश गर्न विभिन्न प्रयासहरू भएका छन् । जस्तै नेपाल अष्ट्रेलिया वन परियोजना (NAFP) ले महिला मध्यस्तकर्ताको रुपमा महिलालाई नै लिएको थियो । Nepal U.K. Community Forestry Project (UNKCFP) ले धेरै महिला कर्मचारीहरू मार्फत् काम गर्ने गरेको छ तर पनि पुरुषहरुको बाहुल्यताको कारण वनमा महिलाको अंश न्यून छ । वन विभागको रोजगारीको वनोटले यो देखाउँछ की अधिकृत तहमा १६१ पुरुष र ३५ महिला छिन् भने रेन्जर तहमा ११८५ पुरुष र १६७ महिला मात्र छिन (अनुमानित तथ्यांक) ।

यसरी हेर्दा वन विभागमा महिला कर्मचारीको कमी हुनु पनि वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने तत्व मान्न सकिन्छ (Selley, 1996) ।

वन व्यवस्थापनमा महिला सहभागितालाई वाधा पार्ने तत्वहरूमा महिलाहरूमा घरेलु कामको बोझलाई महत्वपूर्ण कारण मानिन्छ । महिलाको कामको बोझ नै उनीहरूको वनप्रति पूर्ण सहभागितालाई वाधा पुऱ्याउने एउटा महत्वपूर्ण तत्व हो । (Chhetri & Rana, 1995, Palit, 1996, Selley, 1996) ।

Palit (1996) का अनुसार ग्रामिण महिलाले धेरै समय वन पैदावार सङ्कलन गर्न र घरेलु काममा खर्च गर्छन, समुदायलाई दिने समय उनीहरूसँग थोरैमात्र बांकि रहन्छ । त्यसैगरि G. Chhetri & S. Rana (1995) का अनुसार महिलाले लगातार रूपमा गोष्ठी ,सभा जस्ता ठाउँमा उपस्थित हुनका लागि थोरै समयमात्र पाउँछन् । कुनै कारणले उनीहरूको श्रीमान विदेश गएको अवस्थामा महिलाको कामको बोझ अझै बढ्न पुग्छ । उनीहरूले कृषिको काम र अन्य बाह्य कामको समेत थप बोझ उठाउनु पर्दछ ।

वन व्यवस्थापन क्रियाकलापमा महिलाको सहभागिता सन्तोषजनक छैन । महिला र पुरुष दुबैलाई गाउँको सभामा बोलाउँदा महिला सहभागिता ज्यादै कम हुन्छ । उपभोक्ता समुहको छलफलको अतिरिक्त उनीहरूलाई साधारण सहभामा बोलाउंदा पनि सबै आउंदैनन् ( Kharel, 1993) । महिलाहरू बढी मात्रामा उनीहरूको घर र खेतबारीमा आफ्नो अमूल्य समय काममा लगाई व्यस्त रहन्छन् । यदि सभासमारोह भएमा परम्परागत रूपले पुरुष सदस्य नै त्यस परिवारको प्रतिनीधित्व गर्छ । जन सभामा महिलाहरू यो अनुभव गर्छन की उनीहरू पुरुषको अधिनमा बसेर सहभागी भईरहेछन् (Marit, 1981) । त्यसैले महिलाहरूले कामलाई सुचारु रूपले चलाउँदै छलफलमा वा सभामा सहभागी हुन असमर्थ छन् ।

G. Chhetri & S. Rana (1995) एक अध्ययनले यो देखाएको छ कि, ग्रामिण महिलामा प्रायः सामुदायिक वन व्यवस्थापन क्रियाकलापमा सहभागी वननलाई आत्मविश्वासको कमी छ । धेरैजसो महिलाहरूले यो विश्वास गरे की यदि उनीहरू लेख्न र पढ्न सक्षम भएमा वन व्यवस्थापनमा राम्रो सहभागी हुन सक्थे, सबै कुराको संक्षिप्त विवरण टिपेर राख्न सक्थे वा आत्मा निर्भर भएर छलफललाई अगाडी  बढाउँथे । धेरै महिलाले यो विश्वास गरे की राम्रो सहभागिता हुनलाई व्यवस्थापन गर्ने र सार्वजनिक ठाउँमा बोल्ने क्षमताको आवश्यकता पर्छ । जस्तैः काली देविस्थान सामुदायिक वन समूहकी अध्यक्ष भन्छिन्, “किन भने महत्वपूर्ण निर्णय, नियम, नीतिहरू हाम्रो दिमागमा थुप्रियो तर कापीमा टिपीएन र हामीहरूले केहि समय पछि त्यसलाई सजिलै विर्स्यौं । यदि हामी शिक्षीत भएको भए हामी आफै नै ढुक्क भएर त्यस विषयमा छलफल गर्न सक्थ्यौं ।”

Dahal (1994) को अनुसार नेपाली संस्कृतीले महिलालाई वनको क्रियाकलापमा भाग लिन अनुमती दिदैन । वन भनेको सावर्जनीक क्रियाकलापको एक यस्तो क्षेत्र हो जसमा पुरुषहरू सहभागी हुन्छन तर महिलाहरू घर भित्रको चार दिवारलाई आफ्नो ठान्दछन् । Chhetri and Pandey (1992) को (वैतडी र आछाम जिल्ला) एक अध्ययनले यो देखाउछ की निर्णय गर्न

कार्यमा महिलाको भूमिका छैन । उनीहरू पुरूषहरू द्धारा वनाईएको निर्णयलाई पछ्याउदै जान्छन् । Upadhya, Paudyal & Singh (2002) ले गरेका एक अध्ययनमा यस्तो पाईयो कि, सामुदायिक वनको संस्थागत पक्षको बारेमा महिलाहरूलाई जानकारी उपलब्ध भएन र उनीहरूमा सामुदायीक वनको व्यवस्थापनमा सहभागी हुनलाई आवश्यक ज्ञान र क्षमताको कमीहुन गयो । अझै भन्ने हो भने, सामाजिक आर्थिक अवरोधले उनीहरूलाई स्रोत प्राप्त गर्न वंचित गऱ्यो र उनीहरूको गतिविधिमा नियन्त्रण गऱ्यो ।

सामुदायिक वन व्यवस्थापनामा महिला, गरिब र अशक्त समुहहरू समाविष्ट गरिएका छन् । कार्यकारिणी समितिमा महिलालाई सहभागी गराईएको छ । धेरै जसो महिलाहरू रुख रोप्ने, गोडमेल गर्न, काँटछाँट गर्न, घाँस, दाउरा बटुल्ने, गाई चराउने काममा सहभागी भईरहेका छन । सामुदायिक वनको लागि महिलाको पूर्ण संलग्नतामा थुप्रै वाधाहरू निरीक्षण गरियो । त्यस निरिक्षणबाट महिला सहभागिताको लागि वाधा पुऱ्याउने र उत्साहित गर्ने मुख्य तत्वहरूमा सामाजिक, आथिक र राजनैतिक तत्वहरू नै भएको पाइयो (Gurung, 1999) । समाजमा महिलाहरूको छुट्टै पहिचान नहनु शिक्षा र चेतनाको कमी, घरको कामले गर्दा फुर्सद नहनु सामुदायिक वन व्यवस्थापनमा महिलाको सक्रिय सहभागितामा बाधक तत्वहरू देखिएका छन् (राई, २०६६) ।

Regmi (1992) ले गरेको एक अध्ययनमा निम्न कुराहरू पाइन्छन् महिला सहभागितालाई सहयोग गर्ने प्रभावकारी तत्वहरू समीतीको कार्यमा फाईदा वाँडफाँडमा स्पप्ट विचार पारिवारिक समर्थन काम गरिने समितिको सानो आकार, मिलेर रहेको दलहरूको क्षेत्र व्यक्तिगत चरीत्र जस्तो बैवाहिक स्थिति र उमेर स्थानीय जनताको समर्थन र जिल्ला वन समिति (DFC) को समर्थन आदि हुन् । सहभागीतालाई नकरात्मक प्रभाव पार्ने तत्वहरू : परम्परागत लैगिक मान्यता, स्थानीय राजनितीको विरोधी पक्षको प्रकृति र समितीको स्वतन्त्रता र अधिकारलाई व्यवस्थापन गर्न स्पप्ट खाले योजनाको कमी हुन् ।

महिलाको सहभागीता बृद्धि गर्नमा वन उपभोक्ता समूह समितिको भूमिका महत्वपूर्ण हुन्छ । जस्तैः उदारहणको लागि गौखुरेश्वर सामुदायीक वन (धुलीखेल नगरपालिका, काभ्रे) को वन उपभोक्ता समितिले महिलालाई सामुदायिक वन क्रियाकलापमा सहभागी हुनलाई प्रोत्साहन गर्न उनीहरूलाई वन संरक्षण, सम्बर्द्धन क्रियाकलापमा राम्रो भूमिका निर्वाह गरेको उपलक्ष्यमा रकम उपहार प्रदान गऱ्यो । त्यसैगरी उनीहरूले वृक्षारोपण गर्ने, गोडमेल गर्ने आदि क्रियाकलापको दौरानमा श्रमदान गर्नेहरूको लागि निःशुल्क नास्ताको प्रवनध पनि गरे (Chhetri & Rana, 1995) ।

Gurung (2005) को अनुसार वन व्यवस्थापनमा कार्यमा महिला सहभागितालाई प्रभाव पार्ने कुरामा विभिन्न संघसस्था वा निकायहरुले उपभोक्ता समूहहरुलाई बेलाबेलामा उपलब्ध गराउने तालिम तथा भ्रमणलाई पनि एक महत्वपूर्ण साधनको रुपमा मानेको छ । तालिमको सहायताले महिलाहरुको क्षमता विकास भई वन समितिको बैठक, सभा तथा भेलाहरुमा आफ्नो कुरा राख्न सक्छन् तर विडम्बना तालिमको सहभागितालाई लिएर उपभोक्ताहरुमा

विवाद हुने गर्दछ जसले गर्दा महिलाहरुको सहभागिता र क्षमता विकासको सवालहरु त्यहीबाट कमजोर बन्दै जाने गरेको पाईन्छ । अन्ततः उनीहरु वन व्यवस्थापन कार्यमा सक्रियता देखाउन चाहदैनन् ।

एघारौं त्रिवर्षिय योजनामा निर्देशित कार्यान्वयन व्यवस्था मध्ये वन व्यवस्थापन र उपयोगमा महिलाहरूको प्रभावकारी सहभागीता बढाउन र आर्थिक तथा सामाजिक स्रोतको पहुँच र नियन्त्रणमा रहेको लैंगिक असमानता हटाउँन सबै वन विकाससँग सम्बन्धित कार्यक्रम र समूहहरूमा लैंगिक समानताको चेतना अभिवृद्धि गरी नेतृत्व तहमा महिलाहरूको प्रभावकारी सहभागीता बढाउने सोचाई अंगिकार गरेको छ (सामुदायिक वन कार्यक्रम एक परिचय, २०६६) । यस किसिमको सोचाईले वन व्यवस्थापनमा महिला सहभागीता बृद्धि गर्नलाई प्रभावकारी भूमिका खेल्न सक्छ । २०६६ को एक अध्ययन अनुसार समूहमा मात्रै हैन कार्य समितिमा पनि महिलाको सहभागीता ज्यादै न्यून रहेको छ । प्रत्येक कार्य समितिमा दुई जना मात्र महिला सदस्य छन् र ती महिला सदस्य पनि भेला बैठकमा विरलै मात्र उपस्थित हुन्छन् । वन समूहको कार्य समितिमा ५०% महिला राख्नैपर्ने वन उपभोक्ता महासंघको मान्यता भएतापनि व्यवहारमा तीन जना भन्दा ज्यादा बढ्न सकेको छैन । त्यो पनि महिलाहरूको इच्छाले हैन, परिवारको इच्छाबाट भएको हो ।

## २.५ सामुदायिक वन भए पश्चात् महिलाको भूमिकामा आएको परिवर्तन

E. Hughes (1993) को एक अध्ययन अनुसार महिलाको वन समिति ४ वर्षदेखि चल्दै आएको छ । समितिको उन्नती वातावरणीय भन्दा सांस्कृतिक रूपमा बढेर गएको देखिन्छ । महिलाहरू ती क्रियाकलापमा सहभागी भएपछि यो अनुभव गर्दछनकि उनीहरूको अवधारणा, कुनै कुरा प्रति विचार गर्ने र बुझ्ने तरीकामा परिवर्तन भएको छ । साक्षरता कक्षा र तालिमहरूवाट उनीहरूमा आत्माविश्वास बढेको छ । समितिमा महिलाहरू भन्छन् की पहिला उनीहरूको "बुद्धी ओझलमा थियो, उनीहरू "निदाएको र अचेत अवस्थामा" थिए । यसरी सामुदायीक वनको सुरुवात सँगसँगै गाउँमा महिला विकास सँगठन जस्ता अन्य संघ संस्थाहरूले पनि महिलाको लागि जनजागरणमूलक कार्यक्रम लाने गरेका छन् । यसले महिलालाई सामुदायिक वनमा सहभागि हुनलाई धेरै साथ दिएको छ र उनीहरूमा जागरण बढ्नुको साथै हौसला र आत्मविस्वास बढेको पाइन्छ । उनीहरूको सोच्ने र विचार गर्ने क्षमतामा परिवर्तन आएको छ ।

गौतम (२०६६) को एक अध्ययन अनुसार बैठकमा सिमीत संख्यामा उपस्थिति हुने महिला पनि निश्क्रिय स्रोतामात्र भएर बस्ने भएकोले सरकारी आयोजना, गैर सरकारी संस्थाहरू तथा नागरिक समाजहरूले महिला सक्षरता र महिलाको विविध पक्षसँग सम्वन्धित अन्य विषय वारे तालिम गोष्टी, अध्ययन, भ्रमण जस्ता कार्यक्रम गराएर महिलालाई सहयोग पुर्‍याए । शुरुमा उपभोक्ता समुहको बैठकमा उपस्थिति हुन मुस्किल महिलाको सहभगिता र सक्रियता क्रमश बढदै गयो ।

Gurung (2005) का अनुसार सामुदायिक वन उपभोक्ताहरुलाई बेलाबेला उपलब्ध हुने तालिम, गोष्ठी तथा भ्रमण जस्ता आदि कार्यहरुले महिलाहरुको ज्ञान, सीप तथा व्यवहारहरुमा सकारातमक परिवर्तन ल्याएको पाईन्छ । वन्यस्रोत साधनहरुबाट जीविकोपार्जनको लागि आयआर्जन गर्न र तालिम, गोष्ठी तथा भ्रमणबाट सिकेका कुराहरु अन्य उपभोक्ताहरुलाई पुरुषहरुले भन्दा राम्ररी सिकाउने गरेको देखिन्छ भने बैठकहरुमा आफ्नो सहभागिता जनाई निर्णय प्रक्रिया, नेतृत्व विकास र सामाजिक सञ्जालहरुको विस्तार समेत गर्ने गरेको कुरालाई उल्लेख गरेको छ ।

के.सी. को एक अध्ययन अनुसार, अध्ययन गरीएको क्षेत्रमा महिलाहरू जागरुक छन् र उनीहरू बिस्तारै वातावरणको महत्वको वारेमा बुझ्रीरहेकाछन् । आजकाल महिलाले आफ्नो महत्वको बारेमा पनि बुझ्दै आई रहेका छन् । उनीहरू वन जोगाउन र स्थानीय वन व्यवस्थापनतिर बढी सचेत वनेका छन् (K.C, 1995) । तसर्थ शुरुशुरुमा सामुदायीक वनको अध्यक्ष पदमा काम गर्न कुनै पनि अनुभव र ज्ञान नभएको महिलाहरु असुरक्षित महसुस गर्ने र पछि उनले धेरै अवसरहरू जस्तो, गोष्टी तालिम तथा शैक्षिक भ्रमण जस्ता कुरामा भाग लिन पाएको कारण महिलाहरुमा आत्मविश्वास जाग्नुले वन उपभोक्ता समुहलाई नेतृत्व दिन सक्ने आत्माविश्वास र हौसला देखिन्छ ।

यसरी सामुदायिक वन व्यवस्थापनमा महिला सहभागीताको नतिजा स्पप्ट रूपमा देखिएको छ । कृषि, वन क्रियाकलाप, तरकारी खेती, अदुवा खेती, गोलभेडा खेतीबाट कसरी उनीहरू आय-आर्जन गर्न सक्छन् भन्ने कुरामा ६०% महिलाहरु विश्वस्त छन् । यी फाइदाहरू तथा ती वस्तुहरुको मूल्यहरूनै सामुदायिक वनमा महिला सहभागिताको प्रभावकारी नतिजाका रुपमा रहने हुदा महिलाको भूमिका परिवर्तित स्थितिमा महत्वपूर्ण देखिन्छ ।

# अध्याय – तीन
# अनुसन्धान पद्धति

अनुसन्धान गर्दा सूचना सङ्कलन गर्नको लागि विभिन्न प्रकारका अनुसन्धान पद्दतीहरूलाई कसरी प्रयोग गर्ने भन्ने कुराको वर्णन यस अध्ययनमा गरिएको छ । विभिन्न प्रकारका आवश्यक र उपयोगी अनुसन्धान विधिहरु अपनाउदै अध्ययनकर्ताले सन् २०११ को February र March (माघ-फाल्गुन, २०६७) महिनामा तथ्यांकहरू सङ्कलन गरेको थियो । विशेष गरी अध्ययनलाई बढि भन्दा बढी वैज्ञानिक, विश्वासनीय र भरपर्दो वनाउनका लागि अध्ययन अवधिमा निम्न अनुसन्धान पद्धतिलाई अपनाइएको छ । यो अध्यायमा क्रमशः अध्ययन क्षेत्रको छनोटको औचित्य, अनुसन्धान खाका, नमूना छनौट प्रक्रिया, तथ्याङ्कको प्रकृति तथा स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि तथा तथ्याङ्कको विश्लेषण, व्याख्या र विवरणहरुलाई उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान योजना

प्रस्तुत अनुसन्धानको निम्ती वर्णनात्मक (Descriptive) र अन्वेशणात्मक (Exploratory) दुवै खाले शोध योजनालाई प्रयोग गरिएको छ । वर्णनात्मक अनुसन्धान विधिले वन व्यवस्थापनको इतिहाँसलाई बुझ्न मद्दत पुऱ्याएको छ । साथसाथै यस अनुसन्धान योजना पद्धतिको मद्दत लिएर सामुदायिक वनमा महिला सहभागिता, वन्य उत्पादनको उपभोग्य वस्तुहरू जस्तोः घाँसपात, काठ, पत्कर, तरकारी, पशुपालन, खेती प्रणाली आदिको बारेमा वर्णन गरिएको छ । त्यसैगरी अन्वेषणात्मक अनुसन्धान योजना पद्धतिको मद्दतले अध्ययन क्षेत्रभित्र महिला सहभागिता, त्यसलाई प्रभाव पार्ने तत्वहरू तथा उनीहरूमा आएको परिवर्तन, र सामुदायिक वनप्रति उनीहरूको अवधारणाको बारेमा खोज गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनोटको औचित्यता

यस अनुसन्धानको लागि सर्लाही जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा पर्ने कर्मैया गा.वि.स. वार्ड नं. ५ पशुपतिनगर स्थित "पशुपति सामुदायिक वन उपभोक्ता समूह"लाई मुख्य अध्ययन क्षेत्रको रुपमा लिइएको छ । १२५.२९ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त क्षेत्रमा १२९ घरधुरी उपभोक्ता सदस्य रहेका छन् जसमा दलित ९, जनजाति ४९ र ब्राह्मण/क्षेत्री ७१ घरपरिवार पर्दछन् । यस सामुदायिक वनसँग सम्बन्धित महिला एवं पुरुषको जनसंख्यालाई हेर्दा दलित (महिला १८ र पुरुष २२), आदिवासी/जनजाति (महिला १९६ र पुरुष १६७), तथा ब्राह्मण क्षेत्रीको (महिला ४१५ र पुरुष ३८८) गरी जम्मा ८०३ जनसंख्या रहेको छ । जुन नेपालको प्रख्यात पूर्व पश्चिम लोकमार्गसँग जोडिएको यस क्षेत्रलाई छनौट गर्नुको औचित्य निम्नानुसार छन्ः

- नाङ्गो चुरे सिवालिक क्षेत्रलाई २०४३ सालमा वन विज्ञान अध्ययन संस्थान हेटौडा, जिल्ला वन कार्यालय सर्लाही, तराई सामुदायिक वन विकास परियोजना, सागरनाथ

वन विकास परियोजना एवं स्थानीय समाजसेवीहरूको सहयोगमा वृक्षरोपण गरी हरियाली भएपछि २०४६ सालको प्रजातन्त्रपुर्नवहाली पश्चात् २०५३ साल चैत्र २९ गते समूहलाई हस्तान्तरण गरि विगत १४ वर्षदेखि सामुदायिक वन उपभोक्ता समितिले नै व्यवस्थापन गर्दै आएको छ, जसमा महिला सहभागिता पनि उल्लेख्य रहेको छ (सर्लाही जिल्लाको वन विकास गतिविधिः एक दर्पण, २०६६) ।

- महिला समूहले स्थानीय वनलाई आफ्नै तरिकाले व्यवस्थापन गरिरहेको छन् भन्ने कुरा थाहा पाउदा अनुसन्धानकर्ताको थप रुची बढ्नु ।
- यस अध्ययन क्षेत्र विभिन्न कारणबाट अनुसन्धानकर्ताको पहुँच नजीक रहेको हुदा अध्ययन गर्न सजिलो हुनु ।

## ३.३ नमुना छनोट प्रक्रिया

सर्लाही जिल्लाको कर्मैया गा.वि.स. वडा नं. ५ पशुपतिनगर स्थित रहेको पशुपति सामुदायिक वन उपभोक्ता समूहलाई अध्ययन क्षेत्रको रुपमा छानिएको छ । जसमा १२९ उपभोक्ता घरधुरी अध्ययन क्षेत्रको समग्रता (Universe) को रुपमा रहेको छ भने उक्त घरधुरीमध्ये ५०% को हिसाबले ६५ उपभोक्ता घरधुरीलाई Random Sampling Method प्रयोग गरी नमुना छनौट गरिएको छ । यस विधिमा सर्वप्रथम सम्पूर्ण १२९ घरधुरीबाट घरमुलीको नामावली सूची तयार गरी आवश्यक (६५) घरधुरीले भाग गर्दा आएको योगफलको आधारमा उत्तरदाता छनोट गरीएको छ । सबै जातजातिका प्रतिनिधित्व हुने गरी छानिएका घरधुरीहरूबाट नै विभिन्न उमेर र पेशामा संलग्न रहेका ५० महिला, १५ पुरुषलाई अध्ययनकर्ताको उदेश्यअनुरुप उत्तरदाताको रुपमा छनोट गरिएको छ । यस अध्ययनमा सम्पूर्ण रुपले महिला उत्तरदातामात्र छनोट गर्दा महिलाहरूको वास्तविक स्थितिको सही जानकारी प्राप्त गर्न कठिन हुने हुनाले केही पुरुषहरूलाई पनि उत्तरदाताको रुपमा छानिएको हो । त्यसपछि अन्तर्वार्ता सूची, अवलोकन, सामुहिक छलफल जस्ता तथ्याङ्क सङ्कलन विधिहरु अपनाएर नमुना छनौटमा परेका उत्तरदाताहरूबाट आवश्यक सुचना सङ्कलन गरिएको छ । यसरी नमुनाको रुपमा छानिएका ६५ घरधुरीबाट सम्पूर्ण (Unverse) को प्रतिनिधित्व गरिएको छ ।

## ३.४ तथ्यांकको प्रकृति तथा स्रोतहरू

यस अध्ययनको लागि प्राथमिक र द्धित्तीय दुवै खाले स्रोतहरुबाट तथ्यांक सङ्कलन गरिएको छ । प्राथमिक तथ्यांक स्थलगत अध्ययन जस्तै अन्तर्वार्ता, अवलोकन, प्रश्नावली तथा समूहगत छलफल विधिबाट संकलन गरीएको छ । द्धितीय तथ्यांकका लागि विभिन्न व्यक्ति, सघसस्था तथा निकायहरूको प्रकाशित, अप्रकाशित लेख, रचना, साहित्य, पुस्तक, जर्नल, पत्र-पत्रिका, आदिबाट तथ्यांक सङ्कलन गरिएको छ । अनुसन्धान योजना अनुसार तथ्यांकको प्रकृति गुणात्मक तथा परिमाणात्मक दुवै किसिमको छ भने विश्लेषण पक्ष पनि तथ्यांकको प्रकृतिकै आधारमा गरिएको छ ।

## ३.५ तथ्यांक सङ्कलन विधि

### ३.५.१ अन्तरवार्ता सूची

अन्तरवार्ता सुचीलाई प्राथमिक तथ्यांक सङ्कलनको लागि एक महत्वपूर्ण विधिको रुपमा प्रयोग गरीएको छ । यो विधिमा निश्चित प्रश्नहरूको सूचि वनाई वन उपभोक्ता समूहका नमूना छनोटभित्र परेका प्रतिनिधिहरुका लागि मात्र प्रयोग गरिएको छ । अन्तरवार्ता लिंदा फरक लिंग, उमेर, स्वभाव भएका व्यक्तिहरू जस्तैः शिक्षक, कर्मचारी, महिला, गृहिणी, शिक्षित र अशिक्षित व्यक्ति, कृषक, व्यवसायी (जो स्थानीय परिस्थितिको बारेमा ज्ञान राख्छ) आदिलाई छनौट गरी सूचना सङ्कलन गरिएको छ । यो विधि अति आवश्यक सूचनाको लागि प्रयोगमा ल्याइएको हुदा व्यक्तिगत पहिचान, जातजाति तथा जनसंख्याको वनावट, वस्तुभाउको संख्या, उपभोग गरिएको जमीनको प्रकार, कृषि वाली लगाउने प्रणाली, ऋतु अनुसार वन्य उत्पादनको उपभोग गर्ने तरीका, वनमा महिला सहभागिता, र तिनीहरूलाई प्रभाव पार्ने तत्वहरू, वनसँग सम्बन्धित क्रियाकलापबाट उनीहरूमा आएको चेतना आदिको बारेमा जान्नलाई अपनाईएको छ । अन्तरवार्ता लिंदा व्यक्तिहरूले गर्ने गरेको दैनिक काममा कुनै बाधा नपारी उनीहरूको फुर्सदको समयलाई प्रयोग गरिएको छ । महिलाहरू दिनभरी काम गरेर भान्सामा बस्दा केहि फूर्सद अनुभव गर्ने हुनाले त्यस्तो समय पारेर अन्तरवार्ता लिइएको छ । विशेषगरी ग्रामीण जनताको धेरै जसो समय कृषि कार्यमा नै बित्ने हुँदा उनीहरूको काम जाडो मौसममा केहि काम हुने हुनाले त्यतिबेला घर, चोकमा घाम तापेर बसेको समयमा अन्तरवार्ता लिनको लागि राम्रो मौका पाइयो ।

### ३.५.२ सहभागी निरीक्षण विधि

सहभागी निरीक्षण विधि सम्पूर्ण रूपले फिल्डमा आधारित हुने हुनाले अनुसन्धान प्रक्रियामा एउटा गहन अध्ययनको लगि धेरै व्यवहारिक र प्रभावकारी हुन्छ । विशेषगरी सामुदायिक वन भित्रका महिला सहभागिताको स्थिति, बैठक तथा सभामा महिलाको उपस्थिति एवं भूमिका, महिलाहरू र पुरुषहरूले गर्ने कामको प्रकृति, क्षेत्र, समय, उनीहरूको स्वास्थ्य, सफाई, पुरुषले वास्तविक रूपमा महिलाप्रति गर्ने व्यवहार, घरहरूको वनाबट आदिको बारेमा फिल्ड अध्ययन अवधिभर निरीक्षण गरिएको थियो । वन र त्यससँग सम्बन्धित क्रियाकलापहरुलाई सहभागितामूलक तवरबाट निरिक्षण गर्दा महिला सहभागिताको प्रकृति, त्यसमा पर्न जाने प्रभाव र त्यसको परिणामको बारेमा बुझ्न सहयोग पुगेको छ । त्यसैले मुख्यगरी महिलासँग सम्बन्धित सूचना सङ्कलन गर्नलाई यस निरिक्षण विधि बढी भरपर्दो र विश्वासिलो भएको थियो ।

### ३.५.३ सामुहिक छलफल

सामूहिक छलफल विधि अनुसार सूचना प्रदान गर्ने व्यक्तिहरू जस्तै, स्थानीय राजनैतिक नेता, कर्मचारी, शिक्षक, गृहिणी, उपभोक्ता समूहका सदस्य आदिलाई छुट्टाछुट्टै समूह वा मिलेसम्म सबैलाई एकैठाउँमा भेला गरी वनको स्थिति, वन व्यवस्थापनमा महिलाको स्थिति

र महिला सहभागिताले पार्ने प्रभावहरूको बारेमा थप जनकारी प्राप्त गरिएको थियो । त्यस्तै, नमूना छनौटमा परेका प्रतिनीधीहरूसँग पनि सामूहिक छलफल गर्ने प्रयास गरिएको छ । त्यस्तै महिला उत्तरदातासँग पनि समय मिलाई वनबाट उत्पादीत वस्तु, उपभोग गर्ने समस्याको बारेमा सामूहिक छलफल गरी आवश्यक सूचना संकलन गरिएको छ । वन उपभोक्ता समितिको सामुहिक छलफलबाट सामुदायिक वनको बारेमा र त्यहाँ नीति, नियम, योजना, वन व्यवस्थापन प्रति उपभोक्ता समूहको उत्तरदायित्व, व्यवस्थापन गर्नुको उद्देश्य आदिको बारेमा सूचना प्राप्त गरिएको थियो ।

### ३.५.४ मुख्य सूचनादाता

मुख्य सूचना सङ्कलनको लागि अध्ययन क्षेत्रका निश्चित सदस्यहरू, जस अर्न्तगत वन उपभोक्ता समितिको सदस्य तथा प्रमुख, शिक्षक, स्थानीय राजनैतिक तथा सामाजिक नेता, वन पाले आदि मुख्य सूचनादाताको रूपमा छानिएका छन् । अन्तरवार्ता र अवलोकनबाट उपलब्ध हुन नसकेको सूचनाहरू प्राप्त गर्न यो विधिलाई प्रयोगमा ल्याईएको छ । वनको ऐतिहासिक स्थिति, वनमा महिलाहरूको स्थिति, वन व्यवस्थापन क्रियाकलापमा महिला सहभागितालाई प्रभाव पार्ने तत्वहरू र सामुदायिक वन भए पश्चात महिलाको भूमिकामा आएको परिवर्तन आदिको बारेमा जनकारी प्राप्त गर्न यो विधिलाई समेत प्रयोग गरीएको छ ।

## ३.६ तथ्यांकको विश्लेषण र प्रस्तुतिकरण

अध्ययनबाट प्राप्त तथ्यांकहरुलाई आवश्यकता अनुसार संगठीत रूपले प्रस्तुत गरिएको छ । संकलित तथ्यहरू एक्लैको कुनै अर्थ हुँदैन, त्यसलाई अर्थपूर्ण वनाउनको लागि अध्ययनको उद्देश्य पूरा हुनेगरी तथ्यहरूलाई विश्लेषण र व्याख्या गरिएको छ । संकलित परिमाणात्मक तथ्यांक (Quantitative data) लाई आवश्यकता अनुसार सरल तालिकाको माध्यमबाट प्रतिशतमा खुल्ने गरी प्रस्तुतिकरण गरिएको छ भने गुणात्मक तथ्यांक (Qualitative data) लाई पनि सकेसम्म Coding र Editing गर्दै तालिकामा देखाई विश्लेषण गरीएको छ भने कतिपय अवस्थामा उत्तरदाताहरुको भनाईलाई सिलसिलेवर ढंगमा आवश्यक ठाउँमा राखी स्पष्ट र तर्कसँगत किसिमले प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सिमाहरू

हरेक अध्ययनको आआफ्नै सिमा हुन्छन् । मुख्यगरी अनुसन्धानकर्ताले स्नातकोत्तर तह समाजशास्त्र विषयको उपाधि प्राप्त गर्नको लागि गरेको र यस अध्ययनलाई एउटा गा.वि.स. भित्रको सानो क्षेत्रमा रहेको सामूदायिक वन उपभोक्ता समूहको सदस्यहरु मध्ये नमूना छनौटमा परेका सदस्यहरुको बारेमा मात्र अध्ययन सिमित रहेकोले यो अध्ययनलाई अन्य ठाउँसँग तुलना गरी सामान्यीकरण (Generalize) गरेर भने हेर्न मिल्दैन ।

### ३.८ तथ्यांक सङ्कलनमा भएका केही कठिनाईहरू

स्थलगत निरीक्षण गर्ने समयमा अनुसन्धानकर्ताले विभिन्न समस्याहरूलाई सामना गर्नुपऱ्यो । यस अध्ययनको मुख्य लक्ष्य भनेको नै अध्ययन क्षेत्र र त्यँहाका महिलाहरूको हरेक अवस्थाको आन्तरीक तहबाट गहिरो अध्ययन गरेर गाउँको वास्तविक तस्वीर पत्ता लगाउनु हो । त्यसैले यस प्रकारको सहभागी निरीक्षणको लागि लामो समयसम्म अध्ययन क्षेत्रमा रहंदा अनुसन्धानकतालाई महँगो नै पऱ्यो । यसरी अनुसन्धान तथा अन्तरवार्ताको दौरानमा आएका मुख्य कठिनाईहरू निम्न लिखित थिए ।

- महिलाहरुबाट छलफल तथा अन्तर्क्रियाको लागि पर्याप्त समय नपाउँनु र महिलासँग मात्र बढी कूरा गरेको वा महिलाहरु मूख्य सूचनादाता भएको कारण पूरुष तथा गाउँलेहरुले अझै शंकालु दृष्टिले हेरेर अनुसन्धानकर्तालाई राम्रो प्रतिक्रिया नदेखाउनु ।
- तिनीहरूसँग आफ्नो वनको बारेमा लेखिएका कुनै पनि किसिमको महत्वपूर्ण ऐतिहासिक पुस्तक वा दस्ताबेजहरू नहुनु ।
- उत्तरदाताहरूले आफ्नो व्यक्तिगत तथा जग्गा जमिन र सम्पत्तिको बारेमा विवरण दिन अप्ठ्यारो महसुस गर्नु, उत्तरदाताहरूले विदेशी डलरबाट संचालित कार्यक्रमको रुपमा लिनु ।

# अध्याय – चार
# अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति तथा सामाजिक आर्थिक अवस्था

यस अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति, प्राकृतिक स्रोतहरु र उत्तरदाताहरुको सामाजिक तथा आर्थिक अवस्थालाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । यिनीहरूको अध्ययनले अध्ययन क्षेत्रको रुपमा रहेका पशुपति सामुदायिक वन उपभोक्ता समूहलाई बुझ्नको लागि महत्वपूर्ण सहयोग पुऱ्यानेछ ।

## ४.१ अध्ययन क्षेत्रको भौगोलिक अवस्थिति

समुन्द्र सतहबाट ६० मी देखि ६५० मी उचाइमा रहेको यो सर्लाही जिल्ला तराई प्रदेशमा पर्दछ । यसको क्षेत्रफल १२५९ वर्ग कि.मी. रहेको छ । यस जिल्लाको दक्षिणतर्फ भारतको बिहार राज्य उत्तरतर्फ सिन्धुली जिल्ला पूर्वतर्फ महोत्तरी र पश्चिमतर्फ रौटहत जिल्ला पर्दछ । प्राकृतिक स्रोतको हिसाबले यो जिल्लाको पश्चिमी सिमाना वागमती भई उत्तरतर्फ  चुरे श्रृंखला वन क्षेत्र पर्दछ ।

क्षेत्रफलको हिसाबले नेपालको मध्यम जिल्लामा पर्ने यो जिल्ला जनसंख्याको हिसाबले छैटौं स्थानमा पर्दछ । यस जिल्लामा १ नगर तथा ९९ गा.वि.स., समय र भूमि भएका कारण यातायात, खानेपानी, कृषि, उब्जनी र बजार सुविधाका कारण जिल्लालाई सुगम जिल्लाको रुपमा गणना गरिन्छ तापनि शिक्षा र चेतनाको हिसाबले भने विशेष गरी जिल्लाको दक्षिणी भाग तेस्रो दर्जामा पर्दछ । अध्ययन क्षेत्रको रुपमा रहेको कर्मैया गा.वि.स.पनि विकासको हिसाबले यस जिल्लाको उच्च तहमा पर्ने क्षेत्र हो । यस गा.वि.स.को बीचबाट पूर्वमेचीदेखि पश्चिम महाकाली जोड्ने पूर्वपश्चिम लोक मार्ग पर्दछ । यस गा.वि.स.को पूर्वमा दुंग्रेखोला, पश्चिममा वाग्मती नदी अर्थात रौटहत जिल्लाको पौराहि गा.वि.स., दक्षिणमा राजघाट गा.वि.स. र उत्तरमा सिन्धुली जिल्लाको क्यानेश्वर गा.वि..स पर्दछ (सर्लाही जिल्लाको वन विकास गतिविधिः एक दर्पण, २०६६) ।

अध्ययन क्षेत्र रहको कर्मैया गा.वि.स. वार्ड नं. ५ पशुपतिनगर, पूर्वपश्चिम लोक मार्गसँग प्रत्यक्ष सम्वनध भएको वार्ड हो त्यसैले यातायात, संचार, विद्युत, शिक्षा स्वास्थ्य, खानेपानी, बजार आदि भएको कारण विकसित र आर्थिक बृद्धि भएको वार्डमा गनिन्छ । पर्यावरणीय हिसाबले पनि सामुहिक वन समेत भएको यो वार्ड एक नमूना क्षेत्रमा चिनिन्छ ।

### ४.१.१  अवस्थिति

अध्ययनको लागि छनोट गरिएको क्षेत्र जनकपुर अञ्चल सर्लाही जिल्लाको कर्मैया गा.वि.स. भौगोलिक हिसाबले करिब २६°४५' देखि २७°१०' उत्तरी आक्षांश र ८५°२०' देखि ८५°५०' पूर्वी देशान्तरमा अवस्थित जिल्लाको क्षेत्रफल १२५९ वर्ग कि.मी. छ भने जिल्लाको कूल

क्षेत्रफल यस गा.वि.स. ले ३४ वर्ग कि.मी. अर्थात २.७% भू-भाग ओगटेको छ । जनसंख्याको हिसाबले २०८ जना प्रतिवर्ग कि.मी. जनघनत्व रहेको छ । यहाँको कूल जनसंख्या ७०९५ रहेको छ । अध्ययन क्षेत्र रहेको कर्मैया गा.वि.स. वार्ड नं. ५ मा ८०३ जनसंख्या रहेको छ भने यस क्षेत्रको सरदर उचाइ ४०० मी. रहेको छ भने अधिकताम ६५० मी छ । यस पशुपति सामुदायिक वनको क्षेत्रफल १२५.२९ हेक्टर क्षेत्रफलमा फैलिएको अध्ययन क्षेत्रमा १२९ घरधुरी रहेको छन् । यहाँको जमिन अब्बल, दोयम, सीम र चाहार गरी चार वर्गमा हेर्न सकिन्छ ।

सर्लाही जिल्लाको जल तथा मौसम कार्यालयको जानकारी अनुसार यस क्षेत्रको अनुमानित तापक्रम वर्षायाममा अधिकतम ४१.६० से. न्यूनतम २७.६० से. हिउँदमा अधिकतम ३३.३८ से. न्यूनतम २१.३८० से. सम्म तापक्रम रहेका छ । यहाँ वर्षाऋतुमा Bay of Bangal बाट आउने मनसूनबाट २०० मिलीमीटरसम्म वर्षा हुने गर्दछ ।

### ४.१.२ हावापानी

यस अध्ययन क्षेत्रमा मनसुनी हावापानी (Tropical Monson Climate) पाइन्छ जुन भावर तथा चुरे क्षेत्रमा पर्दछ । जहाँ वर्षामा अत्याधिक तातो र शीतकालमा १५० देखि ५० सम्म चिसो हुने गरेको पाइन्छ । जाडोमा अति जाडो र गर्मिमा अति गर्मी हुने गर्दछ भने सामान्यतया वसन्त शिशीर र शरद ऋतुमा यहाँको हावापानी उपयुक्त मानिन्छ ।

### ४.१.३ घर र छानाको वनावट

सामान्यतया घरको वनावटलाई आर्थिक स्थिति, संस्कृति, स्थानीय स्रोत, भौगोलिक वनावट र त्यहाँको विकास र हावापानी एवं वातावरणले असर गरेको हुन्छ । अध्ययन क्षेत्रमा वनेको घरहरू ६० प्रतिशत अर्धकच्ची अवस्थाका छन् जुन तल ढुंगा, बालुवा र गिट्टीबाट जगहाली सखुवाका खावा प्रयोग गरी काठबाट निर्मित घरमा टायल र स्वपडाले छाएको पाइयो भने बाँकी ४० प्रतिशत घरहरु पक्की रहेका छन् । जुन इटाँढ्वारा छड र सिमेन्ट प्रयोग गरी वनाइएको छ । प्रत्येक घरमा आँगन र करेसा बारीहरू छन् भने पशुपक्षीलाई पनि स-साना टहरा वनाइ रखेको पाइयो ।

**तालिका नं. १: घर तथा छानाको वनौटको किसिम**

| क्र.सं | घरहरूको प्रकार | घरधुरी संख्या | छानाको प्रकार | | | |
|---|---|---|---|---|---|---|
| | | | टायल | जस्ता | खपडा | ढलान |
| १ | भूइतल्ले | ११ | ८ | ३ | - | - |
| २ | एकतल्ले | २८ | १७ | ३ | ८ | - |
| ३ | दुईतल्ले | २० | - | २ | - | १८ |
| ४ | तीनतल्ले | ६ | - | - | - | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | ६५ | २५ | ८ | ८ | २४ |

स्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका न. १ अनुसार अध्ययन क्षेत्रमा धेरैजसो घर एकतले र दुईतल्ले रहेका छन् । नमूना छनौटमा परका उत्तरदाताहरूको घरहरूमा भूइतले ११, एकतले २८, दुई तले २० र तीनतले ६ वटा रहेका छन् भने त्यसमध्ये टायल छाना २५, जस्ता ८, खपडा ८ र पक्का ढलान २४ वटा रहेका छन् ।

### ४.१.४ प्राकृतिक स्रोतहरू

#### (क) जमिन/माटो

माटोको प्रकृति हरेक स्थानमा फरक हुने गर्दछ । अध्ययन क्षेत्रको माटोको प्रकृति पाँगो रहेको छ । त्यसैले उत्पादनमुखी छ भने केही जमिन बलौटे प्रकृतिको छ । खेतहरूमा वर्षको ३/४ बाली हुन्छ भने बारीहरूमा २ बाली हुने गर्दछ ।

#### (ख) वन

"हरियो वन नेपालको धन" भने झैं नेपाली ग्रामीण जनताको लागि वन एउटा महत्त्वपूर्ण प्राकृतिक स्रोत हो । प्राचीन कालदेखि नै मानिसहरूले वनको अत्याधिक मात्रामा उपयोग गर्दै आएका छन् । कर्मैया पशुपतिनगरका वासिन्दाहरूपनि यस कुराबाट पर रहन सकेको छैनन् । पशुपतिनगरका बासिन्दालाई वनको ठूलो योगदान भनेको घाँस, पत्कर, सोत्तर, दाउरा, जडिबुट्टि र मर्दापर्दा रुख पाउनु नै हो । यस बाहेक वनले गर्दा पानीको मुहान बढेको, हरियाली भएर वातावरण हराभरा एवं स्वच्छ भएको र वनबाट उमेर पुगका रुख बेचविखन गरी स्थानीय विकासमा समेत यसले टेवा पुऱ्याउने गरेको छ । यस सामुदायिक वनभित्र विभिन्न प्रकारका जीव, जन्तु, पंक्षीहरू पाइन्छन् । चितुवा, खरायो, बाँदर, तित्रा, कालिज, कोइली, मृग, पाउने कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । रुखहरूमा मुख्य गरी साल, सिसौं, खयर, राजविथ्वे, कर्मा, पलास, साल, कालिकाठ, सनिसाल, वेल, वास आदि छन् भने फलफूलहरूमा आरु, आँप, कटहर, लिच्ची, अमला, वेल, अमारो, अखा आदि छन् । यसरी नयाँ वृक्षरोपण गरिएका विरुवाहरूमा ठिक, मसला, सिसौं आदि रहेको छ ।

वनबाट स्थानीय जनताले घाँस, पत्कर, स्याउला, दाउरा उपभोग गर्दछन् । घाँसपात वस्तुभाउँलाई खुवाइन्छ भने पत्कर तिनीहरूलाई ओछ्याउने सोत्तरको रुपमा प्रयोग गरिन्छ । यी सोत्तर नै पछि कम्पोष्ट मल वन्दछ । ढलेको र सुकेको काम नलाग्ने रुख दाउराको रुपमा आगो ताप्न खाना वनाउन, बस्तुभाउलाई खोले प्रकाउन प्रयोग गरिन्छ भने सुकेको दाउरा ल्याउन, प्रत्येक हप्ताको शनिवार खुल्ला गरिने गरेको छ । गाउँमा कसैको मृत्यु भएमा, विवाह, व्रतवन्ध, दैवी प्रकोप भएमा र गरिव परिवारलाई भने समितिले वनबाट आवश्यक पर्ने सबै बस्तुहरू खुल्ला गरेको पाइन्छ । यसरी जग्गाजमिन कम हुने स्थानीय बासिन्दालाई वनबाट आयआर्जन गरी जीवन धान्ने वातावरण समेत तयार गर्ने कार्यमा वन

उपभोक्ता समिति क्रियाशील रहेको पाइयो । त्यसैले पशुपति सामुदायिक वन जिल्लाकै नमूना सामुदायिक वनको रुपमा चिनिन्छ ।

## ४.२ उत्तरदाताहरुको सामाजिक तथा आर्थिक अवस्था

### ४.२.१ जनसंख्याको वितरण

जनसंख्याको वितरणलाई मृत्युदर जन्मदर र बसाईसराइले असर गरेको पाइन्छ । अध्ययन क्षेत्रमा जम्मा १२९ घरधुरी रहेका छन् । ६५ घरधुरीलाई नमूना छनौटको रुपमा लिदा कुल ३९८ जनसंख्यामध्ये पुरुष १८६ र महिला २१२ छन् । अध्ययन क्षेत्रका सबै उत्तरदाताको परिवार संख्या लगभग समान किसिमको पाइयो । नमूना छनौटमा परेको घरधुरीहरुमा ४ घर ब्राह्मण, ३१ घर क्षेत्री, ७ घर दलित (दमाई, सार्की र कामी) र २३ घर जनजातिहरु ( राई, तामाङ, माझी र मगर) रहेको छ । अध्ययन क्षेत्रको उत्तरदाताको जनसंख्याको वितरण निम्न तालिका नं. २ अनुसार छ ।

**तालिका नं. २: जातजातिको आधारमा उत्तरदाताहरूको जनसंख्या विवरण**

| क्र.सं. | जात/जाति | घरधुरी संख्या | पूरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | ३१ | ८२ | १०२ | १८४ | ४६.२३ |
| २ | ब्राह्मण | ४ | ११ | १५ | २६ | ६.५३ |
| ३ | तामाङ्ग | ७ | २४ | २० | ४४ | ११.०५ |
| ४ | राई | ५ | १७ | २० | ३७ | ९.२३ |
| ५ | मगर | ५ | १५ | १७ | ३२ | ८.०४ |
| ६ | माझी | ६ | १३ | १४ | २७ | ६.७८ |
| ७ | दमाई | ३ | ११ | १० | २१ | ५.२७ |
| ८ | सार्की | २ | ७ | ८ | १५ | ३.७६ |
| ९ | कामी | २ | ६ | ६ | १२ | ३.०१ |
| | जम्मा | ६५ | १८६ | २१२ | ३९८ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६७

अध्ययन क्षेत्रका उत्तरदाताहरूमध्ये बहुमतमा ब्राह्मण/क्षेत्रीय रहेका छन् भने अल्पमतमा जनजाति तथा दलितहरूको संख्या पाइयो । यी सबै पहाडी जिल्ला सिन्धुली, काभ्रे, रामेछापबाट स्थानान्तर भई यस ठाउँमा आएको देखिन्छ । उत्तरदाताहरु मध्ये सबैभन्दा बढी जनसंख्या ब्रह्मण/क्षेत्रीको २१० (५२.७६%), जनजातिको १४० (३५.१७%) र दलितको ४८ (१२.०६%) रहेका छन् ।

### ४.२.२ जनसंख्याको उमेर र लिंग संरचना

यस अध्ययन क्षेत्रका नमूना छनोटभित्र परेका उत्तरदाताहरूमा ४ जातजातिय समूहहरूको विभिन्न उमेरका व्यक्तिहरू पर्दछन् । उमेरको अध्ययनबाट अध्ययन क्षेत्रको सामाीजक संरचना, सामाजिक गतिविधि र जनशक्तिको बारेमा अनुमान लगाउन सकिन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूको भनाई अनसार जनशक्तिको लागि उपयुक्त उमेरलाई जम्मा ५ भागमा वर्गीकरण गरेर तालिका नं. ३ मा देखाइएको छ ।

**तालिका नं. ३: उमेर र लिंगको आधारमा जनसंख्याको संरचना**

| क्र. सं. | उमेर समूह | लिंग | | | | जम्मा (Ü) |
|---|---|---|---|---|---|---|
| | | पुरुष | प्रतिशत | महिला | प्रतिशत | |
| १ | ०-१४ | १४ | ३६.८४ | २४ | ६३.१५ | ३८ (१००.०) |
| २ | १५-२९ | ४७ | ४६.५३ | ५४ | ५३.७६ | १०१ (१००.०) |
| ३ | ३०-४४ | ७६ | ४८.७१ | ८० | ५१.२९ | १५६ (१००.०) |
| ४ | ४५-५९ | ३९ | ४८.१४ | ४२ | ५१.८५ | ८१ (१००.०) |
| ५ | ६०-माथि | १० | ४५.४५ | १२ | ५४.५४ | २२ (१००.०) |
| | जम्मा | १८६ | ४६.७६ | २१२ | ५३.२६ | ३९८ (१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार अध्ययन क्षेत्रको उत्तरदातामध्ये सबैभन्दा बढी ३०-४४ उमेर समूहभित्रका पुरुष ७६ र महिला ८० गरी जम्मा १५६ (३९.१९%), १५-२९ उमेरभित्रका ४७ पुरुष ५४ महिला गरी जम्मा १०१ (२५.३७%), ४५-५९ उमेर समुहभित्रका पुरुष ३९ र महिला ४२ गरी जम्मा ८१ (२०.३५%) र ६० वर्ष उमेर भन्दा माथि समूहका पुरुष १० र महिला १२ गरी जम्मा २२(५.५२%) उत्तरदाताहरु रहेका छन् ।

### ४.२.३ जातजातिगत व्यवस्था

उत्तरदाताहरुमध्ये ८५.९२ प्रतिशत हिन्दु धर्मावलम्वी भेट्टियो भने बाँकी १४.०८ प्रतिशत बौद्ध धर्माबलम्वी उत्तरदाताहरू रहेका छन् । तर पनि समाजमा जातिगत सद्भाव अत्यन्तै बलियो रहेको छ । साथै कुनै किसिमको जातिगत भेदभाव अवस्था देखिएन र एक आपसमा अैचोपैचो, मेला, पर्म, चाडपर्व, भडा पर्म, वैवाहिक कार्य आदिमा एक अपासी सद्भाव कायम रहेको छ । खासगरी पानी चल्ने बीचमा मिश्रीत विवाह प्रणाली रहेको छ भने सकेसम्म सामाजिक संस्कारलाई सबैले मान्नुपर्ने नीति नियमभित्र सबै जाति समुदाय अनुशासित ढंगले बसेको पाइयो । दलित जातिसँगको वैवाहिक सम्वन्धलाई स्वीकारेको पाइएन तर पनि केटाकेटीको राजिखुशिमा भएको अर्न्तजातिय विवाहमा खास गरी दलित, जातिले पानी चल्ने जातिसँग भएको खण्डमा समाजले स्वीकृती दिएको पाइन ।

### ४.२.४ पारिवारीक प्रणाली

अध्ययन क्षेत्रका परिवारहरूमा एकात्मक र संयुक्त गरेर दुई प्रकारका परिवारहरू छन् । एकात्मक परिवार भन्नाले एकजोडी विवाहित पति-पत्नी र तिनका अविवाहित सन्तान भन्ने बुझिन्छ भने संयुक्त परिवार भन्नाले दुई वा दुईभन्दा बढि पति पत्निको जोडी र उनीहरूमा छोराछारी र आमा, बाबु एकै भान्सामा खाने भन्ने बुझिन्छ । यस प्रकारको परिवारमा हजुरबुबा, बुबा अविवाहित छोराछोरी गरी तीन पुस्तासम्म हुन सक्छन । अध्ययन क्षेत्रमा भएका उत्तरदाताहरूको परिवारको किसिमलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका नं. ४: जातजातिको आधारमा उत्तरदाताहरूको परिवारिक स्थिति**

| क्र.सं. | जात/जाति | परिवारको किसिम | | घरधुरी | |
|---|---|---|---|---|---|
| | | एकात्मक (Ü) | संयुक्त (Ü) | संख्या | प्रतिशत |
| १ | क्षेत्री | २७ (८७.०९) | ४ (१२.९०) | ३१ | ४६.२३ |
| २ | ब्राह्मण | ३ (७५.०) | १ (२५.०) | ४ | ६.५३ |
| ३ | तामाङ्ग | ३ (४२.८५) | ४ (५७.१४) | ७ | ११.०५ |
| ४ | राई | २ (४०.०) | ३ (६०.०) | ५ | ९.२३ |
| ५ | मगर | ३ (६०.०) | २ (४०.०) | ५ | ८.०४ |
| ६ | माझी | १ (१६.६६) | ५ (८३.३३) | ६ | ६.७८ |
| ७ | दमाई | १ (३३.३३) | २ (६६.६६) | ३ | ५.२७ |
| ८ | सार्की | - | २ (१००.०) | २ | ३.७६ |
| ९ | कामी | - | २ (१००.०) | २ | ३.०१ |
| | जम्मा | ४० (६१.५३) | २५ (३८.४६) | ६५ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार ६५ घरमध्ये ६१.५३ प्रतिशत एकात्मक परिवार र ३८.४६ प्रतिशत संयुक्त परिवारको रुपमा रहेको छ । एकात्मक परिवारलाई हेर्दा सबैभन्दा बढी क्षेत्री ८७.०९ प्रतिशत र संयुक्त परिवारमा जनजाति तथा दलित समूह सबैभन्दा बढी रहेको पाइन्छ । यसले के देखाउँछ भने अध्ययन क्षेत्रका उत्तरदाताहरू एकात्मक परिवारतिर उन्मुख हुनुको मुख्य कारण आर्थिक कारण हो । यसलाई शहरीकरण र आधुनिकताले ल्याएको उपज मान्न सकिन्छ । व्यक्तिहरू स्वतन्त्र भएर आफ्नो सामाजिक विकास गर्न चाहन्छन् । त्यसमा उनीहरू परिवारको हस्तक्षेप मन पराउदैनन् । यसरी हेर्दा अध्ययन क्षेत्रमा व्यक्तिवादी सोचाइको कारण दिन प्रतिदिन एकात्मक परिवारको संख्या बढ्दै गएको पाइन्छ ।

### ४.२.५ पेशा

अध्ययन क्षेत्रको उत्तरदाताहरूको मुख्य पेशालाई तलको तालिका नं. ५ मा उल्लेख गरिएको छ। विशेष गरी १५-५९ उमेर समूहका व्यक्तिहरू आर्थिक कारोबारमा बढि गतिशिल छन्।

**तालिका नं. ५: जनसंख्याको समग्र पेशागत विवरण**

| क्र.सं. | मुख्य पेशा | ब्राह्मण (Ü) | क्षेत्री (Ü) | जनजाति (Ü) | दलित (Ü) | जनसंख्या (Ü) |
|---|---|---|---|---|---|---|
| १ | कृषि/खेती | १०(३८.४६) | ७४(४०.२१) | ७०(५०.०) | २५(५२.०८) | १७९(४४.९७) |
| २ | नोकरी | ६(२३.०७) | ३०(१६.३०) | ८(५.७१) | २ (४.१६) | ४६(११.५५) |
| ३ | ज्यालादारी | - | - | १२(८.५७) | १२(२५.०) | २४(६.०३) |
| ४ | व्यापार | २ (७.६९) | ६ (३.२६) | २(१.४२) | - | १०(२.५१) |
| ५ | वैदेशिक रोजगार | - | २६(१४.१३) | २४(१७.१४) | ३(६.२५) | ५३(१३.३१) |
| ६ | अध्ययन | ४(१५.३८) | २६(१४.१३) | १०(७.१४) | ३(६.२५) | ४३(१०.८०) |
| ७ | धामीझाँक्री | - | - | २(१.४२) | - | २(०.५०) |
| ८ | वेरोजगारी | - | ७ (३.८०) | ४(२.८५) | १(२.०८) | १२(३.०१) |
| ९ | अशक्त | ४(१५.३८) | १५(८.१५) | ८(५.७१) | २(४.१६) | २९(७.८) |
| | जम्मा | २६(१००.०) | १८४(१००.०) | १४०(१००.०) | ४८(१००.०) | ३९८(१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार अध्ययन क्षेका ६५ घरधुरीका जनसंख्याहरु मध्ये सबैभन्दा बढी ४४.९७ प्रतिशत कृषि पेशामा संलग्न रहेको देखिन्छ। त्यस्तै १३.३१ प्रतिशत उत्तरदाता वैदेशिक रोजगारमा संलग्न रहेको पाइन्छ भने विभिन्न कार्यलय, संघसंस्था, विद्यालय आदि क्षेत्रमा नोकरी गर्नेहरुको संख्या समेत उल्लेख्य रुपमा (११.५५%) रहेको र सबैभन्दा कम पेशाको रुपमा धामीझाक्री ०.५० प्रतिशत रहेका छन। यस तालिका अनुसार आर्थिक रुपले गतिशील व्यक्तिहरू जम्मा जनसंख्या भने ठूलो मात्रमा ९२.७१ प्रतिशत रहेको पाईन्छ।

### ४.२.६ शिक्षा

अध्ययन क्षेत्र पूर्वपश्चिम राजमार्गलाई छोएको सर्लाही जिल्लाको कर्मैया गा.वि.स. को वडा नं. ५ मा पर्ने भएकोले सोही वार्डमा १ वटा गा.वि.स. र १ वटा प्राथमिक विद्यालय रहेको हुँदा प्रायः ९५.० प्रतिशत व्यक्तिहरू अर्थात् उत्तरदाताहरू साक्षर भेटिएका छन्। उत्तरदाताको शिक्षाबारे तलको तालिका न. ६ बाट स्पष्ट पार्न सकिन्छ।

**तालिका नं. ६: लिंगको आधारमा जनसंख्याको साक्षरता स्तर**

| क्र.सं. | शिक्षाको स्तर | लिंग | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | प्रतिशत | महिला | प्रतिशत | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | ८६ | २१.६० | १०९ | २७.३९ | १९५ | ४९.१० |
| २ | माध्यामिक | २६ | ६.५७ | २८ | ७.०४ | ५४ | १३.०० |
| ३ | उच्च माध्यामिक | ४० | १०.१५ | २२ | ५.५३ | ६२ | १५.०० |
| ४ | स्नातकभन्दा माथि | २८ | ७.१४ | १६ | ४.०३ | ४४ | १२.०० |
| ५ | निरक्षर | ६ | १.५० | ३७ | ९.३० | ४३ | ११.०० |
| | जम्मा | १८६ | ४६.९६ | २१२ | ५३.०४ | ३९८ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६७

अध्ययन क्षेत्रका उत्तरदाताहरूको करिब ९०.० प्रतिशत व्यक्तिहरू विभिन्न तहको शिक्षा पारगरी साक्षर समूहमा परेको देखिन्छ भने बाकी १०.० प्रतिशत निरक्षर सबैभन्दा बढी महिलाहरू नै रहको पाइन्छ । महिला निरक्षर कूल महिला संख्याको १७.४५ प्रतिशत निरक्षर छन् भने ८२.५४ प्रतिशत विभिन्न तहका शिक्षा पार गरी साक्षर देखिन्छ ।

अध्ययन क्षेत्रमा त्यस गा.वि.स. को एक मात्र उच्च माध्यामिक विद्यालय पर्नुका साथै एउटा प्राइवेट Primary Level को बोर्डिङ स्कुल समेत रहेको छ । त्यसैले उक्त उ.मा.वि को नाममा ३२ बिगाह जग्गा रहेको छ विद्यालय सरकारी स्तरको भएको हुँदा उक्त उ.मा.वि.मा आन्हानीको स्रोत देखिएको छ । त्यसैले अध्ययन क्षेत्रका पुराना पुस्ता बाहेक अन्य नयाँ पुस्ता सम्पूर्ण शतप्रतिशत साक्षर छन् । यसरी महिला अर्थात छोरी बुहारीलाई पनि उचित शिक्षा दिनुपर्दछ भन्ने प्रशस्त विचार र भावना भएको पाइनछ । यी बाहेक अनौपचारिक शिक्षा परियोजनाबाट संचालित प्रौढ शिक्षा, महिला शिक्षा पनि संचालन भएकोले गर्दा बाँकी ४३ जना निरक्षर पनि छिटै साक्षर हुने अवस्थामा छन् । प्रौढ शिक्षाले गर्दा हामी पनि अक्षर चिन्न थालेको जानकारी त्यहाँका एक महिला उत्तरदाता कल्पनाबाट बताउँछिन् ।

### ४.२.७ अध्ययन क्षेत्रको अर्थतन्त्र

नेपालको मुख्य अर्थतन्त्रको रुपमा कृषि, पशुपालन तथा व्यापार पर्दछन् । यस कुराबाट अध्ययन क्षेत्रको अर्थतन्त्र पनि टाढा छैन् । अध्ययन क्षेत्रको मुख्य अर्थतन्त्र कृषि, पशुपालन र सामान्य व्यापार तथा वैदेशिक रोजगार र केही मात्रामा आधुनिक व्यवसाय जस्तै निजी बोर्डिङ संचालनहरू रहेका छन् । साथै फलफूल खेतीलाई पनि केही उत्तरदाताहरूले जीवन निर्वाहको रुपमा अंगालेको पाइयो । यसरी हेर्दा कृषि, पशुपालन र व्यापार तथा वैदेशिक रोजगारलाई जीवन निर्वाहको माध्यम वनाइएको पाइन्छ ।

#### (क) कृषि

नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि रहेको छ । यहाँको कुल जनसंख्याको ८०.० प्रतिशत भन्दा बढी जनसंख्या कृषि पेशामा निर्भर छन् । नेपालमा कृषि जमिन ३० लाख अर्थात २१.० प्रतिशत रहेको छ । अध्ययनक्षेत्रको उत्तरदाताहरूको पनि मुख्य आर्थिक क्रियाकलाप

कृषि नै हो । अध्ययन क्षेत्र भित्रका ६५ घरका उत्तरदाताहरू लगभग ८०.० प्रतिशत भन्दा बढि आधुनिक कृषि प्रणालीमा आधारित छन् । नेपालको सबैचन्दा ठूलो बागमती सिचाइ आयोजना यही गा.वि.स. मा पर्ने भएका हुँदा सिजनल बाली जस्तै उखु, धान, मकै, गहुँ, आलु, तरकारी जस्तै टमाटर, सिमी, लौका, सुर्खानी परवर आदि खेतीबाट प्रशस्तै आयआर्जन गरेको पाइन्छ । साथै फलफूलमा आँप, कटहर, लप्सी, केरा, अनार, आरु, लगायतको फलफूल उत्पादन गरी देशका अन्य ठाउँ जस्तै वीरगञ्ज, हेटौडा, नारायणघाट, काठमाडौंसम्म निर्यात गरी आर्थिक आम्दानी प्रसस्तै गरेको पाइयो । अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई आफ्नो खेतीपाटीबाट के कति समयसम्म अन्नले धान्न सकिन्छ भन्ने कुरालाई तलको तालिका न. ७ बाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ७: उत्तरदाताहरूको वार्षिक उत्पादित अन्नबाट गुजारा हुने समयावधि**

| क्र.सं. | खान पुग्ने महिना | घरधूरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-६ महिना | ६ | ९.० |
| २ | ६-१२ महिना | २४ | ३७.० |
| ३ | १२-महिना भन्दा बढी | ३५ | ५४.०७ |
|  | जम्मा | ६५ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६७

जम्मा ६५ घरधुरी मध्ये ५९ घरधुरीलाई आफ्नो उत्पादनले १२ महिनासम्म धान्न सक्ने देखिन्छ । साथै ३५ घरधुरीलाई त उत्पादित अन्न बेचबिखन गरी प्रशस्त आर्थिक आम्दानी गर्ने अवस्था समेत रहेको छ । अर्कोतिर, ६ घरधुरीहरुलाई आफूले उत्पादन गरेको अन्नले १-६ महिनासम्म मात्र धान्ने पनि देखिन्छ । तीमध्ये पनि लगभग सबै स्थानीय तहमा ज्याला मजदुरी गरी आफूलाई अरुसरह जीवन निर्वाह गर्ने गरेको पाइन्छ भने ठूलाबडाहरूले पनि स्थानीय व्यक्तिलाई स्थानीय रोजगारीको अवसर दिने गरिएको पाइयो ।

### (ख) जग्गाको किसिम र स्वामित्व

अध्ययन क्षेत्रको उत्तरदाताहरूको मुख्य पेशा कृषि भएकोले त्यहाँ सिंचाइको राम्रो व्यवस्था भएकाले सिजन अनुसारको वर्षे र नगदेवादी साथै फलफुल तथा तरकारी खेतीहरू प्रसस्तै भएको पाइयो । यस क्षेत्रका उत्तरदाताहरूमा सबभन्दा बढी जग्गा क्षेत्री जातिहरूमा रहेको छ जस्मा सरदर तीन बिगाको दरले जमीन पर्दछ । घटिमा १५ कट्टा र बढिमा १४/१५ विगाहसम्म जमिन भएको पाइयो । साथै सबैभन्दा कम जग्गा केही जनजाति र दलित समुदायमा देखिन्छ जाहाँ ५/६ कट्टा मात्र रहेको छ । यसरी हेर्दा थोरै जमिन भएपनि सिचांइले गर्दा बार्षिक ३/४ बाली खेती हुन गरेको छ भने बढी मात्रामा हाइब्रेड खेती र विकास मल, किटनाशक औषधि प्रयोगले गर्दा जमीनको उत्पादन क्षमतामा भने ह्रास आउन थालेको पाइयो । अध्ययन क्षेत्रका उत्तरदाताको जमिनको किसिम र स्वामित्वबारे तलको तालिका नं. ८ मा देखाउन सकिन्छ ।

**तालिका नं. ८ः उत्तरदाताहरूको स्वामित्वमा भएको जमिनको किसिम**

| क्र.सं. | जाति | जमिनको किसिम (विगाहामा) | | जम्मा जमीन | प्रतिशत | घरधुरी संख्या |
|---|---|---|---|---|---|---|
| | | सिंचित हुने | बारी (टार) | | | |
| १ | ब्राह्मण | १४ | २ | १६ | ११.९४ | ४ |
| २ | क्षेत्री | ५२ | २७ | ७९ | ५८.९५ | ३१ |
| ३ | जनजाति | २४ | ११ | ३५ | २६.११ | २३ |
| ४ | दलित | १ | ३ | ४ | २.९८ | ७ |
| | जम्मा | ९१ | ४३ | १३४ | १००.० | ६५ |

स्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार अध्ययन क्षेत्रको उत्तरदाताहरूको कूल खेती गरिने जमिनलाई मोटामोटी हिसाबले विगाहको रुपमा विश्लेषण गरीएको छ जस्मा १३४ विगाहा जमीन खेतीयोग्य रहेको छ । त्यसमध्ये ब्राह्मणको समूहमा १४ विगाहा सिंचित र २ विगाह बारी (सिंचित नहुने) गरी कुल १६ विगाहा (११.९४%) छ भने क्षेत्री समुदायको सिंचित हुने गहिरी खेत ५२ विगाहा र सिंचित नहुने वारी २७ विगाहा गरी कुल ७९ विगाहा (५८.९५%) रहेको छ । त्यसैगरी, जनजाति समूदायको सिंचित हुने गहिरीखेत २४ र बारी ११ विगाहा गरी कुल ३५ विगाहा छ भने सबैभन्दा कम दलित समुदायका गहिरी खेत सिंचित हुने १ विगाहा र वारी ३ विगाहा गरी कुल ४ विगाहा रहेको देखिन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूले ९१ विगाहा गहिरी खेत ४३ विगाह बारी गरी कुल १३४ विगाह जमीन भोग चलन गर्दै आएका छन् । यसरी जस्को बढी जमीन छ उसको आर्थिक अवस्था पनि सबल नै रहेको पाइन्छ ।

**(ग) खेती प्रणाली**

अध्ययन क्षेत्रको जमीन कृषियोग्य छ, साथै सिंचाइ सिंचित हुने हुँदा जमिन मलिलो पनि छ । थोरै व्यक्ति बाहेक लगभग ९०.० प्रतिशत उत्तरदाताको वर्षभरी गुजारा चल्ने अन्नबाली राम्ररी नै उब्जनी हुन्छ । करिब ३०.४० प्रतिशतले उत्पादन बिक्रीवितरण गर्ने र नगदे बालीबाट त्यहाँका बासिन्दाहरूले पर्याप्त आर्थिक लाभ लिने गरेको पाइयो । यसरी वार्षिक ३-४ बालीमा मकैको स्थान उच्च पर्दछन भने नगदे वाली उखु र तरकारी समेत पर्ने देखिन्छ । पहिलो पटक उखुभित्र धनिया पनि उत्पादन गर्ने गरेको पाइयो । यसरी विकासे र कम्पोष्ट गरी दुवै खाले मल प्रयोग गरेको पाइने र आधुनिक कृषि विज्ञहरूको सल्लाह बमोजिम जमिनको उर्वरा शक्तिमा पनि खासै ह्रास हुने गरेको पाइएन । यसरी कृषि प्रणाली उत्तम खालको नै हुने गरेको पाइयो ।

**(घ) कृषि वालीको मुख्य प्रकार**

अध्ययन क्षेत्रको उत्तरदाताहरूको मुख्य खाद्यवालीमा धान, मकै, गँहु र केही मात्रामा कोदो र फापर हो भने नगदे वालिमा उखु, तोरी सर्स्यू, चना, धनिया आदि पर्दछ । तरकारीहरूमा गोलभेडा, तरुल, लौका, चिप्लेभिन्डी, भाण्टा, आदि रहेको छन् । फलफूलमा आँप, भुइकटहर,

रुखकटहर, अनारस, केरा प्रमुख हुन् । यहाँ सिंचाई सुविधाका साथै टारबारीमा आकासे पानीको पनि केही भरपर्नु पर्ने दखिन्छ । धान र मकैका लागि वैशाखमा जमिन तयार गरी मकै जेठमा र धान असारमा रोप्ने कार्य गरिन्छ । साथै माघ महिनामा पनि विकासे मकै रोपिन्छ र चैत्रमा तयार गरिन्छ । यसै गरी उखु प्राय कार्तिक र फाल्गुनमा रोपिन्छ र त्यसभित्र १ महिना पछि गोडमेल गरी असार श्रावणमा तामेर खाद्यमल हालिन्छ । धान खेतीका लागि आलि राम्ररी लगाइन्छ र आलीमा रहर रोपिन्छ । जुन दालको लागि अति महत्वपूर्ण हुन्छ भने गहुँ मंसिर पौषमा लगाइन्छ ।

**तालिका नं. ९: मुख्य बालीहरूको जमिन तयार देखि भित्र्याउने बेलासम्मको समय तालिका**

| क्र.सं. | बाली | कार्यहरू | वै. | जे. | अ. | सा. | भा. | अ. | का. | म. | पौ. | मा. | फा. | चै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | धान | जमिन तयारी | √ | √ | | | | | | | | | | |
| | | बिउ रोप्ने | | | √ | √ | | | | | | | | |
| | | गोड्ने/मलजल गर्ने | | | | √ | √ | | | | | | | |
| | | काट्ने/भित्राउने | | | | | | √ | √ | √ | | | | |
| २ | मकै खेत/बारी | जमिन तयारी, | √ | | | | | | | | √ | √ | | |
| | | बिउ छर्ने, | | √ | | | | | | | | √ | √ | |
| | | गोड्ने | | | √ | √ | | | | | | | √ | |
| | | भाच्ने/भित्र्याउने | | | | √ | √ | | | | | | √ | √ |
| ३ | गहुँ खेत | जमीन तयारी | | | | | | √ | √ | | | | | |
| | | बिउ छर्ने | | | | | | | | √ | √ | | | |
| | | गोड्ने/मलजल गर्ने | | | | | | | | | | √ | √ | |
| | | भित्र्याउने | √ | | | | | | | | | | | √ |
| ४ | आलु खेत/बारी | जमीन/ड्याङ तयारी | | | | | | | √ | | | | | |
| | | बिउ रोप्ने | | | | | | | | √ | | | | |
| | | गोड्ने/मलजल गर्ने | | | | | | | | | √ | √ | | |
| | | खन्ने | | | | | | | | | | | √ | √ |
| ५ | उखु खेत/बारी | जमिन तयारी | | | | | √ | √ | | | | | | |
| | | बिउ रोप्ने | | | | | | | √ | √ | | | | |
| | | गोडमेल | | | | | | | | | √ | √ | √ | |
| | | काट्ने | √ | | | | | | | | | | | √ |
| ६ | गोलभेडा बारी | जमिन तयारी | | | | | √ | √ | | | | | | |
| | | बिउ रोप्ने | | | √ | | | | √ | √ | | | | |
| | | गोडमेल | | | | | | | | | √ | √ | | |
| | | टिप्ने | | | | | | | | | | √ | √ | √ |

स्रोतः स्थलगत अध्ययन, २०६७

अध्ययन क्षेत्रको उत्तरदाताहरूको खेतवारी प्राय मलिलो हुने हुनाले गहिरी खेतमा सिंचित गरी वर्षको ४ बाली धान र मकै लगाइने गरिन्छ भने वारीमा मकै, कोदो, बोडी, गोलभेडा र अन्य नगदे वाली लगाइन्छ । खेतका धानसँग घुसुवा वालीको रुपमा मास, भटमास, बोडी, तील, रहर छर्ने काम भने महिलाहरुले गर्दछन् । यहाँको जमीन मलिलो र कुलोबाट सिंचित हुने हुँदा उत्पादन मनग्य हुने गरेको पाइन्छ । धान, मकै, कोदो जस्ता बाली भित्राउने बेलामा आफ्नो कूल र भूमिपूजा गर्ने गरेको पाइन्छ । कूलायन र भूमि पूजा गर्दा ब्राह्मण, क्षेत्रीहरूको एउटै चलन भएपनि त्यहाँका जनजातीहरूमा भने फरक-फरक चलन र प्रथा रहेको छ ।

क्षेत्री समूदायमा बाली लगाउदा विशेष गरी धान बाली लगाउने बेलामा धानको विउँ रोप्नु अघि खेतमा नाग देवता र भूमि देवताको पूजा गरेपछि मात्र धान रोप्ने चलन छ । हुनत सिंचाईबाट बाली खेतबारीमा पटाउने गरेता पनि परम्परागत रुपमा आफ्ना पुर्खाहरूले मान्दै आएको रितिरिवाजको रुपमा यसलाई लिइन्छ । त्यसैगरी धान भित्र्याउने बेलामा प्राय सबै समुदाय ब्राह्मण, क्षेत्री, जनजाती, दलित सबैले धान थुपार्ने ठाउँमा गाईको गोवरले लिपपोत

गरी धानको थुप्रो लगाउने र धानको थुप्रोमा पूजाआजा गरी भेटी समेत चढाइन्छ । यो भेटी सबभन्दा पहिला घरमा धान बोकेर पुऱ्याउने व्यक्तिको हक लाग्छ । यसरी धान भनेको लक्ष्मी हुन र यसमा सधै लक्ष्मीले वास गरुन भन्ने हो । चरु हाल्नु, न्वाई खानुको मुख्य उद्देश्य भगवानको आर्शिर्वादले फलेको अन्नलाई ग्रहण गर्नु अघि देवतालाई चढाउनु पर्छ भन्ने हो ।

जनजाति एवं दलित समुदायमा भने भूमिपूजा गर्न घरमा जाँड, रक्सी पार्ने चलन छ । देवतालाई खुशि पार्न हाँस, कुखुरा खसी, बोका, राँगो भोग दिने चलन पनि छ । यसरी गहुँ बाली भित्राउने बेलामा गहुँको पिठोको जाँड वनाइन्छ । यति गरिसकेपछि मात्र धान गहुँ बाली खान हुन्छ । यसरी जनजातिहरूमा पनि भूमिपूजा गर्नुको तात्पर्य भूमि देवता खुशी भएर नै हामी सबैको भलाई हुन्छ भन्ने हो ।

यसरी माथि उल्लेखित वाली र तरकारी लगायत फलफुलहरूमा जस्तै आँप, कटहर, अनारस, मेवा, केरा, लिच्ची, आरु, आदि पनि उत्पादन गरि स्थानीय बजार लगायत देशका प्रमुख सहरतिर पनि बिक्रीका लागि लैजाने गरिन्छ । जसबाट अध्ययन क्षेत्रका उत्तरदाताहरूले प्रसस्त आम्दानी गर्ने गरको पाइयो । जसबाट गाउँमा प्रसस्त लगानीका अवसर सृजना भई समूह गठन र सहकारी विकास भएको छ ।

**(ङ) पशुपालन**

यस अध्ययन क्षेत्रमा पशुपालनलाई कृषिको परिपुरकको रुपमा लिइएको छ । खेतवारीमा हाल्ने, जमीन जोत्ने, अन्नवाली, ओसार्ने जस्ता कार्यमा गोरु, राँगालाई प्रयोग गरिन्छ । त्यसैले पशुपालन र कृषि एकआपसमा परिपुरकको रुपमा लिइन्छ । यस क्षेत्रमा गाई, भैसी, दुधको लागि पालिने गरिएको छ । गोरु र राँगा जोत्नको लागि पाल्ने गरिन्छ भने खसी, बोका, बंगुर, हाँस, कुखुरा, परेवा, वनेल मासु र आम्दानीको लागि पाल्ने गरिएको छ ।

**तालिका नं. १०: वस्तुभाउको संख्या र प्रकार**

| **क्र.सं.** | **वस्तुभाउको प्रकार/घरधुरी** | **जाति/समूह** | | | | जम्मा बस्तभाउ/घरधुरी (६५) |
|---|---|---|---|---|---|---|
| | | **ब्राह्मण(४)** | **क्षेत्री (३१)** | **जनजाती (२३)** | **दलित(७)** | |
| १ | गाई | ६ | २७ | १६ | २ | ५१ |
| २ | भैसी | ४ | ३६ | १२ | ३ | ५५ |
| ३ | गोरु | ८ | ५८ | ४६ | ४ | ११६ |
| ४ | रागाँ | - | - | १४ | - | १४ |
| ५ | बाख्रा | ४ | ९० | २०० | १६ | ३१० |
| ६ | वंगुर | - | - | ३६ | २ | ३८ |
| ७ | वनेल | - | ४ | १० | १ | १५ |
| ८ | कुखुरा | - | १६० | २०० | ५० | ४१० |
| ९ | परेवा | ३० | १०० | १०० | - | २३० |
| १० | हाँस | - | २० | ६० | १० | ९० |
| जम्मा | | ५२ | ४९५ | ६९४ | ८८ | १३२९ |

स्रोतः स्थलगत निरीक्षण २०६७ ।

माथि देखाइएको तालिका नं. १० अनुसार ६५ घरधुरीमा कुल १३२९ वस्तुभाउ तथा पशुपंक्षीहरु रहेका पाईयो । सबैभन्दा बढी बाखा (३१०), कुखुरा (४१०) र परेवा (२३०) रहेका छन् किनकी यसबाट नगद व्यापार छिटो हुने र आर्थिक आम्दानी बढी हुने हुनाले उत्तरदाताहरूले बाखा, कुखुरा र परेवा पालनलाई जोड दिएका छन् । त्यसैगरी जोत्नको लागि राँगा, गोरु तथा दहि र दुध खानको लागि गाई र भैसी पनि प्रसस्तै पाल्ने गरेको छ । हेरचाहको लागि महिलाहरु बढी व्यस्त रहेको देखिन्छ भने जमीन जोत्ने कार्यको लागि पुरुषहरु व्यस्त छन् । यसरी हाट बजारै पिच्छे खसि बोका, परेवा, हाँस बिक्रि गरि आम्दानी मनग्गे गरेका छन् र बाली खनजोत, गोडमेलमा ज्यालादारी र पर्मको पनि चलन रहेको पाइन्छ । जातिगत आधारमा हेर्दा जनजातिहरुले विभिन्न जातको सबैभन्दा बढी (६९४) वस्तुभाउ तथा पशुपंक्षी पालेको देखिन्छ भने क्षेत्री दास्रो नम्बरमा रहेको छ ।

### (च) श्रम विभाजन र निर्णन गर्ने प्रक्रिया

अध्ययन क्षेत्रभित्र उत्तरदाताहरूको विचमा हुने श्रम विभाजन र निर्णय गर्ने तरिकामा खास गरी कृषि, पशुपालन, तरकारी खेतीमा बढी श्रम महिलाहरूले गर्ने गरेको पाइयो । विउ छर्ने, गोडमेल गर्ने, बाली काट्ने काममा लगभग ८०.० प्रतिशत भन्दा बढी महिलाहरूको संलग्नता पाइएको छ भने व्यापार गर्ने, विक्रि वितरण केन्द्रमा पुऱ्याउने र नगद कारोबारमा पुरुषहरूको बढी संलग्नता देखिन्छ । खेतवारीमा बाली हेरचाह गर्ने, गोडमेल गर्ने, बाली काट्ने किटनासक औषधि प्रयोग गर्ने कार्यमा महिला तथा बालबालिकाहरूको पनि संलग्नता रहेको छ भने खेतवारीमा पानी पटाउने र अन्न वाली लोड/अनलोडमा पुरुषहरूको संलग्नता बढी छ । तर निर्णय प्रक्रियामा भने महिलाहरुको २०.० प्रतिशत मात्र संलग्नता भएको देखिन्छ । श्रममा पुरुषको २०.० प्रतिशत संलग्नता हुदा निर्णय प्रक्रियामा भने ८०.० प्रतिशत रहेको छ तापनि जमिन जोत्ने कार्यमा भने सतप्रतिशत पुरुषहरु नै संलग्न रहने गरेको छ । बजार, व्यापारिसँग लेनदेन र उत्पादित अन्नबाली, पशुपालन, फलफुल र तरकारीको विक्रीबाट प्राप्त रकम पुरुषले नै लिने गरेका छन् भने बाखा पाठा, खसी बोका, हाँस, कुखुरा, भैसी जस्ता जनावर र पशुपंक्षी महिलाहरूले दाइजो तथा पेवाको रुपमा प्रयोग गरि अध्ययन क्षेत्रका करिब ६०.० प्रतिशत महिलाहरूले आर्थिक लाभ गरी बचत गर्ने र आयआर्जन समूह गठन गरी रकम ढुकुटी खेल्ने गरेको र त्यसबाट थप प्राप्त नगदबाट गरगहना र केही जमिन खरिद गरी आफ्नो स्वामित्वमा समेत राख्ने गरेका पाइन्छ । यसरी समग्रमा भन्नुपर्दा श्रममा महिला संलग्नता बढी र निर्णय प्रक्रियामा पुरुष भएपनि महिलालाई प्रसस्तै अवसर र निर्णय प्रक्रियामा सहभागी गराउने संस्कारको विकास भने तीव्रगतिमा हुने गरेको स्थनीयहरु छलफलका क्रममा बताउने गर्दछन् ।

### (छ) कृषिमा महिला सहभागिता

अध्ययन क्षेत्रको कुल जनसंख्याको करिब ८०.० भन्दा बढी जनसंख्या कृषिमा निर्भर रहेपनि करिब ९५.० प्रतिशत महिलाहरु पर्दछन् । हरेक प्रकारका खेती प्रणालीमा महिलाहरूको प्रत्यक्ष संलग्नता रहेको कुरा स्थलगत निरीक्षणमा पाइयो । जसमा खेतमा बीउ छर्ने, गोडमेल गर्ने, किटनाशक औषधि प्रयोग गर्ने, वाली काट्ने, तरकारी गोड्ने, टिप्ने, ड्याङ तयार गर्ने, बाली भाच्ने पर्म लगाउने जस्ता कार्यमा महिलाहरूको सहभागिता भेटिए तापनि बेचबिखन गर्ने, आर्थिक कारोबार गर्ने जस्ता कार्यमा भने पुरुषहरूको बाहुल्यता रहेको स्थलगत निरीक्षणबाट

पाइयो । यसरी निर्णय प्रक्रिया र आर्थिक पहुँचमा भने पुरुषभन्दा महिलाहरु पछाडि नै रहेका खुलस्त देखिन्छ ।

### ४.२.८ स्थानीय आर्थिक संस्थामा महिला सहभागिता

**(क) पशुपति वचत तथा ऋण सहकारी संस्था**

अध्ययन क्षेत्रमा एकमात्र पशुपति वचत तथा ऋण सहकारी संस्थाको स्थापना वि.स.२०५७ सालमा गरी संस्थालाई विकसित गरेको पाइयो । ६५ घरधुरीमध्ये ब्राह्मण ४, क्षेत्री २९, जनजाती १२ र दलित ३ गरी कुल ४८ घरधूरीहरूको संलग्नता उक्त ऋण सहकारीमा देखिन्छ भने बाँकी घरधूरीहरुले सदस्यता नलिएतापनि आर्थिक कारोबारमा भने संलग्नता रहने गरेको पाइयो । रु. ५/५ हजारबाट शुरु गरिएको र हाल मासिक रु.१०० देखि रु.१००० सम्म वचत गर्ने व्यक्तिहरू रहनुका साथै कृषि, व्यापार, शैक्षिक, असक्त जस्ता कर्जाहरु बार्षिक १६ प्रतिशत व्याजमा दिने र वार्षिक रुपमा बोनस वितरण गर्ने व्यवस्था समेत रहेको देखिन्छ । उक्त सहकारी संस्थाका सदस्य तथा बचतकार्ताहरु भने अधिकांशरुपमा महिलाहरु रहेको बताउँछन संचालक समितिहरु । बचत, मुद्दती, नारी सम्मान, बालबचत, जस्ता वचतखाताहरु खोली स्थानीय ७ जना व्यक्तिहरुसमेत उक्त संस्थामा रोजगार रहेका छन् । वार्षिक साधारणसभामा खर्च तथा आम्दानीबारे पारदर्शीरुपमा छलफल गरी चियापान समारोहसमेत गर्ने गरेको पाइयो । सहकारी संस्थामा संचालक समिति, कार्य समिति, अनुगमन तथा मूल्याङ्कन समिति, ऋण कर्जा समिति र सल्लाहकार समितिहरुमा महिलाहरुसमेत रहेका छन् ।

**(ख) सामुदायिक वन वचत समूह**

पशुपति सामुदायिक वनबाट प्राप्त आम्दानीलाई एक वचत समूह गठन गरी वार्षिक १८ प्रतिशत व्याजमा मासिक व्याज तिर्ने गरी ७ जनाको समिति गठन थरी १२९ सदस्यता रहेको वचत समूह पनि संचालनमा रहेको छ । यसले चाहिँ वनबाट प्राप्त आम्दानीलाई व्यवस्थित गरी कर्जा प्रवाह र विकास निर्माणको कार्य गर्ने र शैक्षिक संस्थाहरुको संचालन गर्ने कार्यहरुमा सहयोग गरेको पाइयो ।

**(ग) महिला वचत समूह**

यस समूहमा महिलाहरू मात्र रहेको एक आयआर्जन समूह गठन गरी क्रियाशीलरुपमा रहेको छ । जसले महिलाहरूलाई बाखा पालन, कुखुरा पालन, बंगुर पालन, सिलाइ बुनाइ र ब्यूटिपार्लर जस्ता कार्यमा महिलाहरूलाई उत्प्रेरित गरि आयआर्जन गर्ने कार्यमा उन्मुख गराइएको पाइयो ।

# अध्याय – पाँच

# वन तथा वन्यस्रोतहरुको प्रयोग र व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने बाधक तत्वहरु

यस अध्यायमा वन तथा वन्यस्रोतहरुको प्रयोग र सामुदायिक वन विकासमा महिला सहभागितालाई प्रस्तुत गरीएको छ । त्यसै गरी वन व्यवस्थापन गर्नमा महिलाको साहभागितालाई प्रभाव पार्ने बाधक तत्वहरुको समेत खोज एवं विश्लेषणात्मक रूपले प्रस्तुत गरीएको छ ।

## ५.१ वन तथा वन्य स्रोतहरुको व्यवस्थापन

### ५.१.१ सामुदायिक वन

सामुदायिक वन भनेको स्थानीय उपभोक्ता समूहद्धारा संरक्षण, संवर्द्धन, व्यवस्थापन र उपभोग गरिने वन हो, जसमा वनसम्वन्धी सबै अधिकार र उत्तरदायित्व उपभोक्ता समूह कै हातमा हुन्छ । उपभोक्ता समूहले नै वन्य उत्पादन जस्तैः काठ, घाँस, पत्कर, स्याउला, दाउरा, जडिबुटी आदि के कति उपभोग तथा विक्री वितरण गर्ने कुरालाई आफै निर्धारण गर्दछ । सामुदायिक वन एउटा प्रक्रिया हो, जसमा वन विभागको माध्यमबाट नेपाल सरकारद्धारा ग्रामीण जनता जसको वनसँग प्रत्यक्ष सम्वन्ध छ र जसलाई वनको आवश्यता छ त्यस्ता व्यक्तिहरुलाई पहिचान गरी वास्तविक समूह वा समूदायको निमार्ण गर्ने गरिन्छ । त्यही समुदायका सदस्यहरूलाई उनीहरू आफ्नो वनबाट के चाहन्छन ? र त्यसको छलफल गर्न उपभोक्ता समूहलाई वनको बारेमा बैठक गर्न उत्साह प्रदान गरिन्छ । त्यसपछि समुदायको उद्देश्य पूरा हुनेगरी वनको विकासको लागि कार्य योजना वनाउँन उपभोक्ता समूहलाई स्वीकृति दिईन्छ । यी प्रक्रियाहरू जिल्ला वन कार्यालयका कर्मचारीहरूको निगरानीमा पूरा गर्नुपर्ने हुन्छ ।

त्यसरी उपभोक्ता समूहमा वन हस्तान्तरण कार्य भईसकेपछि अत्यधिक वन अतिक्रमणपछि, विनास भएको जँगलमा वृक्षारोपण गरिन्छ । त्यसपछि प्राकृतिकरुपमा रहेका वनलाई उपभोक्ताहरूले आफूलाई फाईदा हुनेगरी व्यवस्थापन र संरक्षण गर्दै लैजान सबै वर्गहरुको सहभागिता जुटाईछ । यो अधिकार उनीहरूलाई नेपाल सरकारबाट अधिकार प्राप्त निकाय जस्तैः गा.वि.स. र जिल्ला वन कार्यालयले कानूनी रुप दिन्छ । सामुदायिक वनको कार्य योजना वनाउनलाई स्पष्ट निर्देशन दिएर त्यसलाई कार्यान्वयन गर्नका लागि स्थलगत कर्मचारीहरू जिम्मेबार रहन्छन् । स्थलगत कर्मचारीहरू, वन विभागका कर्मचारी या गैर सरकारी संघ-संगठनका कर्मचारीहरू जो पनि हुन सक्छ ।

अध्ययन क्षेत्रमा भईरहेको जंगललाई स्थानीय समुदायले स्थानीय स्तरबाट नै व्यवस्थापन गर्दै आएका छन् । यसका लागि वनसम्वन्धी केही नीति नियमहरू वनाई त्यसको कार्यान्वयन पनि गरिएको छ । ती निती नियमहरूलाई उपभोक्ता समूहहरूले मान्दै आएका

पनि छन् । अध्ययन क्षेत्रका शिक्षक लम्बोदर काफलेका अनुसार यस भन्दा अघि यो वनको अतिक्रमण भई द्रुततर गतिमा विनास हुँदै गईरहेको थियो । पुरा डाँडा नाँगो भएर वातावरणसमेत उजाड हुन थालीसकेको थियो । यस्तो परिस्थितिमा सामुदायिक वन उपभोक्ता समितिको गठन गराई नेपाल सरकारको मातहतमा जिल्ला वन कार्यालय, सर्लाहीले पशुपति उपभोक्ता समितिलाई वन हस्तान्तरण गरेको हो ।

२०५३/१२/२९ मा जिल्ला वन कार्यालयको कर्मचारीको समन्वयमा १३ जना सदस्यको उपभोक्ता समिति गठन गरी पहिलो चोटी बैठक गरियो । पशुपति सामुदायिक वनको कूल १२५.२९ हेक्टर क्षेत्रफलमा विभिन्न प्रजातिका रुखहरू वृक्षारोपण गरिएको छ । यहाँ विभिन्न किसिमका रुखहरू मध्ये शिशौ, साल, खयर, साज, राजविक्षे, मसला, वाँस, कर्मा, सत्तिसाल, टिक, अम्रिसो, वाब्यो, भोर्ला, कुसुम, जामुन, अमला, वेल, आँप, लिच्ची, कटहर आदी मुख्य रुपमा छन् । यहाँ ४० देखि ५० प्रतिशतभित्र वृक्षरोपण गरिएका थिए र वृक्षरोपण कार्यमा महिलाहरुको उल्लेख्य सहभागिता रहेका बताउँछन उपभोक्ता समितिहरु । यी रुख विरुवालाई वन उपभोक्ता समूहले नै जोगाउने गर्दछन् । अध्ययन क्षेत्रको वन उपभोक्ता समितिकी सदस्य सम्भना थापा भन्छिन "उपभोक्ता समुहलाई वन हस्तान्तरण गर्नु अघि वनको रेखदेखको लागि जिल्ला वन कार्यालयबाट तलव दिनेगरी वनपाले (हेरालो) राखिदिएको थियो तर अहिले त्यसको आवश्यकता देखिदैन । सामुदायिक वन नजिकैको पशुपती मन्दिर वरिपरिको धार्मिक वनको हेरालोले नै यस वनलाई पनि सामान्य रेखदेख गर्ने गर्दछ तापनि सामुदायिक वनले मासिक रुपमा तलब तोकी एकजना वनपालेको नियुक्ति समेत गरेको छ । यहाँको उपभोक्ता समुहका प्रत्येक सदस्य नै वनको संरक्षण गर्ने काममा अत्यन्त विश्वासिलो हेरालो वनेका छन् ।" यसरी गाउँका सबै उपभोक्ता मिली वन नजोगाएको भए यस भिरालो परेको जमिनमा भू-क्षय हुने संभावना बढि थियो तर आजकाल यस क्षेत्रमा पानीको मुहान बढ्नुको साथै वातावरण पनि हराभरा भएको कुरा अध्ययन क्षेत्रको स्थलगत निरीक्षणबाट थाहा भएको छ ।

यति हुँदाहुदै पनि वनबाट पूर्ण फाईदा लिन वन समिति अझ तदारुकताका साथ लाग्ने र नयाँ/नयाँ रुख बिरुवा, जडीबुटी, फलफुल लगायत बढी प्रयोग हुने रुखहरू प्रसस्त वृक्षारोपण गरी अझै वनलाई सम्पन्न र जनउपयोगी वनाउन महिलाहरुको थप सहभागिता बृद्धि गर्छौ भन्नुहुन्छ समितिका सचिव श्री रमेशराज काफले ।

### ५.१.२ निजी वन

सामन्यतया निजी वन भन्नाले कुनै व्यक्ति वा परिवारको आफ्नो कृषि गरिने जमिनबाट वा कृषि गर्न अयोग्य (बाँझो) जमिनबाट घाँसपात, सोत्तर, पत्कर, दाउरा तथा सामान्य विक्री वितरणसमेत गर्न हुने किसिमका रुख, काठपात, आदि उत्पादन हुनसक्ने ठाउँ भन्ने बुझिन्छ । खेतीको किनारामा रोपिने दुई चारवटा रुखहरू पनि निजी वनको उदारहण मानिछन् । निजी वनले मानिसलाई वन्य उत्पादनको संकटकालिन अवस्थामा पनि आफूलाई चाहिने दैनिक घरेलु आवश्यताका वस्तुहरू आपूर्ति गराउँछ । त्यसैले मानिसहरू आफ्ना निजी

जग्गा, जमिनका घर वरिपरी, कान्ला, आदि ठाउँमा रुखहरू लगाएर तिनीहरूलाई जोगाउँने समेत गरेका छन् । यस किसिमका निजी वनलाई विकास गराउन सरकारी स्तरवाट पनि प्रोत्साहन गर्ने गरिन्छ किन भने निजी वन जोगाउनाले स्थानीय स्तरमा भू-क्षय हुनबाट जोगिन्छ । साथै वन जंगलहरू पनि बढिमात्रमा अतिक्रमण हुन पाउँदैन र निजी जमिनबाट उत्पादित रुख, काठ आदि विक्री गरी परिवारमा आय आर्जन समेत हुनपुग्छ ।

अध्ययन क्षेत्रमा अधिकतम उत्तरदाताहरूको घर वरीपरी वा निजी जमिनमा केहि न केहि रुखहरू छन् । ती रुखहरूलाई उत्तरदाताहरूले दाउरा बाल्नु र वस्तुभाउको घाँस, स्याउला, सोत्तर आदिको लागि प्रयोग गर्दछन् । झिक्राहरूले दाउरा कै परिपूरकको काम गर्दछ । जग्गा जमिन धेरै हुने परिवारमा रुखहरू पनि धेरै नै हुने गरेको देखिन्छ र उपभोग गरेर बढि भएको रुखपातहरू बेच्नसमेत गर्छन् । तलको तालिका नं. ११ ले अध्ययन क्षेत्रको उत्तरदाताहरूको निजी वन तथा निजी रुख विरुवाको बारेमा स्पष्ट पार्दछ ।

**तालिका नं ११: उत्तरदाताहरूको निजी जमिनमा भएका रुखहरू**

| क्र.स | निजी रुखहरूको स्थिति | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निजी जमिनमा रुखहरू भएका | ४७ | ७२.३१ |
| २ | केही संख्यामा रुखहरू भएका | १६ | २४.६२ |
| ३ | एउटा पनि रुख नभएका | २ | ३.०७ |
| | जम्मा | ६५ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार ४७ घरधुरीहरुमा (७२.३१%) निजी रुखहरू वढी मात्रामा भएको देखिन्छ भने १६(२४.६२%) घरहरूको निजी जमीनमा केही रुखहरू भएको देखिन्छ । त्यसैगरी २(३.०७%) घरहरूको निजी जमिनमा कुनै पनि रुख छैन किनभने उनीहरूको जमिन नगन्यमात्रामा रहेको छ । ती नगन्य रुपमा रहेको जमिनमा पनि लगाउने हो भने रुखहरुले ढाकेर वा घाम छेकिएर जग्गा नै सेपिलो (घाम कहिल्यै नछिर्ने, उब्जनी नहुने जमिन) वन्छ । त्यस्तै थोरै जमिनमा दुई चारवटा रुख रोप्दैमा उनीहरूको दैनिक आवश्यता पूरा हुन पनि असम्भव छ त्यस्तै थोरै जमीनमा केहि संख्यामा रुखहरू हुने परिवारलाई पनि यी रुखहरूले आफनो दैनिक आवश्यता पुरा गर्न सक्दैन । त्यसैले यी दुवै किसिमका उत्तरदाताहरूले घरेलु आवश्यता पूरा गर्न सामुदायिक वन र धार्मिक वनवाट वन्य उत्पादन सङ्कलन गर्ने गर्दछन् साथै नपुगेमा केही दाउरा किन्ने पनि गर्दछन् । दाउरा, सोत्तर आदि संकलनका लागि महिलाहरु नै बढीमात्रमा नीजि वा अन्य वनमा जाने गर्दछन् । तालिकामा देखाइएका ४७.३१ प्रतिशत उत्तरदाताको निजी जमिनमा भएका रुखहरूले उनीहरूलाई पर्याप्त मात्रमा पुग्छ । त्यसैले उनीहरू सामुदायिक वन र धार्मिक वन त्यति प्रयोग गर्दैनन् । यस्ता परिवारले आफूलाई बढि हुने सिंगो रुखहरू, दाउरा, काठ, आदि विक्री समेत गर्ने गर्दछन् । यसरी बढि भएको काठपात विक्री गर्दा आम्दानी समेत हुने गर्दछ । विक्री गरीने रुखहरू त्यस्ता परिवारले किन्ने गर्दछन् जुन परिवारको निजी जमिनमा कुनै रुख छैन वा केहि संख्यामा भए पनि उनीहरूको आवश्यता पुरा हुन सक्दैनन् ।

### ५.१.३ धार्मिक वन

धार्मिक वन पनि एक प्रकारको राष्ट्रिय वन हो, जुन नेपाल सरकारद्धारा कुनै धार्मिक समूह वा समुदायलाई वनको संरक्षण, सम्वर्द्धन तथा उपभोग गर्नका लागि दिने गरिन्छ । धार्मिक समुहले यस किसिमको वनको सकारात्मक तरिकाले पूर्णरुपमा उपभोग गर्न पाउँछ तर कुनै व्यापारिक दृष्टिकोणबाट वनलाई प्रयोग गर्न भने पाउँदैनन् । यी धार्मिक समुह वा समुदायले वनलाई जोगाउनुको साथसाथै वनको संरक्षण र विकास गर्ने सोचाई पनि राख्नुपर्छ । यदि ती समुहले वनको अतिक्रमण गरेमा नेपाल सरकारले त्यो धार्मिक समूह वा समुदायसँग गरिएको वन हस्तान्तरणसम्वन्धी सम्झौतालाई पुर्नबिचार गर्न सक्दछ । अध्ययन क्षेत्रको पश्चिमतर्फको छेउपट्टी एउटा धार्मीक वन अवस्थित छ, जुन हरिहर क्षेत्र महादेव मन्दिरको नामले धार्मिक वनको रुपमा परिचित छ, जसको १५ हेक्टर क्षेत्रफल रहेको छ । उक्त क्षेत्र धार्मिक एवं पर्यटकिय स्थलको रुपमा समेत प्रख्यात छ । जसलाई २०५३ सालमा घोषित गरियो । यस वनको संरक्षण, सम्वर्द्धन र विकास गर्नलाई हरिहर क्षेत्र महादेव मन्दिरका धार्मिक समूहले जिम्मा लिएका छन् । यस वनको हेरविचार गर्नलाई वन हेरालोलाई मासिक रु.३५००।- तलब दिएर राखिएको छ । यस धार्मिक वनबाट पनि यहाँका स्थानीय वासिन्दाले वन्य उत्पादनलाई सङ्कलन गरी आफ्नो आवश्यक गुजारा चलाउने गर्दछन् । अध्ययन क्षेत्रको बासिन्दाले परिवारको कुनै सदस्यको मृत्यु भएमा संस्कारअनुसार समाधि गर्नका लागि धार्मिक वनबाट सुकेको रुख पाउने गर्दछन् । निजी जमिनमा रुख नभएका वा कम रुख भएका परिवारले यो धार्मिक वनबाट धेरै फाईदा लिने गर्दछ । धार्मिक वनमा पनि उपभोक्तालाई घाँस, पत्कर र केहि सुकेर खसेका हाँगाहरू सङ्कलन गर्नका लागि महिनाको दुई दिन खुल्ला गरिन्छ । यस वनभित्र हरिया रुखहरू काटेमा सजायको पनि व्यवस्था छ तर सुकेर खसेका र मरेका हाँगाहरू उपभोक्ताहरूले घर लान पाउने व्यवस्था भएको अध्ययन क्षेत्रको एकजना सदस्य वताउँछन ।

## ५.२ वन तथा वन्य स्रोतहरूको प्रयोग

वन परापूर्व कालदेखि नै लगातारमा मानिसहरूको विभिन्न किसिमका आवश्यक्तालाई पूरा गर्दै आएको छ । जडीजुटी, दाउरा, विक्री गरीने काठपात, घरका झ्याल, ढोका, गाईवस्तुले खाने घाँसपात, ओछ्याउने सोत्तर, आदिको रुपमा वनले प्रत्यक्ष/अप्रत्यक्ष रुपमा फाईदा पुऱ्याउदै आएको छ । वन्य स्रोतको प्रयोगबाट मानिसहरूको जीवनस्तर पनि माथि उठ्न मद्दत पुग्छ ।

अध्ययन क्षेत्रको प्राकृतिक स्रोतमध्ये वन्यस्रोतले महत्वपूर्ण भुमीका खेलेको छ । यस क्षेत्रका उत्तरदाताहरू वनमाथि बढि मात्रामा निर्भर रहन्छन् । जस्तैः खाना पकाउन, आगो ताप्नलाई दाउरा, गाईवस्तुलाई खुवाउनको लागि घाँसपात, ओछ्याउनलाई सोत्तर/पत्कर, स्थानीय घरेलु औषधिको लागि कच्चा पदार्थ, आदि वनबाट प्राप्त गर्ने गर्दछन् । अध्ययन क्षेत्रमा प्रयोग गरिने वन्यस्रोतको बारेमा छोटो जनकारी तल उल्लेख गरिन्छ ।

### ५.२.१ बाल्ने दाउराको रुपमा प्रयोग

नेपालका ग्रामीण क्षेत्रमा धेरैजसो दाउरा नै मुख्य ईन्धनको स्रोतको रुपमा रहने गर्दछ । यी क्षेत्रहरूमा बस्ने मानिसहरूको आर्थिक अवस्था ज्यादै नाजुक हुने हुनाले उनीहरूलाई ईन्धनको लागि बैकल्पिक स्रोतहरू जस्तैः कोईला, ग्याँस, मट्टितेल, विद्युतीय हिटर आदिलाई उपयोग गर्न असमर्थ छन् । त्यसैले यी मानिसहरूको जीवन नै वनजंगलमा आश्रित हुने गर्दछ । प्रति वर्ष इन्धनको लागि ६१८९ टन दाउरा खपत हुने गर्दछ (CBS, 2001) ।

देशको अन्य ग्रामीण भागमा झैं अध्ययन क्षेत्रमा पनि उर्जा शक्तिको मुख्य स्रोतको रुपमा ( खाना पकाउने, आगो ताप्ने आदि) दाउराको नै प्रयोग गरिन्छ । अध्ययन क्षेत्रमा विद्युतीय हिटर, ग्याँस, सौर्य हिटर, आदि प्रयोग गरिएता पनि उत्तरदाताले वन्य ईन्धनलाई खर्च र वचतको हिसावले बढी प्रयोग गरेको पाईयो । उत्तरदाताहरूले प्रयोग गर्ने घरेलु ईन्धनको स्रोतको बारेमा तल तालिका नं. १२ द्वारा स्पष्ट जानकारी गराइएको छ ।

**तालिका नं. १२ः उत्तरदाताहरूले प्रयोग गर्ने इन्धनका स्रोतहरू**

| क्र.स | ईन्धनको स्रोत | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | दाउरा | ४३ | ६६.१६ |
| २ | दाउरा तथा मट्टितेल | ६ | ९.२४ |
| ३ | ग्याँस तथा विद्युत | १६ | २४.६० |
| | जम्मा | ६५ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६७

अध्ययन क्षेत्रका उत्तरदाताहरूले बाल्नको लागि प्रयोग गर्ने इन्धनको स्रोतमध्ये दाउरा नै बढिमात्रामा प्रयोग गर्ने गरेको देखाउँछ (तालिका न. १२) । ६५ घरधुरीमध्ये ४३ घरमा पूर्णरुपमा दाउरामात्र बाल्ने गरिन्छ भने ६ घरमा दाउराको साथमा कहिलेकाही मट्टितेल पनि बाल्ने गरिन्छ । १६ घरले ग्याँस तथा विद्युत्त बढी प्रयोग गरेको पाइयो । दाउरा प्रयोग गर्ने कुरामा भने परिवार संख्या, गाईवस्तुको संख्या, जाँड, रक्सी वनाउने परिमाण, आदिमा निर्भर गर्दछ किनभने संयुक्त परिवारमा खाना वनाउँदा पर्र्याप्तमात्रामा दाउरा खपत हुने गर्दछ । त्यस्तै गाईवस्तु धेरै संख्यामा भएको परिवारमा जाडो मौसममा खोले, तातोपानी, आदि तताउँदा दाउरा बढि लाग्ने र जाँड, रक्सी वनाउने परिवारमा पनि बढि दाउरा प्रयोग हुने गरेको पाइन्छ । सामान्यतय सामुदायिक वनको हरियो रुखहरू वा रुखका हाँगाहरू उपभोग गर्नका लागि पूर्णरुपले वनदेज लगाईएको छ तर पनि वर्षको १२/१३ पटक वन खुल्ने समयमा मरेका रुख, खसेका हाँगाहरू, रुखका झिक्राहरू ल्याउन भने पाईन्छ । यस बाहेक पनि धार्मिक तथा नीजि वनबाट पनि केहि दाउरा उपभोग गर्ने गरिन्छ ।

प्रायः गरेर शिक्षित र धनी परिवारको सदस्यहरु भने दाउरा खोज्न वनमा खासै जाने गरेको पाइएन । तर जुन परिवारमा नगन्य जमिन छ वा दुई चारवटा रुखहरू छन्, ती रुखहरूले

नपुग्ने अवस्था छ भने त्यस्तो परिवारहरू सामुदायिक वन र धार्मिक वनमा आश्रित हुने हुने पनि गरेको छ । साथै केही घरपरिवार दाउरा किनेर पनि गुजारा चलाउँछन् । त्यसैगरी दाउरा बाल्नलाई आफ्नो खेतीको रुखहरूले केहि पुगनपुग हुनेहरू पनि सामुदायिक र धार्मिक वनमा नै लिन जाने गर्दछन् भने रुख धेरै हुने परिवारसँग हिउँदमा किनेर बर्षा यामलाई जोगाएर राख्ने गर्दछन् । रुखहरूका हाँगाहरू, दाउरा ल्याउनको लागि प्रायः गरी महिला र पुरुष दुबै जाने गरेतापनि महिलाहरू दाउरा संकलन कार्यमा बढि जाने गरेको पाइन्छ । यसरी दाउरा ल्याउने साथ-साथै वनलाई जोगाउने दुवै कुरामा महिलाको हात देखिन्छ । त्यसैले महिलाहरू वन संरक्षण गर्ने कुरामा बढिमात्रमा जागरुक भएका देखिए पनि व्यवहारतः लागू गरेको भने देखिदैन । दाउरा सङ्कलन गरेर दैनिक गुजारा चलाउन धेरै गाहो भएको हुनाले महिलाहरूले वनको महत्वलाई बुझेर वन जोगाउने कुरामा बढि ध्यान दिने गरेको कुरा एकजना महिलाले बताईन् । तलको तालिका नं. १३ मा अध्ययन क्षेत्रका उत्तरदाताहरूले विभिन्न उद्देश्यका लागि प्रति महिना प्रयोग गर्ने दाउराको अनुपातलाई देखाइएको छ ।

**तालिका नं. १३: उत्तरदाताहरूको प्रति महिना दाउरा खपत**

| क्र.सं. | दाउराको प्रति महिना अनुमानित परिमाण (भारीमा) | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ - ५ | १० | १५.३८ |
| २ | ६ - १० | १४ | २१.५४ |
| ३ | ११ - १५ | ३८ | ५८.४६ |
| ४ | १६ - २० | ३ | ४.६२ |
| | जम्मा | ६५ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६७ (नोटः एक भारी बरावर लगभग ५० किलोग्राम)

माथि तालिकाले के देखाउछ भने ६५ उत्तरदाताहरू मध्ये १० परिवार (१५.३८%) ले प्रति महिना अनुमानित १-५ भारी दाउरा उपभोग गर्दछन् । त्यसैगरी, १४ परिवार (२१.५४%) ले प्रति महिना ६-१० भारी दाउरा उपभोग गरेको छ भने ३८ परिवार (५८.४६%) ले ११-१५ भारी दाउरा उपभोग गर्ने गरेको छ । सबैभन्दा बढि १६-२० भारी दाउरा उपभोग गर्ने परिवार जम्मा ३(४.६२%) मात्र रहेका छन् ।

### ५.२.२. घाँसपातको प्रयोग

नेपाली ग्रामीण समुदायमा घाँसपातलाई एउटा महत्वपूर्ण स्रोतको रुपमा मान्दै आएको छ किनभने ग्रामीण समुदायमा कृषिको परिपूरकको रुपमा पशुपालनलाई लिने गरिन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूले पनि गाई, भैसी, बाखा, कुखुरा आदि पाल्ने गरेका छन् । सामुदायिक वन र धार्मिक वनमा वस्तुभाउ चराउन वन्देज छ र वस्तुभाउ चराउने उपर्युक्त सार्वजनिक स्थल पनि पर्याप्त छैन । त्यसैले ठूलाखाले वस्तुहरू जस्तैः भैंसी, गाई, गोरु आदिलाई ९७.० प्रतिशत उत्तरदाताहरूले १२ महिना घरमा बाँधेर पाल्ने गर्दछन् भने सानाखाले वस्तुहरू

करिब ६ महिना बाँधेर पाल्ने गर्दछन् । यसरी गाईवस्तुलाई बधुवा प्रकारले पाल्ने गरेपछि राम्रो आहाराको जरुरत हुन्छ । ती आहारामध्ये अध्ययन क्षेत्रमा आफ्ना गाईवस्तुलाई घाँसपात, स्याउला, पराल, मकैको पात, मकैको खोस्टा, ढोड, भुस्सा आदि खुवाइन्छ । घाँसपातका लागि भने सामुदायिक वन, धार्मिक वन तथा आफनो नीजि जमीनमा भएका स्रोतहरुमा बढी निर्भर रहनु परेको छ । बस्तुभाउहरुको हेरविचार घरका हरेक सदस्यले समेत गर्ने गरेको पाईन्छ । घाँस काट्ने काममा महिलाहरू ८९.२० प्रतिशत र पुरुषहरू १०.८० प्रतिशत सहभागी हुने गरेको देखिन्छ । अध्ययन क्षेत्रका पुरुष उत्तरदाताहरूले बताए अनुसार महिलाले नभ्याएको समयमा मात्र पुरुषहरूले घाँसपात काट्न जाने गर्दछन् । अध्ययन क्षेत्रको उत्तरदाताहरूले वस्तुभाउलाई खुवाउने घाँसपातको स्रोतको बारेमा तलको तालिका नं. १४ ले स्पष्ट पारेको छ ।

**तालिका नं.१४: मौसम अनुसार घाँसपात प्राप्त हुने स्रोतहरूमा निर्भर घरधुरी**

| क्र.स. | घाँसपात प्राप्त हुने स्रोतहरू | निर्भर घरधुरी | | जम्मा |
|---|---|---|---|---|
| | | वर्षा | हिउँद | |
| १ | आफनै खेतीवारी | १६ | ११ | २७ (४१.५३) |
| २ | सामुदायिक वन | १२ | १२ | २४ (३६.९२) |
| ३ | धार्मिक वन | ५ | ३ | ८ (१२.३०) |
| ४ | अन्य | ४ | २ | ६ (९.२३) |
| | जम्मा | ३७ | २८ | ६५(१००.०) |

स्रोत: स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार आफ्नै खेतबारीबाट प्राप्त हने घाँसपातमा निर्भर घरधुरी संख्या ४१.५३ प्रतिशत देखिन्छ । यसबाट के देखिन्छ भने किसानहरु बढीजसो आफ्नै जग्गामा भएको घाँसपातमा बढी निर्भर रहनु परेको छ किनभने सदैव वनमा घाँस काट्नसमेत समितिको तर्फबाट प्रतिवन्ध लगाईएको छ । त्यसैगरी सामुदायिक वनमा मात्र घाँसपातको लागि निर्भर रहने ३६.९२ प्रतिशत रहेको पाईन्छ भने धार्मिक वनमा १२.३० प्रतिशत छ । सामुदायिक वन घाँसको लागि साधारणतय दुवैयाममा ५/५ दिन खुलाईन्छ । भदौ-असोज देखि चाडपर्व जस्तै: साउने संक्रान्ती, जनैपूर्णिमा, तिज, दशैं तिहार, माघेसंक्रान्ती, चैते दशैं, आदिको अवसर पारेर एक देखि तीन दिन सम्म खुल्ने गर्दछ । त्यस समयमा उपभोक्ताहरूले आवश्यकमात्रमा घाँसपात काट्ने गर्दछन् । धार्मिक वनमा पनि कहिलेकही खुलेको समयमा प्रतिदिन लगभग ५ भारी घाँस काट्ने गर्दछन् । वर्षायाममा पानी बढि पर्ने हुनाले घाँस प्रशस्त हुने गर्दछ तर त्यसको तुलनामा हिउँदमा वस्तुभाउलाई पराल, मकैको खोस्टा, भुस्सा, उखातो/पगार, मकैको बोट (ढोड) आदि खुवाएर राखिन्छ । घाँसपात संकलन कार्यको लागि भने महिलाहरु नै बढी वनमा जाने र ल्याउने गरेको बताउछन उत्तरदाताहरु चैते दशैं आदिको अवसर पारेर महिलाहरूलाई सजिलो होस् भनेर घाँस र पत्करको लागि वन खुल्ने गर्दछ । त्यस बखत हरेकले कम्तीमा १ भारी घाँस ल्याउने गर्दछन् । त्यतिवेला घाँस धेरै राम्रो पाईदैन । त्यसैले बढिमात्रमा पत्कर नै सङ्कलन गर्न तर्फ लाग्दछन् ।

### ५.२.३.. पत्करको प्रयोग

रुखको सुकेर खसेका पातपतिंगर (पत्कर) गाईवस्तुलाई ओछ्याउँने सोत्तरको रुपमा प्रयोग गरिन्छ र यहि ओछ्याएको सोत्तर नै पछि मलको रुपमा कृषिको लागि प्रयोग गर्ने गरिन्छ। पत्कर सङ्कलन गर्ने मुख्य स्रोतको रुपमा सामुदायिक वन र धार्मिक वनलाई लिएको पाईन्छ। प्रायः गरी पत्कर सोहोर्नको लागि हिउँद महिना उपयुक्त हुन्छ। त्यसैले सामुदायिक वन हिउँदमा पुष/माघ र फाल्गुन/चैत्रतिर पत्कर ल्याउनको लागि खुल्ने गर्दछ। त्यस समयमा अध्ययन क्षेत्रका उत्तरदाताहरूले वर्षा यामलाई समेत पुग्नेगरी पत्कर सङ्कलन गरेर राख्छन्। पत्कर संकलन कार्यको लागि भने महिला तथा केटाकेटीहरु बढीमात्रमा वनमा जाने गरेका छन्। यसबाट नपुग भएमा मात्र धुस्नो, मकैको पात, मकैको खोस्टा आदि प्रयोग गर्ने गरिन्छ। जग्गा जमिन धेरै हुने परिवारलाई मल पनि धेरै नै चाहिने हुनाले त्यस्ता परिवारले चाहिने भन्दा बढि पत्कर सङ्कलन गरी ल्याएर सिधै मल वनाउने पनि गर्दछन्। तलको तालिका नं. १५ मा अध्ययन क्षेत्रको उत्तरदाताहरूले उपभोग गर्ने पत्करको स्रोतहरुको बारेमा स्पष्ट जानकारी गराइएको छ।

**तालिका नं.१५ः वस्तुभाउका लागि पत्कर तथा सोत्तरहरूमा निर्भर घरधुरी**

| क्र.स. | पत्कर तथा सोत्तर प्राप्त हुने स्रोतहरू | निर्भर घरधुरी | | जम्मा |
|---|---|---|---|---|
| | | वर्षा | हिउँद | |
| १ | आफ्नै खेतीवारी | १२ | ५ | १७ (२६.१५) |
| २ | सामुदायिक वन | ८ | २४ | ३२ (४९.२९) |
| ३ | धार्मिक वन | ३ | ७ | १० (१५.३८) |
| ४ | अन्य | ३ | - | ३ (४.६१) |
| | जम्मा | २६ | ३९ | ६५ (१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिकाले अध्ययन क्षेत्रका ६५ घरधुरीहरूको वस्तुभाउको लागि ओ्छ्याउने पत्करको स्रोतहरु देखाएको छ जसमध्ये सबै भन्दा बढी सामूदायिक वन क्षेत्रबाट ४९.२९ प्रतिशत पत्करहरु संकलन गरेको देखिन्छ। हिउँद महिनामा वनबाट पत्कर संकलन गर्न सजिलो हुने हुदा बढी सङ्कलन हुने गर्दछ किनभने सामुदायिक वन सुख्खा समय पुष/माघ र फाल्गुन/चैत्र महिनामा पत्करको लागि प्रायः खुल्ने गर्दछ। त्यस समयमा अध्ययन क्षेत्रका उत्तरदाताहरू आफूलाई चाहे जति ल्याएर वर्षा यामलाई पनि जोगाएर राख्ने गर्दछन्।

## ५.३. सामुदायिक वन विकास र महिला सहभागिता

### ५.३.१ पशुपतिनगरको वन व्यवस्थापनको ऐतिहासिक पृष्ठभूमि

कर्मैया गाउँ विकास समितिको वडा नं. ५ मा पर्ने लगभग २८० हेक्टर क्षेत्रफलमा रहेको पशुपतिनगर गाउँमा परम्परादेखि नै ब्राम्हण, क्षेत्री, आदिवासी/जनजाति, दलित समुदायहरूको वस्ती रहँदै आएको छ । अध्ययन क्षेत्रका मुख्य सूचनादाता बद्री खड्का (४९ वर्ष) का अनुसार, हाल उपभोक्ताद्धारा चलाइएको पशुपति सामुदायिक वन पहिला प्राकृतिक वनको रुपमा थियो । त्यत्तिवेला यहाँका मानिसहरूले यो वनलाई आफ्नै हिसाबले व्यवस्थापन गर्दै चलाउथे । स्थानीय ज्ञान र शिप अनुसार वनको रक्षा गर्ने गर्दथे । त्यसवेला वनलाई जोगाउन भनेर कुनै किसिमको नीति नियम वनाईएको थिएन र वनपाले पनि राख्ने चलन थिएन किनभने त्यस समयमा गाउँका वासिन्दा भन्दा वनको परिमाण धेरै थियो र घरेलु आवश्यताका लागि दाउरा, घाँस, पत्कर आदि मनग्य पुग्थ्यो । ढुङ्गा र लिसाइलो माटो भएको भिरालो पाखा भएकोले वन मासेर कृषि गर्ने सोचाई कसैले पनि गरेनन् । पछि विस्तारै सरकारले वन लिएपछि वनको रक्षा वनपालेद्धारा हुन थाल्यो । यसरी स्थानीय जनताबाट सरकारले वन लिएपछि उनीहरूको जिवन नै कष्टकर हुनगयो र उनीहरू आफ्नो दैनिक गुजारा चलाउनका लागि पनि वाध्य भएर वन्य उत्पादन चोरी गर्न थाले । यसरी सरकारी कर्मचारी (वनपाले) को आँखा छली रात-दिन वनको चोरी हुन थालेपछि वनको व्यवस्थापन त्यत्ति राम्रो हुन सकेन । शिक्षक लम्बोदर काफ्लेका अनुसार, २०४६ सालको प्रजातन्त्रपछि यहाँको वनको हालत झनैं खरावसँग बिग्रियो । गरीव, महिला तथा केटाकेटीहरु बढी मात्रमा वन तथा वन्यस्रोतहरु संकलन गर्न वनमा जान्थे । वनको यस्तो परिस्थितिमा वि.सं. २०५३ चैत्र २९ बाट सरकारद्धारा यस गाउँको वन स्थानीय समुदायलाई हस्तान्तरण गरी वनको संरक्षण सम्वर्द्धन तथा उचित व्यवस्थापन गर्ने जिम्मेवारी पनि दिइयो । हाल वन व्यवस्थापनको स्थिति सन्तोषजनक छ । जम्मा १२५.२९ हेक्टर क्षेत्रफल भित्र पर्ने वनको क्षेत्रलाई पूर्वतर्फ ढुङ्गेखोला, पश्चिमतर्फ हरिहरक्षेत्र सामुदायिक वन, उत्तरततर्फ गोडारी खोला र दक्षिणतर्फ पशुपति मन्दिरको सिमानाले घेरिएको छ भने उपभोक्ता समिति गठन गर्दा समेत सबै जाति, वर्गहरुको प्रतिनिधित्व रहने गरी गर्ने गरेको छ ।

### ५.३.२ वन पैदावारलाई उपभोग गर्न वनेको नियम

सामुदायिक वनभित्रका वन्य उत्पादनलाई प्राप्त गर्नका लागि वन उपभोक्ता समितिद्धारा वनाईएका नीति नियमलाई पालना गर्नुपर्छ । यदि नियम विपरित गएर वन पैदावार प्राप्त गर्न खोजेमा तिनिहरूलाई आवश्यक दण्ड सजाएको पनि व्यवस्था छ । त्यसैले जो कोही व्यक्तिले पनि जहिले मन लाग्यो त्यहिवेला वन्य उत्पादन उपभोग गर्न पाउने छैन यस समुदायमा वन पैदावार प्राप्त गर्न वनको निती, नियमको बारेमा तल छोट्करीमा उल्लेख गरिएको छ ।

#### (क) दाउरा

उपभोक्ता समितिको नियमअनुसार पशुपति सामुदायिक वनको हरिया रुखहरू काट्न मनाई गरीएको छ । यदि सुकेको रुखहरू वा झरेका रुखका हाँगाहरू छन भने हिउँदमा (पुष देखि

चैत्र) उपभोक्ताहरूले दामासाहि रुपले बाडेर लान पाउने वयवस्था छ । त्यस्तै झाँडी सुधार गर्दा आएका दाउरा पनि यसरी नै वाँडेर लान पाउनेछन् । दाउरा ओसार्ने कार्य महिलाहरुले गर्दछन भने पूरुषहरु भने वाँडफाँड तथा भागवण्डा कार्यमा सहभागि रहेको पाईन्छ । यसको लागि पनि पहिला समितिको बैठकले निर्णय गर्नुपर्छ र निर्णयहरु पुरुषले नै गरेको देखिन्छ । त्यसैगरी अध्ययन क्षेत्रका उपभोक्ताहरूमध्ये कसैको मृत्यु भएमा त्यस परिवारलाई एउटा हरियो रुख र सँस्कार गर्दा एउटा सुकेको रुख दिने नियम समितिको बैठकले गरेको छ । यदि कसैले यस समितिको नियम उल्लंघन गरेर दाउरा काठ काटेमा उसलाई दोष अनुसारको दण्ड सँजाय दिईन्छ ।

**(ख) भूईघाँस/स्याउला**

प्रत्येक वर्ष उपभोक्ताहरूलाई भूईघाँस उपभोग गर्नका लागि वार्षिक रुपमा प्रत्येक हप्ताको १ दिन खुल्ने नियम छ । ती दिन प्रायः शनिवार हुने कुरा समितिको बैठकले निर्णय गर्दछ । यस बाहेक पनि महिलाहरूलाई घाँस खोज्न टाढा जान नपरोस् भन्ने हिसाबले चाडपर्व र विशेष अवसर पारेर घाँसपातको लागि वन खुल्ने गर्दछ । घाँस खुलेको समयमा प्रति घरको सदस्यमध्ये जम्मा २ जनामात्र वनभित्र जान पाउने नियम छ । त्यसको लागि रु.५ को टिकट पनि लिनुपर्ने हुन्छ । घाँस काट्दा वनका अन्य प्रजातिहरूलाई हानी, नोक्सानी गर्न पाईने छैन । यदि यस्तो भएमा नियमानुसार दण्ढ सँजायको पनि नियम राखिएको छ ।

**(ग) पत्कर /सोत्तर**

रुखका सुकेर झरेका पातहरु, जसलाई स्थानिय उपभोक्ताहरू पत्कर/सोत्तर भन्दछन्, पत्कर गाईवस्तुलाई ओछ्याउने सोत्तरको रुपमा उपभोग गर्नका लागि पुष/माघ र फाल्गुन/चैत्र महिनामा खुल्ने गर्दछ । यस समयमा सुकेको पत्करमात्रै ल्याउन पाईने नियम छ, न कि हरियो पात । यी महिनामा कुन समयमा उपभोग गर्न दिने भन्ने कुरा समितिको बैठक बसेर निर्णय गरिन्छ । समिति बैठक तथा निर्णय गर्दा पुरुषहरु नै बढी सहभागि रहेको र त्यसो हुनुमा महिलाहरु बढी घर तथा खेतीपातीको कार्यमा रहने भएको कुरालाई समिति सदस्यहरु बताउछन् । त्यस्तै माघे संक्रान्ति र चैते दशैं आदि चाडपर्वको लागि उपभोक्ताको सुविधालाई ध्यानमा राखी वन खुल्ने गर्दछ । मुख्यगरी समितिले पनि चाडबाँड तथा महिलाहरुको अवस्था हेरी निर्णय गरेको भन्ने कुरालाई समेत जोड दिन्छन् । पत्कर ल्याउदा कसैले दाउरा पनि ल्याएको थाहा पाएमा उसलाई दण्ड र जरिवाना गराउने नियम छ ।

**(घ) काठपात**

काठपातको सवालमा यस पशुपति सामुदायिक वनबाट उपभोक्ताहरूलाई काठपात उपभोग गर्न दिने नियम छ । यस वनमा काठपातका लागि उपयुक्त हुने ठूला र स्तरीय रुखहरूलाई नियमानुशार उपभोग गर्न पाईन्छ् । काठहरू फर्निचरका लागि स्तरीय हुनेछन्, तव उपभोक्तालाई आवश्यक कामको लागि सहुलियत दरमा विक्री गरिनेछ । काठपात विक्री

तथा वितरण गर्ने कार्यमा पुरुषहरु नै अगाडि देखिन्छ । कसैले काठ चोरी गरेमा उसले उचित दण्ड, सँजाय पाउने नियमसमेत रहेको छ । यस प्रकारका अपराधहरूलाई नियन्त्रण गर्नका लागि दैवी प्रकोप, मर्दा, धार्मिक कार्य, विबाह, ब्रतवन्ध आदिमा समितिका निर्णय अनुसार काठ, दाउरा दिने व्यवस्था गरिएको छ ।

### (ङ) वृक्षारोपण

वृक्षारोपण गर्दा वर्षको असार/साउन महिनालाई छनोट गरिएको छ । यस कार्यको लागि सबैको सहभागिता रहेपनि महिला तथा केटाकेटीहरु बढीमात्रमा विरुवा बोक्ने तथा रोप्ने कार्यमा संलग्न भएको उत्तरदाताहरुनै बताउने गर्दछन् । वृक्षारोपणका लागि रुखका विरुवाहरू जिल्ला वन कार्यालय वा विभिन्न परियोजनाहरूबाट उपलब्ध हुने गर्दछ । यसरी वृक्षारोपण कार्यक्रम गर्दा स्थानीय नेताहरूलाई समेत उद्घाटन गर्नका लगि बोलाईन्छ । खाली भएको जमिनमा आवश्यकता हेरी वृक्षारोपण गर्ने र त्यस  कार्यलाई थप प्रोत्साहन गर्न स्थनीय जमघट हुने गरेको बताउछन् ।

### (च) झाडी सुधार तथा गोडमेल कार्य

अध्ययन क्षेत्रका उत्तरदाताका अनुसार वनका रुखहरूलाई गोडमेल गर्नका लागि मंसिर महिना छनौट गरिएको छ । यस समयमा झाडी सुधार गरेर आवश्यक रुखहरूलाई मात्र संरक्षण गरिन्छ । यसरी बेलाबेलामा गरिएको झाडी सधुार कार्यक्रमले वृक्षारोपण गरिएका विरुवा र ठूला रुखहरू दुवैलाई फस्टाउन सजिलो गर्छ । वनको सम्वर्द्धनको लागि काट्नु परेमा रुखको दुई तिहाई हाँगा राखेरमात्रै काट्नु पर्ने नियम छ । झाडी सुधार तथा गोडमेलका लागि भने सबैको सहभागिता खोज्ने गरिन्छ ।

### (छ) समूहको कोष संचालन सम्वन्धी व्यवस्था

यस समुह अर्न्तगत दण्ड/जरिवाना, शुल्क/चन्दा, विक्री/वितरण र कुनै सम्वन्धित संस्थाबाट प्राप्त हुन आएको सहयोगको आम्दानी रकमलाई कार्यकारिणी समितिको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट समुहलाई पायक पर्ने बैंकमा खाता खोली खाता संचालन गरिने प्रावधान छ । समूहको खातामा जम्मा हुन आएको आम्दानी रकम समुहले वनजंगल, सम्बर्द्धन, नर्सरी वृक्षारोपण तथा अन्य सार्वजनिक विकासका काममा खर्च गरिने व्यवस्था छ । यी विभिन्न स्रोतबाट आएको आम्दानीको ७५% समूहको विकास कार्य, बाटोघाटो, स्कूल, पाटीपौवा, मन्दिर र अन्य सार्वजनिक काममा खर्च गर्ने साथै २५% रकम समुहको वन विकास कार्यमा खर्च गरिने प्रावधान छ । यसरी वन स्रोतबाट हालसम्म के कति आम्दानी भएको छ भन्ने कुरा समिति बाहेक कसैलाई पनि थाहा नभएको उत्तरदाताहरु बताउँछन् । वनको नाममा रु.१० लाख रकम राष्ट्रिय बाणिज्य वैङ्कमा जम्मा भएको भने वताउनु हुन्छ सचिव रमेशराज काफ्ले ।

त्यसैगरी काठ दिने तथा बिक्री गर्ने सम्वन्धमा विभिन्न स्रोतबाट प्राप्त वन पैदावर (ढले-पडेको, वृक्ष सुधारबाट निस्केको) को न्यूनतम मूल्य निर्धारण गरी उपभोक्ता समूहका सदस्यहरू विच खुल्ला बोलकबोल प्रथाबाट लिलाम गराई सबै भन्दा बढि रकम बोल्ने उपभोक्ताहरूलाई सो वन पैदावर उपलब्ध गराईन्छ। वन उपभोक्ता समुहबाट यस्तो लिलाम स्वीकार नभएमा १५ दिनको सूचना प्रकाशित गरी अन्य व्यक्ति वा संस्थालाई उक्त वन पैदावार उपलब्ध गराईने व्यवस्था छ तर हालसम्म यसरी लिलामी प्रथावाट काठपात वितरण भने नभएको कुरा अध्ययन क्षेत्रका उतरदात्ताहरूले बताउँछन ।

### ५.३.३ वन्य स्रोतहरुको वितरण तथा फाइदाहरू

वनले मानिसको दैनिक आधारभुत आवश्यकताको वस्तुहरू जस्तै खाना वनाउनका लागि दाउरा, वस्तुभाउलाई खुवाउनको लागि घाँसपात र औछ्याउनको लागि सोत्तर तथा पत्कर मात्र प्रदान नगरी यसले पहिरो जान, भू-क्षय हुनबाट बचाउँछ, पानीको मुहानलाई वृद्धि गर्छ वातावरणलाई हराभरा वनाउँछ । यी कुराहरूको महसुस गरी अध्ययन क्षेत्रका धेरैजसो उतरदाताहरूले वनको महत्वलाई वुझ्दै आएका छन् भन्ने कुरा स्थलगत अध्ययनबाट स्पष्ट भएको छ ।

अध्ययन क्षेत्रको उत्तरदाताको भनाईअनुसार सामुदायिक वन हुनु अघि उनीहरूले वनबाट अहिलेको जति सुविधा लिन पाउँदैनथे किनभने त्यसवेला वनको व्यवस्थापन त्यति राम्रो थिएन । उपभोक्ताहरूलाई पनि वनको महत्वको बारेमा अहिले जति पहिले थाहा थिएन । जथाभावी वन फडानी तथा वस्तुभाउ पनि वनभित्र छाडा छाडीदिनाले घाँसपातहरू पनि पाईदैनथ्यो । स्रोत वितरण गर्ने नाममा रुखहरू काटेर चोरी छली वेच्न कार्यहरु पनि हुने गरेका उत्तरदाचाहरु बताउछन् । न्ययोचित तबरले वितरण नहुदा गरीब, पिछडिएको वर्गले खासै फाईदा लिनसमेत नसकेको यार्थथ रहेको छ । जे भएपनि पानीको मुहान सुकेर समस्या हुने गरेको थियो तर हाल आएर वनको व्यवस्थापन हुन पाएकोले वन समय समयमा मात्र खुले पनि आफ्नो आवश्कता अनुसार वन्य उत्पादन ल्याउन भने पाएकोमा खुशी व्यक्त गर्दछन् उपभोक्ताहरु । यसबाट यो अनुमान लगाउन सकिन्छ कि पहिलेको अवस्था भन्दा हाल वनको स्थितिमा सुधार आउनुको साथै वनबाट हुने फाईदापनि बढि नै छ ।

यसरी अध्ययन क्षेत्रको सामुदायिक वनबाट उपभोक्तालाई भएको मुख्य फाइदा भनेको समय समयमा वनबाट वन्य उत्पादन ल्याउनु नै हो । मर्दापर्दा रुख र दाउरा पाउँछन् । चाडपर्वमा घाँसपात, सोत्तर/पत्करको लागि वन खुल्ने गर्दछ साथै सामुदायिक वनले पहिरो जान, भू-क्षय हुनबाट रोकेर पानीका मुहानहरू बढाई वातावरणलाई समेत हरियाली कायम राखेको छ भन्ने ज्ञान रहेको भने पाईन्छ । सामुदायिक वनबाट आफूलाई फाइदै भएको छ भन्ने कुरामा अध्ययन क्षेत्रका उत्तरदाताहरू खुशी व्यक्त गर्दछन् ।

## ५.४ वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने तत्वहरू

अध्ययन क्षेत्रका उत्तरदाताहरूमा वन्य उत्पादन सङ्कलन तथा सदुपयोग गर्ने सम्पुर्ण काम अधिकतमरुपमा महिलाले नै गर्ने गर्दछन । महिलाहरूले घाँसपात, दाउरा, जडीबुटी, पत्कर, आदि वन्य उत्पादन सङ्कलन गर्ने काममा महत्वपूर्ण भूमिका खेल्ने गर्दछन किनभने उनीहरूको जीवन नै यी वस्तुहरूसँग जोडिएको छ । यी वस्तुहरूको अभावमा यिनीहरूको जीवन शैली कष्टप्रद वन्न पुग्दछ । त्यसैले वनको उचित व्यवस्थापनको साथै वनलाई जोगाई राख्ने काममा महिलाहरु वडो चाख राखेर इमान्दारीसाथ पूरा गर्छन । धेरै जसो महिलाहरूलाई वनको महत्व र फाईदाको वारेमा थाहा भैसकेकोछ । त्यसैले महिलाहरू वनलाई संरक्षण गर्न र बचाउँन पुरुष भन्दा एक कदम अगाडी नै छन् । यती हुँदाहुँदै पनि वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाब पार्ने केही तत्वहरू छन् । जसको परिणाम स्वरुप महिलाहरूले वन व्यवस्थापनमा जति चाख देखाए पनि उनीहरूले सही किसिमको भूमिका निभाउन सक्दैनन् । यी मुख्य मुख्य तत्वहरूको वारेमा तल बर्णन गरिएको छ ।

### ५.४.१ शिक्षा र प्राबिधिक ज्ञानको कमी

अध्ययन क्षेत्रका उत्तरदाताहरूमा धेरैजसो महिला अशिक्षित छन साथसाथै उनीहरूमा प्राबिधिक ज्ञानको समेत अभाव छ । आजको युगमा प्राबिधिक ज्ञानको अभावमा जुनसुकै काम गर्न असम्भब भैसकेको छ । यस्तो समयमा वनको व्यवस्थापनसम्बन्धि क्रियाकलापमा प्राबिधिक ज्ञान हुन अति आबश्यक छ किनभने वनमा कुन जातिको रुख रोप्नाले वढी भन्दा वढी फाइदा लिन सकिन्छ, बिरुवाहरू कसरी वृक्षारोपण गर्नुपर्छ, गोडमेल कसरी गर्ने भन्ने कुरा शिक्षा र प्राविधिक ज्ञानबाट नै हासिल गर्न सकिन्छ । यही ज्ञान र सीपको अभावमा महिलाहरू वनको उचित व्यबस्थापन कसरी गर्ने भन्ने कुरा जान्न असफल छन् साथै वनको महत्व र फाइदाको बारेमा बुझ्न पनि । महिलाहरूमा शिक्षाको कमिले गर्दा प्राविधिक ज्ञानको कमी छ फलस्वरुप उनीहरू वन व्यबस्थापन क्रियाकलापमा भाग लिन सक्दैनन् ।

अध्ययन क्षेत्रभित्र केही शिक्षित महिलाहरू पनि नभएका होईनन् तर उनीहरूसँग पनि प्राविधिक ज्ञानको अभाव छ, जस्स्तैः वन व्यवस्थापन क्रियाकलापमा गतिशिल भएर सहभागी हुन सकेका छैनन् । प्राविधिक ज्ञानको अभावमा वेर्ना कसरी रोप्ने, आफ्नो क्षेत्रको हावापानीमा कस्तो वेर्ना रोप्ने, आधुनिक तरिकाले गोडमेल कसरी गर्ने, वनलाई क्षति नपार्ने गरी कसरी वन्य उत्पादन सङ्कलन गर्ने भन्ने कुरा उनीहरू जान्दैनन् । यदि उनीहरूले यस किसिमको ज्ञान प्राप्त गर्ने हो भने वनको संरक्षण र व्यवस्थापनमा समेत ठूलो सघाउ पुग्नेछ किनभने महिलाहरू नै वन्य उत्पादनलाई सङ्कलन र उपयोग गर्ने पहिलो उपभोक्ता भएकाले वनको महत्व बुझेर वनलाई जोगाउने काममा उनीहरू बढी संबेदनशिल हुन सक्दछन् ।

वन व्यवस्थापन क्रियाकलाप, उपभोक्ता समिति वा समुहको वैठक तालिम आदिमा किन सहभागि हुने नगरेको भन्ने सवालको जवाफमा केही महिला उत्तरदाताहरूले यसरी व्यक्त

गरे, “पढे लेखेको नहुदा के सही के गलत थाहा हुदैन । त्यसैले रमिता मात्र हेर्न के जानु ? तालिममा पनि के वुझिन्छ र भाग लिन जानु?” यी विभिन्न कुराबाट यो प्रष्ट हुन्छ कि महिलाहरूलाई वन व्यवस्थापन क्रियाकलापमा सहभागी हुन शिक्षा र प्राविधिक ज्ञानले निकै नै ठुलो प्रभाव पारेको छ ।

माथिका विभिन्न समस्या समाधानको लागि महिलालाई वन व्यवस्थापनसम्वन्धी ज्ञान प्रदान गराउनका लागि समितिमा महिलाहरूलाई महिला प्राविधिकको रुपमा सहभागी हुन हौसला दिने र बेलाबेलामा हुने गरेको वनसम्वन्धी तालिमहरूमा उनीहरूलाई सहभागी हुन लगाउने साथसाथै गाउँमा संचालन भैरहेको महिला शिक्षा, प्रौढ शिक्षालाई बढी प्राथमिकता दिएर वन व्यवस्थापनमा सहभागि हुनका लागि आत्मविश्वास बढाउनु पर्ने जस्ता आवश्यक्ताहरू देखिन्छन् ।

### ५.४.२ घरेलु काममा अधिकतम समय खर्च हुने

महिलाहरूले पुरुषहरू भन्दा बढि समय घरेलु कामकाजमा विताउने गर्छन । फलस्वरुप महिलाहरू वन व्यवस्थापनमा चाहेर पनि सहभागि हुन सक्दैनन् । उनीहरू घरेलु काम र वन्य उत्पादन सङ्कलन गर्ने कार्यबाट मुक्त पाउँदैनन् । त्यसैले घाँस, दाउरा, पत्कर बाहेक अन्य वाहिरी कुरा सोच्न पनि भ्याउदैनन् । जसले गर्दा महिलाहरूलाई वनको संरक्षण र व्यवस्थापनसम्वन्धी गतिविधिमा सक्रिय सहभागिता देखाउन सक्दैनन् अर्थात् समयको अभावमा चाहिए जति समय वन व्यवस्थापन क्रियाकलापमा दिन सक्दैनन् । उनीहरू धेरैजसो कृषिसम्वन्धी क्रियाकलाप, वन्य उत्पादन (घाँसपात, दाउँरा, पत्कर) सङ्कलन गर्ने, घरमा खाना पकाउने, घर सफा गर्ने, लुगा धुने, पानी ल्याउने, बच्चाको स्याहार गर्ने, गाईबस्तुको स्याहार गर्ने काम जस्ता अनगिन्ती काममा आफ्नो समय दैनिकरुपमा लगभग ८-१० घण्टा सम्म बिताउने गर्छन । यसरी वन व्यवस्थापन क्रियाकलापमा भाग लिने इच्छा भएर पनि महिलाहरू समयको अभावमा यस वारे सोच्न समेत भ्याउदैनन् । यसबाट यो भन्न सकिन्छ कि घरेलु काममा अधिकतम समय विताउने गर्नाले वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पर्न जान्छ ।

वन उपभोक्ता समितिको कोषाध्यक्ष (ज्ञानु पाण्डे) भन्छन, “वन व्यवस्थापनको लागि यस समितिमा महिला सहभागिताको अति आवश्यक्ता छ । यस कुरालाई बिचार गरेर महिलालाई उपभोक्ता समितिभित्र समावेश गर्नलाई जति कोशिस गरेता पनि उनीहरू घरमा धेरै काम छ भनेर समितिमा बस्न चाहदैनन ।” यही प्रश्न महिलालाई उठाउदा घरेलु काम धेरै भएकोले इच्छा हुदाहुदै पनि घरलाई लथालिङ्ग छाडेर वन व्यवस्थापन वा समितिको सदस्य भई बैठकमा सहभागि हुन नसकेको कुरा बताए । केही महिलाहरूको भनाईअनुसार घरको काम पुरुषहरू पनि गर्ने गर्छन तर अनिवार्यरुपले र जिम्मेवारीपूर्वक गर्दैनन् । त्यसैले घरको काम महिलाले नै सम्हाल्नु पर्ने हुनाले वन व्यवस्थापनसम्वन्धी कार्यक्रममा पुरुषहरू नै अघि सर्छन् र महिलाहरू ती कार्यक्रममा सहभागी हुन पाउँदैनन् । यी कुराहरू यो प्रष्ट हुन्छ कि

महिलाहरूले उठाउने विभिन्न किसिमको घरेलु कामको बोझ वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाव पार्ने प्रमुख तत्वहरू मध्ये एक हो ।

### ५.४.३ कमजोर आर्थिक अवस्था

अध्ययन क्षेत्रका उत्तरदाताहरू मध्यम, निम्न मध्यम र नगन्य मात्रामा न्यून आर्थिक अवस्था भएकाहरू छन । उनीहरूलाई दिनहु बिहान बेलुकाको गुजाराको लागि सोच्नु पर्ने बाध्यता छैन् । महिलाहरू जहिले पनि वन्य उत्पादन जस्तैः घाँसपात, दाउँरा, पत्कर आदि घरेलु आबश्यक्ताका बस्तुहरू प्राप्त गर्ने कुरा मात्र सोच्ने र ति बस्तुलाई सङ्कलन गर्नलाई मात्र दौडधुप गरिरहन्छन किनभने बाल्ने दाउँराको बैकल्पीक स्रोतहरू जस्तैः ग्यास, बिद्युतिय हिटर आदि प्रयोग कमै मात्रामा हुने हुनाले प्रायः वनजन्य इन्धनलाईनै मुख्य मान्दछन् । मध्यम वर्ग वाहेक निम्नमध्यम र न्यून वर्ग उनीहरू आर्थिक रुपले सक्षम छैनन् । यी वर्गका महिलाहरू घरको कामधन्दा भ्याएर बाहिर ज्याला, पर्म आदि काममा पनि जान्छन किनभने, उनीहरू पुरुषहरूलाई मद्दत गरि घरेलु कामको उत्तरदायित्वसमेत बहन गर्ने गर्छन । त्यसैले महिलाहरू वन ब्यस्थापनमा सहभागि हुन सक्तैनन । यसरी नाजुक आर्थिक अवस्थाको कारण उनीहरू सामाजिक गतिविधितिर आँखाले हेर्न समेत भ्याउँदैनन् । आफ्नै समस्यासँग जुझ्दैमा ठीक हुन्छ । त्यसैले अध्ययन क्षेत्रको वन व्यव्स्थापनमा प्रभाब पार्ने तत्वहरू मध्ये उनीहरूको आर्थिक अवस्थााले पनि महत्वपूर्ण भूमिका खेलेको छ ।

### ५.४.४ परम्परागत गलत अवधारणा तथा पुरुषप्रधान समाज

परम्परागत गलत धारणा र पुरुष प्रधान समाजले पनि वन व्यवस्थापनमा महिला सहभागि रोक्न ठूलो भुमिका खेलेको छ । परम्परागत गलत धारणा बोकेको समाजले महिलालाई घरदेखि बाहिर जान वन्देज लगाउँछ । अन्य पुरुषहरूसँग बोल्ने अनुमति दिदैन र सार्बजनिक ठाउँमा गएर छलफलमा भाग लिएको राम्रो मान्दैन् । त्यस्तै पुरुष प्रधान समाजले महिलालाई विकाससम्बन्धि काममा अगाडी बढ्नबाट रोक्छ किनभने पुरुषहरूको सोचाईमा उनीहरू महिला भन्दा उच्च कोटीमा भएकोले महिलाहरूले कुनै पनि क्षेत्रमा अगाडी बढेर त्यसमा निर्णय दिएको उनीहरूलाई अपाच्य हुन्छ । त्यस्तो खालको पुरुषको हैकमबादी सोचाई आदिवासी/जनजातिमा भन्दा उच्च जात (बाहुन, क्षेत्री) र दलित समुदायहरुमाा बढी जटिल हुन्छ ।

अध्ययन क्षेत्रमा ब्राम्हण, क्षेत्री, जनजाति, दलित समुदायका जातिहरू बसोबास गर्छन तर अधिकतम रुपमा क्षेत्रीहरू छन । यस क्षेत्रमा पनि परम्परागत अबधारणा र पुरुष प्रधान समाजले गर्दा वन व्यवस्थापनमा महिला सहभागितामा केही प्रभाव पारेको छ । एउटा पढे लेखेकी बुहारी घर धन्दा गरेर बस्छिन भने त्यही घरको अनपढ पुरुष सदस्य सामुदायिक वनमा सहभागि हुन जान्छ । यस जिज्ञासाको उत्तरमा अध्ययनक्षेत्रका मुख्य सूचनादाता दिल बहादुर के.सी.ले ब्यक्त गरे, “महिलाले जति जाने बुझ्रे पनि आखिर घरकै कामधन्दा सम्हाल्ने त हो नि । वन व्यवस्थापनमा भाग लिन जानलाई हामी छदैछौ, उनीहरूलाई त्यहाँ

जान आबश्यक नै छैन ।" त्यसैगरी यस बिषयमा केही महिलाहरूले यो कुरा ब्यक्त गरे कि घरबाट पुरुष सदस्य नै वन व्यवस्थापन सम्वन्धी तालिम बैठक आदिमा जाने गर्छन त्यसैले महिलाहरू जानुपर्ने आबश्यक्ता नै हुदैन । यस्तो अबधारणाले प्रश्रय पाउनुको मुख्य कारणले सहभागी महिलाले सहि निर्णय दिएता पनि पुरुषहरूद्वारा त्यस निर्णयलाई स्वीकार गरिदैन । अध्ययन क्षेत्रका उत्तरदाताहरूमा जनजाती, दलितहरूको अनुपातमा ब्राम्हण क्षेत्रीहरूमा यो अबधारणा केही बढी जटिल भएको पाईयो ।

# अध्याय – छ
# वन व्यवस्थापन कार्य र महिलाको भूमिकामा आएको परिवर्तन

वन व्यवस्थापन क्रियाकलापमा महिलाले महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् किन भने महिलाहरू परम्परादेखि नै वनको प्रमुख सङ्कलनकर्ता, संरक्षणकर्ता व्यवस्थापकका रुपमा चिनिदै आएका छन् । वनसँग सम्बन्धित हरेक कामका महिलाको अवधारणा सकरात्मक र अर्थपूर्ण हुने गर्छ । वनको संरक्षण र सम्वर्द्धन हुनुमा महिलाको ठूलो हात हुन्छ किनभने दाउरा घाँस, पत्कर, सोत्तर सङ्कलन गर्ने काम विशेष गरी ग्रमिण महिलाले गर्दछन् र यी वस्तुविना उनीहरूलाई आफनो घरपरिवार धान्न गाह्रो पर्दछ । यसरी वन्यस्रोतको व्यवस्थापन र संरक्षणमा महिलाको भूमिका महत्वपूर्ण हुदाहुदै पनि महिलाको भावनाको कदर भने गरिदैन । अध्ययन क्षेत्रका महिला उत्तरदाताहरू भन्ने गर्दछन्, "वन जथाभावी विनास गर्‍यो भने भविष्यमा अहिले उपयोग गर्न पाईएको वन्य उत्पादनहरु पनि पाईने छैनन्, पानीको मुहान सुकेर अहिले भन्दा बढि दुःख पाउने पनि हामी नै हुनेछौ र त्यसैले वन जोगाउनुपर्छ भने सोचाई पुरुषहरूको भन्दा बढि हाम्रो छ ।" त्यस्तै पुरुष उत्तरदाताहरू यो व्यक्त गर्छन् कि वन जोगाउने र संरक्षण गर्ने काममा महिलाको ठूलो भूमिका छ । वनमा नियम विपरीत दाउरा, घाँस, पत्कर चोरेको समयमा पुरुषले भेटेमा टाढैबाट धपाउनुपर्ने वाध्यता हुन्छ । नजिक गएर डोको, नाम्लो, खोस्ने काम पनि नराम्रो मानिन्छ तर महिलाले महिलालाई जसरी वनबाट धपाए पनि जायज मानिन्छ । त्यसैले यो काम पुरुषले भन्दा महिलाले नै राम्ररी गर्न सक्छन् । तसर्थ यी भनाईबाट स्वतः स्पष्ट हुन्छ कि अध्ययन क्षेत्रमा महिलाले वनको संरक्षण गर्नमा ठूलो भूमिका निभाउने गरेको पाईन्छ ।

### ६.१ वन व्यवस्थापनमा महिलाको भूमिका

अध्ययन क्षेत्रमा वन व्यवस्थापनका विभिन्न क्रियाकलापमा महिला उत्तरदाताहरू कुनै न कुनै रुपमाबाट सहभागी हुने गरेका छन् साथै वृक्षारोपण कार्यक्रम, गोडमेल तथा वन पैदावर सङ्कलन कार्यक्रममा महिला सहभागिता पुरुषको भन्दा बढि देखिन्छ ।

### ६.१.१ वृक्षारोपण कार्यक्रममा सहभागिता

वनको उचित व्यवस्थापनको लागि वर्षायामको असार/श्रावण महिनामा वृक्षारोपण हुने गर्दछ । विरुवा वृक्षारोपण गर्दा आवश्यक्ता अनुसार रुखहरू नभएको खाली ठाउँमा गरिन्छ । यस कार्यक्रममा महिला पुरुष दुवै सहभागी हुने गर्दछन् । सामान्यतया वेर्ना ओसार्ने काममा महिलामात्र सहभागी हुने गर्दछन् । विरुवाहरू कहाँबाट कसरी ल्याउने भन्ने कुरामा पुरुषहरूको सहभागीता धेरै हुने गर्दछ भने रोप्ने काममा महिलाहरू बढि सहभागी हुने गर्दछन् । किन भने वृक्षारोपण र गोडमेल कार्यक्रम जनश्रमदानबाट गरिने हुदा आर्थिक उपलब्धि नहुने हुनाले पुरुषहरूले त्यत्ति चासो नराख्ने कुरा अध्ययन क्षेत्रका उत्तरदाताहरू बताउछन् । त्यस्तै महिलाको सहभागिता पनि हरेक परिवारबाट समान हुने गर्दैनन् । घरेलु

काममा व्यस्त रहेका महिलाहरू यस कार्यक्रममा सहभागी हुदैनन् । वेर्ना ओसार्ने काम प्रायः गरी ज्यालाबाट नै सम्पन्न गरिन्छ भने वृक्षारोपण र गोडमेलमा धेरैजसो जनसहभागिताको श्रमदानबाट गरिन्छ । दिनभरीको काममा महिला र पुरुषलाई रु.२२०।- दिईन्छ । यसरी समान सहभागितामा समान ज्यालाले पनि पुरुष र महिलाको कामको मूल्य समान भएको पाइन्छ । तलको तालिका नं. १६ मा वृक्षारोपण कार्यक्रममा सहभागी हुने पुरुष र महिलाको अनुपातलाई देखाईएको छ ।

**तालिका नं.१६ः लैंगिक आधारमा वृक्षारोपण कार्यमा सहभागि उत्तरदाताहरु**

| क्र. सं. | लैंगिक सहभागिता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | ४२ | ६४.६१ |
| २ | पुरुष | २३ | ३५.३८ |
| | जम्मा | ६५ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६७

वृक्षारोपण कार्यक्रममा सहभागी उत्तरदाताहरूमध्ये ४२(६४.६१%) महिलाहरू रहेका छन् भने पुरुषहरू २३(३५.३८%) मात्रले सहभागि जनाएको देखिन्छ । यसबाट यो स्पष्ट हुन्छ कि अध्ययन क्षेत्रको वृक्षारोपणमा पुरुषको भन्दा महिलाको सहभागिता ज्यादा रहने गरेको छ ।

### ६.१.२ गोडमेल कार्यमा सहभागिता

वनमा गोडमेल वा झाडी सुधार कार्यक्रम हिउँदयामको मंसिर महिनामा गरिन्छ । यस समयमा आ-आफ्नो जिम्मामा परेको वन क्षेत्रमा गोडमेल, झाडी, बुट्यान सफा गर्ने, हाँगाहरू काँटाछाँट गर्ने र एक्ल्याउने कामहरू गरिन्छ । वृक्षारोपण गरिएको विरुवा सानो अवस्थामा छँदा, त्यसको वरिपरी प्रशस्तमात्रामा अनावश्यक झारपातहरू उम्रेर विरुवालाई राम्ररी हुर्कन नदिई कमजोर वनाउने गर्छ । यस्तो अवस्थाबाट जोगाई स-साना विरुवाहरूलाई छिटो छरितो हुर्काउने हेतुले विरुवाको गोडमेल गर्न आवश्यक हुन्छ । अध्ययन क्षेत्रभित्र गोडमेल गर्नका लागि महिलाको सहभागिता सक्रियरुपमा रहने गर्दछ । झाडी अनुपयोगी प्रजातिका विरुवाको साथसाथै अन्य झारपातहरू हटाईन्छ । यस काममा पनि पुरुषहरू त्यत्ति चाख राखेर सहभागी हुने गर्दैनन् र महिलाहरू नै बढि सहभागी हुने गर्दछन् । ठूलो रुखको हाँगा काँटछाँट गर्ने काममा चाँहि पुरुषहरू बढि संलग्न हुने गर्दछन् । यसरी गोडमेलबाट आएको घाँसपात, दाउरा, काठ, पत्कर आदि सबै उपभोक्ताले पाउनेगरी समान रुपमा वितरण गरिन्छ तर वितरण गर्ने व्यक्तिहरू पुरुष हुन्छन् भने वितरणबाट प्राप्त वन्य उत्पादनलाई घरसम्म लाने काम धेरैजसो महिलाले नै गर्छन । महिला अनुपस्थित भएमा मात्र पुरुषले लाने गर्दछ । तलको तालिका नं. १७ मा गोडमेल कार्यक्रममा सहभागी उत्तरदाताहरूको स्थितिको बारेमा स्पष्ट जानकारी दिईएको छ ।

**तालिका नं.१७: लैंगिक आधारमा गोडमेल कार्यमा सहभागी उत्तरदाताहरू**

| क्र.स | लैंगिक सहभागिता | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | ३५ | ५३.८४ |
| २ | पुरुष | ३० | ४६.१५ |
| | जम्मा | ६५ | १००.० |

स्रोत: स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार ३५ (५३.८४%) जना महिला उत्तरदाताहरु वन गोडमेल कार्यमा सहभागि रहेको देखिन्छ भने पुरुष ३० (४६.१५%) जनामात्र रहेको छ । यसबाट यो स्पष्ट हुन्छ कि अध्ययन क्षेत्रका उत्तरदाताहरूमा गोडमेल कार्यमा पुरुष भन्दा महिलाहरूको सहभागिता वढी अर्थात उत्साहजनक छ ।

### ६.१.३ वन पैदावर सङ्कलनमा सहभागिता

अध्ययन क्षेत्रका वन्य उत्पादन सङ्कलन गर्ने काममा पुरुषहरूको भन्दा महिलाको सहभागिता बढि हुने गर्दछ । सामुदायिक वन र धार्मिक वनमा सिङ्गो रुख काट्न मनाही छ तर निजी जमिनमा भएका रुखहरू काट्ने काम पुरुषले गर्छन् । त्यसैगरी रुखका हाँगाविंगा काट्ने काम, रुखका खसेका हाँगा र झिक्राहरू बटुल्ने काम भने महिला नै बढिमात्रामा गर्ने गर्दछन् । अध्ययन क्षेत्रका उत्तरदाताहरूको दाउरा सङ्कलन गर्ने काममाको सहभागीता ७७.५१ प्रतिशत छ भने पुरुषको सहभागीता २२.४९ प्रतिशत छ ।

घाँसपात सङ्कलन गर्ने कार्यमा ८९.२० प्रतिशत महिलाहरू सहभागी हुने गर्दछन् भने १०.८० प्रतिशत मात्रै पुरुषहरू हुने गर्दछन् । महिलाहरूको अनुपस्थितीमा वा महिलाहरूको फुर्सद नहुँदा पुरुषहरू घाँस काट्न जाने गर्दछन् । त्यस्तै बच्चाहरूले पनि घरमा आमालाई घाँस काट्न सघाउँने गर्दछन् । यी काममा प्राय: जसो छोरीहरूनै बढि अगाडि छन् भने छोराहरू नगन्य मात्रामा सहभागी हुने गर्दछन् ।

पत्कर सङ्कलन गर्ने काममा पनि महिलाहरू पुरुष भन्दा बढि नै गतिशिल देखिन्छन् । जाहा ७०.०१ प्रतिशत महिला सहभागीता रहेकको छ भने बाँकी पुरुष रहेको पाईन्छ । बच्चाहरूमध्ये पनि केटीहरू यस काममा बढि सक्रिय देखिन्छन् भने केटाहरू नगन्य मात्रामा देखिन्छन् । त्यस्तै बच्चाहरूले पनि घरमा आमालाई घाँस, पत्कर गर्न सघाउने गर्दछन् । यी काममा प्राय: छोरीहरू नै बढि छन् भने छोराहरू नगन्यरुपमा मात्र सहभागी हुने गर्छन । माथिका कुराबाट यो भन्न सकिन्छ कि वृक्षारोपण, गोडमेल, वनलाई जोगाउने गतिविधि देखि लिएर वनबाट उत्पादित वस्तु सङ्कलन कार्यमा समेत महिलाहरूको सहभागिता पुरुषको तुलनामा बढि नै छ ।

## ६.२ वन उपभोक्ता समिति भित्रको महिलाको स्थिति

अध्ययन क्षेत्रको सामुदायिक वन उपभोक्ता समितिमा महिलाहरू पनि प्रतिनिधीकोरुपमा सहभागी छन् । हाल उपभोक्ता समितिको १३ जना पदाधिकारीहरूमध्ये चारजना महिला सदस्य छन् । तिनीहरू समितिको बैठकमा निर्णय गर्नसक्ने तहमा छैनन् तैपनि बैठकमा भाग लिने र छलफल गर्ने कुरामा लगातारररुपमा उपस्थित हुने गर्दछन् । शुरुमा उपभोक्ता समितिको गठन गरिदा महिला सदस्य संख्या जम्मा एकजना थियो भने यसमा क्रमशः बृद्धि हुदै हाल ४ जना पुगे तापनि समितिमा महिला सहभागिताको अझैं बढि आवश्यता भएको महशुस गरिएको छ । समितिका सचिव बताउछन् "समितिमा जति धेरै महिलाको सहभागिता बढनेछ, उति काम गर्न पनि सजिलो हुन्छ साथै वन संरक्षण र सम्बर्द्धनमा पनि टेवा पुग्छ किनभने समितिमा भएका व्यक्तिहरूले यो वनलाई वनपालेले झैँ रेखदेख गर्ने गर्दछन् । यी काममा यदि समिति भित्रको पुरुष सदस्यले कसैले वन्य उत्पादन चोरी गर्दै गरेको समयमा फेला पारेमा उसलाई त्यसै माफि दिएर छाडी दिन्छ तर महिलाले त्यसो नगरी डोको, नाम्लो, हँसिया र वन्य उत्पादन जफत गर्नुको साथै आवश्यता अनुसारको सँजाय र हर्जाना समेत तिराउने गर्छन् ।" यसबाट यो स्पष्ट हुन्छ कि समितिमा महिलाहरूको सहभागीताले वन त जोगिन्छ नै यस बाहेक पनि जरिवाना सङ्कलन भएको पैसाले वनको संरक्षणमा खर्च गर्न पाईनुको साथै वनमा चोरी गर्ने व्यक्तिलाई फेरी सो काम दोहोऱ्याउने आट गर्नेछैन । त्यसकारण महिलाको सहभागिताले सामुदायिक वन तथा गाउँ समूदायमा समेत राम्रो प्रभाव पार्ने गरेको छ भन्ने कुरा स्वंयम उपभोक्ताहरु बताउछन् ।

वन उपभोक्ता समिति तथा अन्य स्थानीय संघसंगठनहरुमा पनि महिला सहभागीतालाई बढाउनुपर्ने कुरामा जोड दिन्छन् उत्तरदाताहरु किनभने वन व्यवस्थापनसंम्वन्धी विधान र कार्य योजनाको बारेमा अरु उपभोक्तालाई भन्दा समितिका सदस्यहरूलाई ज्यादा जानकारी हुने गर्छ र उनीहरूले भनेको पनि अन्य व्यक्तिहरूले छिट्टै मान्ने गर्छन् र प्रायः वन्य उत्पादन सङ्कलन गर्ने काम बढिमात्रामा महिलाले गर्ने हुनाले वन व्यवस्थापन र संरक्षणको बारेमा उनीहरूलाई बुझाउनुपर्दा समितिका पुरुष सदस्यले भन्दा महिला सदस्यले छिटो बुझाउन सक्छन् । यिनै कारणहरूले गर्दा समितिमा महिला सदस्य वढाउनु आवश्यक छ ।

## ६.३ वनसंम्वन्धी तालिममा महिला सहभागिता

वनको उचित व्यवस्थापनको लागि अध्ययन क्षेत्रका उपभोक्ताहरू पनि बेलाबेलामा वनसम्वन्धी हुने तालिमहरूमा सहभागी हुने गर्दछन् । यी तालिममा महिलाहरू पनि सहभागी हुने गर्दछन् तर उनीहरुको सहभागिता ज्यादै न्यून रहेको पाईन्छ । शिक्षा र ज्ञानको अभावमा उनीहरू यस्ता तालिममा जान हिचकिचाउने गर्दछन् । तालिममा प्रायगरी समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषध्यक्ष नै जाने गर्दछन् । कहिले काही उपभोक्ता समूहका पूरुषहरू समेत जाने गर्छन भने थोरैमात्रामा महिलाहरूलाई पठाईन्छ । समितिको अध्यक्ष (बद्री खड्का) को भनाई अनुसार महिलालाई तालिममा जानको लागि दवाव दिनुपर्ने हुन्छ । केही महिला मात्रै स्वेच्छाले आफै जाने गर्छन् । यसरी महिलाहरू तालिममा भाग

लिन नजानुको मुख्य कारणहरूमध्ये शिक्षाको कमी र घरेलु कामको बोझले फुर्सद नपाएर नै हो । केही महिलाहरू घरबाट स्वीकृति पाएमा जान हुन्थ्यो भन्ने इच्छा व्यक्त गर्दछन् । तलको तालिका नं. १८ ले हालसम्म वनसम्वन्धी तालिम तथा गोष्ठीहरुमा महिला उत्तरदाताको सहभागिताको स्थितिलाई स्पष्ट पारेको छ ।

**तालिका नं.१९: वनसंम्वन्धी तालिम तथा गोष्ठीमा सहभागी उत्तरदाताहरू**

| क्र.स | तालिममा सहभागिहरु | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | तालिम लिने पुरुष | २५ | ३८.४६ |
| २ | तालिम लिने महिला | १० | १५.३८ |
| ३ | तालिम नलिनेहरु | ३० | ४६.१५ |
| | जम्मा | ६५ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार २५ (३८.४६%) जना पुरुष उत्तरदाताहरुले वनसंबन्धी विभिन्न किसिमको तालिम तथा गोष्ठीहरुमा बढी सहभागि हने अवसर पाएको देखिन्छ भने महिलाहरु भने १० (१५.३८%) जनामात्र छन् । यसबाट यो स्पष्ट हुन्छ कि तालिममा महिला भन्दा पूरुषहरूको सहभागिता वढी अर्थात उत्साहजनक रहेको छ जसका पछाडि महिलाहरुको अशिक्षा र बढी घरायसी कार्यमा व्यस्त रहनु हो । यसका साथै तालिम नलिनेहरु पनि ठूलो संख्यामा रहेको पाईन्छ ।

## ६.४ वन उपभोक्ता समितिमा महिलाको निर्णय लिने प्रक्रिया

वन उपभोक्ता समितिको बैठकमा वनसम्वन्धी हरेक काम जस्तै वृक्षारोपण गर्ने, गोडमेल गर्ने, उपभोग गर्ने र वितरण गर्ने जस्ता काममा पुरुषहरूको दाजोमा महिलाको निर्णय प्रक्रियामा सहभागिता ज्यादै न्यून छ । त्यस्तै वनसम्वन्धी तालिम लिन जाने कुरामा समितिको बैठक र उपभोक्ता समुहको बैठकमा समेत महिलाको निर्णयलाई कसैले वास्ता गर्दैनन् । उपभोक्ता समितिको बैठकमा महिलाहरू पुरुषहरूले गरेको निणर्यलाई सहर्ष स्वीकारेर बस्छन । कुनै गोष्ठी वा तालिमको लागि उपभोक्ताहरू जानुपर्ने छ भने समितिमा पुरुषहरूले नै यो व्यक्ति जाने भनि निर्णय गर्ने गर्छन तर महिलाहरू सुनिमात्रै रहन्छन । यदि त्यो तालिम वा गोष्ठीमा भाग लिनलाई महिलालाई पठाउनु छ भने पनि पुरुषहरूले आदेश मात्र दिन्छन, उनीहरूको राय, सुझावलाई बेवास्था गर्छन् । सहभागि सदस्यबाट यो थाहा भयो कि महिलाहरू समितिको बैठकमा सधै जसो उपस्थित हुने गर्छन् । यस बिच कुनै कार्यक्रम गर्नु परेमा महिलाहरूसँग राय, सल्लाह माग्ने गरिन्छ । तर निर्णय भने पुरुषहरूद्धारा नै गर्ने गरिन्छ ।

महिलाहरू पुरुषको तुलनामा निर्णय गर्ने प्रकृयामा ज्यादै तल हुनुको मुख्य कारण शिक्षा र ज्ञानको अभाव हुनु हो । यिनै कुराको कमीले महिलाहरूमा आत्मविश्वासको कमि छ र उनीहरू ठोस निर्णय लिन सक्दैनन् । यस बिषयमा उत्तरदाताहरू मध्येका केही पुरुषको

बिचार यस्तो छ, “यदि महिलाहरूलाई वनसम्वन्धी कुनै पनि कुरामा निर्णय गर्न दिने हो भने पनि उनीहरू त्यस बिषयमा निर्णय नै गर्न सक्ने स्थितिमा भने छैनन् र उनीहरूले निर्णय दिए पनि त्यो त्यति उचित र स्तरीय हुदैन किनभने शिक्षा र ज्ञानको अभावमा उनीहरूमा आत्मविश्वासको कमि छ” । तर केही महिलाहरूमा भने निर्णय गर्ने क्षमता भने नभएको होईन । केही महिलाहरूले भने आजसम्मको अनुभबको आधारमा वनसम्वन्धी हरेक क्रियाकलापमा पुरुष विना पनि एक्लै निर्णय गर्न सक्ने कुरा ब्यक्त गरे । यसरी महिलाहरू वन व्यवस्थापन क्रियाकलापमा सहभागि भएतापनि निर्णय दिने प्रकृयामा भने पछाडि नै छन् अर्थात पारिएका छन् । यसको मुख्य कारण शिक्षा र ज्ञानको कमि हुनु र घरायसी कामको बोझले गर्दा फुर्सद नहुनु हो । त्यसैगरि कतिपय महिला घरेलु कामले फुर्सद नपाएर वनसम्बन्धि कार्यक्रममा सहभागि हुन सक्दैनन र उनीहरूलाई वन कार्यक्रमको तथा बिषयबस्तुको बारेमा केही ज्ञान हुदैन । फलस्वरुप उनीहरू त्यस बिषयमा निर्णय गर्न असमर्थ हुन्छन । यसरी माथिका कुराहरूबाट यो भन्न सकिन्छ कि अध्ययन क्षेत्रमा वन व्यवस्थापन क्रियाकलापमा निर्णय गर्ने प्रक्रियामा महिलाको सहभागिता पुरुषको दाजोमा ज्यादै कम छ ।

### ६.५ सामुदायिक वन र महिलाको भूमिकामा आएको परिवर्तन

अध्ययन क्षेत्रमा सामुदायिक वन शुरु हुनु अघि र पछिको अवस्थालाई तुलनात्मक अध्ययन गर्दा महिलाको वन व्यबस्थापन प्रतिको भुमिकामा अत्याधिक परिर्बतन आएको छ । जसलाई निम्न अनुसार उल्लेख गरीएको छ ।

#### ६.५.१ वनप्रति आ  नो अधिकार र उत्तरदायित्वमा आएको परिवर्तन

सामुदायिक वन शुरु हुनु अघि महिलाहरुलाई वनको महत्वको बारेमा त्यती थाहा थिएन । तर आजभोली उनीहरू वनको महत्वलाई मनन् गर्दै जोगाउनतिर समेत ध्यान पुर्याउने गर्दछन् । वन विनासकै कारण पानीको मुहान सुक्ने, पहिरो जाने, भू-क्षय हुने जस्ता प्राकृतिक प्रकोप सिर्जना भयो । त्यस्तै पानीको र वन्य उत्पादनको अभावमा पुरुषले भन्दा महिलाले नै बढी दुःख भोग्नु पर्‍यो तर जब सामुदायिक वन स्थानिय उपभोक्तामा हस्तान्तरण भयो, तब बिस्तारै महिलाहरूमा वनको बारेमा चेतना अभिबृद्धि भयो र वनको विनास गर्नाले नै पानीको अभाव, पहिराको समस्या बढेको भन्ने कुरा पनि महसुर गरेपछि महिलाहरू वनलाई जोगाउने, संरक्षण गर्नेतर्फ उन्मुख भए र पानीको समस्या कम हुनुको साथै पहिरो जान पनि छाड्यो । यसरी सामुदायिक वन सुरु भएपछि महिलाहरूमा बढीमात्रामा बाताबरणसम्वन्धी चेतना अभिबृद्धी भएको देखिन्छ । त्यसको साथै महिलाहरूमा वनप्रति आफ्नो अधिकार र उत्तरदायित्वसम्वन्धी पनि चेतना स्तर बढेको देखिन्छ र अध्ययन क्षेत्रका महिला उत्तरदाताको भनाई अनुसार सरकारी वन हुदा उनीहरू वन्य उत्पादनको चोरी गरि घरायसी रुपमा उपभोग गर्दथे । उनीहरूलाई वनप्रति माया नभएर होइन की त्यो वन सरकारी हुनाले आफ्नो अधिकारभन्दा बाहिरको सम्झेर वन जोगाउने उत्तरदायित्व लिदैनथे । जब वन समुदायको लागि भयो तव महिलाहरूले वनलाई आफ्नो घर वा गाउँको

सम्पति मान्न थाले । उनीहरूमा वन जोगाउन आबश्यक छ र यसलाई नाश गरेमा आफ्नो दुःखलाई निम्त्याउनु समान हुनेछ भन्ने चेतनाको विकासका कारण उत्तरदायित्वमा समेत बृद्धि भयो । यसरी अध्ययन क्षेत्रका महिलाहरूमा बिस्तारै वनप्रति आफ्नो अधिकार र उत्तरदायित्व बढेको महसुस हुन थालेको छ भन्ने अवस्थालाई पाउन सकिन्छ ।

### ६.५.२ वन्य स्रोतको संरक्षण र उपयोगमा देखिएको परिवर्तन

अध्ययन क्षेत्रकी एक महिला उपभोक्ता (शोभा मगर)ले भनिन "सामुदायिक वन भर्खर शुरु हुदा महिलामा त्यती चासो थिएन तर वनभित्र बस्तुभाउ चराउन हुदैन भनेरै रोकि सकेपछि पनि लुकीछिपी चराउथे र एउटाले चराएको देखेपछि अन्य महिलाले पनि आफूमात्र किन नचराउने ? भनेर वनमा बस्तु लान्थे । तर पछि बिस्तारै वनमा वस्तुभाउ चराउन हुन्न भन्ने मनोभावनाको बृद्धी हुदै गएर आजभोली कसैले पनि नियम उलंघन गरि बस्तुभाउ चराउँदैनन् ।" वन्य उत्पादनको मुख्य सङ्कलनकर्ता नै महिला भएकोले महिलाबाटै नै वन जोगाउने कामको उत्तरदायित्व लिनुपर्छ । यी कुराले पनि महिलाहरुमा वनको महत्वबारे पहिलेको तुलनामा हाल धेरै नै सचेतना बृद्धी भएको छ भनेर मान्न सकिन्छ ।

वन उपभोक्ता समितिकी महिला प्रतिनिधी (रमिला भुजेल) को वनप्रतिको धारणा यस्तो छ, "हामीहरूले वन जोगाउनाले सयौं फाईदा हुने गर्छ । पहिलो कुरा त वनले गर्दा हरियाली बढेर गाउँको शोभा नै बढेको छ । जङ्गलभित्र ठुल्ठुला जनावरहरू देखी लिएर स-साना जनावर र बिभिन्न किसीमका चराचुरुङ्गी समेतले बास पाएका छन । वनले हामीसँग खान माग्दैन बरु उल्टै हामीलाई धेरै राहत दिन्छ ।" त्यसैगरि समितिभित्रकी अर्की महिला प्रतिनिधी (गोमा रानाभाट) ले भनिन, "यस वनले बाँचुन्जेल भात पकाउन दाउरा, गाईबस्तुलाई खान दिन घाँसपात र ओछ्याउनका लागि पत्कर, औषधिको लागि जडीबुटी पनि दिने गर्छ भने मान्छे मर्दा पोल्नलाई, घेवा गर्दा भतेर पकाउनलाई रुख समेत यही वनले दिन्छ । त्यसैले यसको महत्वपूर्ण उचित व्यवस्थापन गरि जोगाउन आबश्यक छ ।" मानिसलाई आफ्नो जीवनकाल देखि मरणोपरान्त पनि वनको आबश्यक्ता पर्छ । यसरी आफूले उपभोग गर्न नपाए तापनि भबिष्यमा आफ्ना सन्ततिले उपभोग गर्नेछन् भनेर महिलाहरू खाली भएको ठाउमा वृक्षारोपण गर्नुपर्छ भन्ने भावना पोख्छन । यसबाट महिलाहरूमा वनको महत्व, फाईदा र वन व्यवस्थापन प्रति चेतना अभिबृद्धी भएको स्पष्ट जानकारी हुन्छ ।

### ६.५.३ वन व्यवस्थापन क्रियाकलापमा भएका परिवर्तन

सामुदायिक वन सुरु भए पश्चात महिलाहरू वन व्यवस्थापनसम्वन्धी हरेक क्रियाकलापमा सहभागि हुने कुरामा क्रमशः बृद्धी हुदै गएको छ । वन व्यवस्थापन क्रियाकलापसम्वन्धी निम्न पक्षभित्र महिला सहभागितामा परिवर्तन आएको छ ।

### (क) वृक्षारोपण र गोडमेल

प्राकृतिक वन हुँदा महिलाहरू वनको वृक्षारोपण र गोडमेल कार्यक्रममा कहिले पनि सहभागि भएका थिएनन तर सामुदायिक वन भएपछि यी कार्यक्रममा महिलाको सहभागितामा हरेक पटक बृद्धी हुदै गएको छ। यी कार्यक्रममा महिलाले पुरुषले भन्दा बढी सहभागिता देखाउने गर्छन । केही महिलाहरू हालसम्म बिभिन्न कारणबाट वृक्षारोपण र गोडमेलमा सहभागि हुन नपाएता पनि उनीहरूमा वन व्यवस्थापन क्रियाकलापमा सक्रियरुपले सहभागि हुने तिब्र इच्छा भएको कुरालाई व्यक्त गरेको पाईन्छ।

### (ख) वन्य उत्पादनको वितरण

वन्य उत्पादनको वितरणमा पनि महिला सहभागिता क्रमशः बढ्दै गएको छ। वन खुलेको समयमा रुखका खसेको हाँगा, मरेका हाँगा, रुखका भिक्राहरू र भाडी सुधार गर्दा तथा रुखका हाँगा काटछाँट गरेको समयमा निस्केको वन्य उत्पादनलाई हरेक घरको उपभोक्ता बिच समान वितरण गरिन्छ। यो वितरण गर्ने काममा पहिले पुरुष मात्र सहभागि हुने गर्थे भने आजभोली महिला पनि पुरुषसँग समान सहभागिता जनाउने गर्छन।

### (ग) वन्य उत्पादनको सङ्कलन

वन्य उत्पादन सङ्कलन गर्ने कार्यमा सामुदायिक वन शुरु भएपछि महिलाको भुमिकामा केही परिवर्तन आएको छ। वन्य उत्पादन सङ्कलन गर्दा रुखका हरिया स्याउला, रुखका हाँगा, रुखका टुप्पा र रुख समेत काट्ने गर्दथे भने हाल यसरी सङ्कलन नगरि, वनका किमती रुखहरूलाई हानि नोक्सानी नहुने गरि वन्य उत्पादन सङ्कलन गर्दछन्। यसमा पनि सुकेर खसेका हाँगा, भरेका पत्कर र स्याउला, भुइघाँस मात्र सङ्कलन गर्ने गर्दछन। पहिला महिलाहरूले वस्तुभाउलाई वनभित्र छाडी दिन्थे भने हाल बँधुवा गरेर पाल्छन । त्यसैले पहिला महिलाहरू वन सखाप भईसक्दा पनि १२ महिना वन्य उत्पादन सङ्कलन गर्थे भने हाल वनसम्वन्धी नियममा बसी वन खुलेको बेलामा आफूलाई चाहिने वन्य उत्पादन सङ्कलन गर्छन् । त्यसैले आजभोली वन गुणात्मक हिसाबले वृद्धी भई वातावरण समेत हराभरा भएको छ यसो हुनुमा महिलाको ठुलो भुमिका छ । यसरी अध्ययन क्षेत्र वन व्यवस्थापन र संरक्षण क्रियाकलापमा सामुदायिक वन शुरु भैसकेपछि महिलाको भूमिकामा सकारात्मक परिवर्तन देखिन्छ।

## ६.५.४ वन उपभोक्ता समिति भित्रको परिवर्तन

सामुदायिक वन समुदायलाई हस्तान्तरण गरिसके पछि वनको व्यस्थापन र संरक्षणको लागि वन उपभोक्त समिति गठन गर्दा सर्बप्रथम महिला प्रतिनिधी सहभागि गराउनको लागि ज्यादै मुस्कील हुन्थ्यो । समितिको धेरै प्रयासबाट अन्तिममा एउटा मात्र महिला प्रतिनिधी राख्न सफल भए पनि वनप्रतिको चेतना बढ्दै जादा क्रमशः १, २, ३ गरि हाल ४ जना महिला

प्रतिनिधीहरु उपभोक्ता समितिभित्र रहेका छन । कूल १६ जना प्रतिनिधी भएको यस समितिमा ४ जना महिला प्रतिनिधी रहुन कुनै क्रान्तिकारी परिवर्तन नभएता पनि महिलाहरूमा आएको चेतनाका कारण समितिभित्र सामान्य रुपले महिला सदस्य बृद्धी हुदै गएको कुरा निश्चय पनि राम्रो मान्नुपर्छ । त्यसै गरि उपभोक्ता समितिको साधारण सभा तथा समितिको बैठकमा महिला सहभागि गराउनका लागि पहिला ज्यादै मुस्किल काम हुन्थ्यो भने आजभोली उनीहरू स्वःइच्छाले नियमति उपस्थितसमेत हुने गर्छन । वनमा घाँसपात, दाउरा, आदि चोरी गरिरहेको समयमा महिला सदस्यले भेटे भने डोको नाम्लो, हसिया जफत गर्नुको साथै उनीहरूबाट जरिवानासमेत तिराउने गर्दछन । जबकी पुरुष सदस्यले यी उत्तरदायित्व बहन गर्न सक्तैनन् । समितिका अध्यक्ष बद्रि खड्का भन्छन, "शुरुमा समितिको सदस्यमात्र वन्नलाई पनि हिचकिचाउने महिलाहरू हाल आएर ती महिला सदस्यहरूले अन्य महिला उपभोक्तालाई वनको महत्व र त्यसको व्यवस्थापन गर्न सिकाउने, सम्झाउने कामसमेत गर्न थालेका छन" । यसरी समितिमा महिला सदस्यको संख्या समय अनुसार बृद्धी हुदै गएको छ । यी कुराहरूबाट महिलाको भूमिकामा पहिले र अहिलेमा धेरै नै परिवर्तन भएको स्पष्ट हुन्छ ।

### ६.५.५ वनसम्वन्धी तालिमबाट भएको परिवर्तन

सामुदायिक वन भर्खर शुरु हुदा महिलाहरू वनसम्वन्धी तालिम लिन जानका लागि हिचकिचाउने गर्थे किनभने उनीहरूमा आत्मविश्वासको कमी रहेको थियो । तर हाल आएर महिलाको धारणामा केही परिवर्तन आएको देखिन्छ । वनको महत्वबारेमा थाहा पाएका महिलाहरू वनसम्वन्धी तालिममा जान उत्साहित हुने गर्दछन र तालिम लिएका महिलाहरूले वन व्यवस्थापन क्रियाकलापमा आफ्नो ज्ञान तथा सीपलाई सक्रिय र स्तरीय तरिकाले अन्य उपभोक्ताहरुलाई समेत सिकाउने गरेको पाईन्छ । यद्यपी तालिममा भाग लिने सदस्यमा पुरुषको अनुपातमा महिला कम छन तापनि पहिलेका तुलनामा अहिले तालिममा भाग लिने संख्या क्रमशः बढ्दै जानु वनसम्वन्धी तालिमले महिलाको भुमिकालाई सकारात्मक एवं फराकिलो पारिदिएको मान्न सकिन्छ ।

### ६.५.६ निर्णय गर्ने प्रक्रियामा परिवर्तन

अध्ययन क्षेत्रका महिला उत्तरदाताहरूमा वनसम्वन्धी क्रियाकलापमा निर्णय गर्न सक्ने क्षमता नभएता पनि शुरुको तुलनामा केही परिवर्तन भने आएको पाईन्छ । शुरुमा वृक्षारोपण कार्यमा सहभागि महिलाहरू पुरुषले अराएको काममात्र गरेर फर्कन्थे भने आजभोली आफ्नो सुझाब र सल्लाह पनि राख्न थालेका छन । किनभने महिलाहरू वनसम्बन्धि तालिममा भाग लिन कहिले काँही जाने गर्दछन र त्यहाँ सिकेका ज्ञानका आधारमा आफ्नो राय पनि दिइहाल्छन । यी तथ्यहरूलाई पनि महिलाहरूको निर्णय लिने भुमिकामा आएको परिवर्तन मान्नुपर्छ ।

वन व्यवस्थापनसम्वन्धी केही कार्य र निर्णय गर्न समेत सक्ने आत्मविश्वास भएका केही महिलाहरू पनि छन् । यस विषयमा उपभोक्ता सुश्री तारा गौतम भन्छिन, "यस समुदायमा भएको ८-१० जना महिला झैं सबै महिलाहरलाई दक्ष बनाउने हो भने वन व्यवस्थापन र संरक्षणका लागि गरिने हरेक निर्णय हामी महिलाहरूले मात्र पनि गर्न सक्ने थियौ । पुरुषहरू पछाडी बसेर सहयोग मात्र गरे पुग्थ्यो । तर समुदायका सम्पूर्ण महिलालाई मिलाएर कुरा गर्दा शुरुको अवस्थाको दाजोमा महिलाहरूको निणार्यक भुमिकामा सामान्य परिवर्तन आएता पनि पुरुषहरूको अगाडी नगन्य नै छ ।"

सामुदायिक वन भए पश्चात महिलाको वन उपभोक्ता समितिको बैठकमा महिलाको निर्णय गर्ने प्रक्रियामा थोरै भएपनि परिवर्तन देखिन थालेको छ । वन उपभोक्ता समितिका उपाध्यक्ष का अनुसार शुरुमा वन उपभोक्ता समितिको बैठकमा उपस्थित महिला सदस्य दर्शक झैं सुनेर मात्र बस्थे, प्रतिकार देखाउदैनथे भने आजभोली उनीहरू पनि सरसल्लाह दिदै छलफलसमेत गर्छन । केही कुरामा त निर्णय पनि दिने गर्छन । त्यसैगरि उपभोक्ता समितिकी महिला सदस्य भन्छिन, "जान्दै नजानेको कुरामा सुनेर मात्रै बस्छौ तर थाहा पाएको कुरामा भने निर्णय पनि दिन्छौं । हाम्रो निर्णय सबैलाई मन पऱ्यो भने बैठकमा स्वीकृत पनि गरिन्छ ।" यस कुराले महिलाको बैठकमा निर्णय लिने भुमिकामा पनि केही परिवर्तन आएको देखाउँछ ।

समष्टीगत रुपमा भन्ने हो भने सामुदायिक वनले महिलाको चेतनामा धेरै नै परिवर्तन ल्याएको देखिन्छ । त्यसैगरि वन व्यवस्थापनमा हरेक क्रियाकलाप जस्तै वृक्षारोपण, गोडमेल, वनय उत्पादन सङ्कलन तथा वितरण, समितिको बैठक, वनसम्बन्धि तालिम, आदिमा महिलाको सहभागितामा उल्लेखनिय परिवर्तन आउनुका साथै निर्णय गर्ने भुमिकामा समेत विस्तारै बृद्धि हुदै आएको प्रस्ट छ । शुरुको अवस्थामा दर्शक जस्तै उपस्थित हुने महिला सदस्यहरू हालको अवस्थामा सरसल्लाह दिने, छलफल गर्ने र कहिले काही आफ्नो निर्णय पनि सुनाउने भएका छन । यसलाई महिलाको भुमिकामा आएको परिर्बतन मान्न सकिन्छ । यति हुदाहदै पनि महिलाको निर्णायक भुमिकामा सन्तोषजनक परिवर्तन भने आएको छैन । यसरी महिलामा निर्णय गर्ने क्षमतामा धेरै परिर्बतन नआउनुमा उनीहरूमा शिक्षा र प्राबिधिक ज्ञानको अभाव हुनु, घरेलु कामको बोध तथा समयको अभाव हुनु र पुरुष प्रधान समाजको असर रहनु नै प्रमुख कारणको रुपमा रहेको छ ।

# अध्याय – सात

# सारांश र निष्कर्ष (Summary and Conclusion)

यस अध्यायमा अध्याय एक देखि छ सम्म उल्लेख गरिएका सम्पूर्ण कुराहरूलाई संक्षिप्त विवरणका साथ प्रस्तुत गरिनुको साथै अध्ययनबाट प्राप्त हुन आएका मुख्यमुख्य सूचनाहरूको निष्कर्षहरूलाई तल प्रस्तुत गरिएको छ ।

## ७.१ संक्षिप्त विवरण

वन एउटा अति महत्वपूर्ण प्राकृतिक सम्पदा मध्येको एक हो । वन सम्पदा कृषि र पशुपालनका लागि अपरिहार्य तत्व हो । नेपालमा ८० प्रतिशत भन्दा बढी जनता कृषिमा नै निर्भर छन् र उनीहरू आफ्नो गुजराका लागि घाँस, पत्कर, दाउरा, काठ आदि जस्ता वन्य उत्पादनमा निर्भर रहने गर्दछ । नेपालमा वनको इतिहासलाई हेर्ने हो भने वनको क्षेत्रफलमा निकै उतारचढाब देखिन्छ । त्यसैले यहाँ वन विनासको घटनालाई त्यती नयाँ मानिदैन । जसको परिणाम स्वरुप देशको अमूल्य प्राकृतिक स्रोतको दिन प्रतिदिन नाश भईरहको छ ।

सन् १९५७ मा नेपाल सरकारले वनलाई राष्ट्रियकरण गरि वन ऐन् लागू गर्‍यो तर त्यो ऐन् जनताको अनुकुल नभएकोले असफल भयो जसको परिणाम स्वरुप वन द्रुतगतिमा विनास हुनपुग्यो । त्यपछि १९७० को दशकमा नेपाल वनस्रोतको उचित व्यवस्थापन र सम्बर्द्धनका लागि सामुदायिक वन अवधारणाको विकास भयो । सामुदायिक वन नेपालको ग्रामिण जनताहरूको सामाजिक, आर्थिक, अवस्थालाई सुधार गर्नका लागि आएका अवधारणाहरू मध्येको सबैभन्दा नयाँ अवधारणा हो । स्थानीय वन उपभोक्ता समूहलाई व्यवस्थापन (संरक्षण, सम्बर्द्धन र सदुपयोग) गर्नको लागि विधिवत रुपमा सुम्पिएको वन नै सामुदायिक वन हो । जसमा उपभोक्ताले वनको व्यवस्थापन र सदुपयोग गर्नमा पूर्ण रुपले अधिकार पाउने गर्दछ ताकी यसबाट उनीहरूको दाउरा, घाँस, पत्कर जस्ता आधारभूत आवश्यक्ताहरु दिर्घकालिन रुपले परिपूर्ति हुन सकोस् ।

यदि स्थानीय उपभोक्ताद्धारा वनलाई दिर्घकालिनरुपले जोगाई राख्ने हो भने महिलालाई वन व्यवस्थापनमा पूर्णरुपले सहभागी गराउनुपर्छ, किनभने महिलाहरू नै बढीमात्रामा दाउरा, स्याउला, पत्कर, घाँस आदि सङ्कलन गर्नुको साथै चरणमाथि हस्तक्षेप गर्न पनि जिम्मेबार छन । त्यसैले उनीहरूलाई नै वन विकास कार्यमा लगाउनु आजको आवश्यक्ता भई सकेको छ । वनको विकास र संरक्षणको लागि महिला सहभागिता विना असम्भव देखिने हुदा महिलाको सहभागिता र महिला सहभागितालाई प्रभाव पार्ने बाधक तत्वहरूलाई खोजेर समस्याको सही समाधान गर्नु आजको आवश्यकता मात्र होइन अपरिहार्य नै भएको छ ।

महिलाहरू वनको प्रथम उपभोक्ता हुन र उनीहरूलाई वनसम्वन्धी गतिविधिहरुमा समाबेश नगराई वन व्यवस्थापन गर्ने कुरा काल्पनिक हुनेछ । त्यसैले यो अध्ययनको नतिजाबाट

सामाजिक कार्यकर्ता तथा अनुसन्धानकर्ताहरूलाई वन व्यवस्थापनमा महिलाको भूमिका खोजी गर्न थप सजिलो वनाउनु हो । अध्ययन गर्दा अन्वेषणात्मक र वर्णनात्मक दुबै अनुसन्धान योजना समाबेश गरिएको छ । तथ्याङ्कको प्रकृति गुणात्मक तथा परिमाणात्मक दुबै किसीमको छ भने तथ्याङ्कीय स्रोत पनि प्राथमिक तथा द्वितीय दुबै प्रकारको रहेको छ । नमूना छनोटको रुपमा Simple Random Sampling विधि अपनाई अध्ययन क्षेत्रको रुपमा सर्लाही जिल्लाको पशुपतिनगर स्थित पशुपति सामुदायिक वन उपभोक्ता समूहको ६५ घरधुरीहरुलाई उत्तरदाताको लागि छनोट गरिएको थियो । सम्पूर्ण तथ्याङ्क सङ्कलन गर्दा अन्तरवार्तासुची, सहभागिमूलक अवलोकन, सामुहिक छलफल, मुख्य सूचना सङ्कलन आदि विधिहरु अपनाईएको छ । यसरी संकलित तथ्याङ्कलाई आवश्यक अनुसार तालिकामा प्रतिशत खुल्ने गरी प्रस्तुतिकरण गरेर त्यसको विश्लेषण पनि गरिएको छ ।

अध्ययन क्षेत्रभित्र वि.स. २०५७ सालमा स्थापना भएको एक सामुदायिक सहकारीमा प्रत्येक वन उपभोक्ता घरधुरीका महिला तथा पुरुष सदस्यहरू रहेका छन । उक्त सहकारीमा सामुदायिक वनबाट प्राप्त रकम निक्षेप गरी लगानी गरिन्छ र प्रति ब्यक्ति थप रु.१०० उठाउने र कोषमा जम्मा गर्ने गरिन्छ । यसरी जम्मा भएको रकमबाट आयआर्जन गर्न चाहने उपभोक्ताहरुलाई ऋण स्वरुप रकम दिने व्यवस्था पनि छ ।

सामुदायिक वन भनेको स्थानीय उपभोक्ता समुहद्वारा संरक्षण, सम्बर्द्धन, व्यवस्थापन र उपभोग गरिने वन हो, जसमा वनसम्वन्धी सम्पूर्ण अधिकार र कर्तव्य उपभोक्ता समुहकै हातमा हुन्छ । अध्ययन क्षेत्रको उत्तरदाताहरूको नीजि जमिनमा एउटा पनि रुखहरू नहुने परिबारहरू ३.०७%, केही संख्यामा रुख भएको परिवारहरू २४.६२% रहेका छन् भने आफ्नो खेतीबारीले मनग्य पुग्ने र केही बेचबिखन गर्न समेत पुग्ने परिवार संख्या ७२.३१% देखिन्छ । दाउँरा मात्र उपभोग गर्ने परिबार ६६.१६%, दाउरा र मट्टीतेल दुबै प्रयोग गर्ने परिबार ९.२४% र ग्याँस/विद्दुत उपभोग गर्ने परिवार २४.६०% छन । केही परिबारले रुख धेरै हुने परिवारसँग किनेर पनि दाउरा उपभोग गर्ने गर्दछन । त्यस्तै घाँसपात लागि सिमित जमिन हुनेहरू सामुदायिक वन र धार्मिक वनमा जाने गर्दछन भने आफ्नो जमिन धेरै हुनेहरू धार्मिक र सामुदायिक वनमा जादैनन । घाँसपातका लागि १७(२६.१७%) घरधुरीहरु बर्षायाममा समेत आफ्नो खेतबारी छाडी वनमा निर्भर रहन्छन् भने पत्करका लागि ११(१६.९२%) रहेका छन् । उत्तरदात्ताका अनुसार बर्षायाममा प्रतिदिन ३६ भारी र हिउँदमा प्रतिदिन लगभग १८ भारी घाँसको प्रयोग गर्ने गरेको पाईयो । प्रति वर्ष हिउँदमा लगभग ७० भारी र बर्षा याममा लगभग ५९ भारी पत्कर सङ्कलन गर्ने गर्दछन ।

लगभग २८० हेक्टर क्षेत्रफलमा रहेको कर्मैया गाउँमा परम्परा देखि नै ब्राम्हण, क्षेत्री, जनजाति र दलितहरूको बस्ती छ । जम्मा १२५.२९ हेक्टर क्षेत्रफल भित्र पर्ने यो पशुपति सामुदायिक वनको क्षेत्रलाई पूर्बमा ढुङ्गेखोला, पश्चिममा हरिहर सामुदायिक वन, उत्तरमा गोडारी खोला र दक्षिणमा पशुपति मन्दिरले घेरेको पाईन्छ । यसरी सामुदायिक वनलाई समेत चार भागमा छुट्याएर वनको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्ने गरिएको छ ।

अध्ययन क्षेत्रभित्र हुने वन व्यवस्थापनका बिभिन्न क्रियाकलापहरुमा महिलाको सहभागिता कुनै न कुनैरुपबाट हुने गरेको छ । वृक्षरोपण कार्यक्रममा महिलाको सहभागिता पुरुषको भन्दा बढी नै हुने गर्छ किनभने वृक्षरोपण र गोडमेल कार्यक्रम जन श्रमदानबाट गरिने भएकोले यसबाट आम्दानी नहुने हुनाले पुरुषहरूले यी कार्यक्रममा त्यति चासो नदेखाईको पाईयो । वृक्षारोपण कार्यमा महिला सहभागिता ६४.४१% रहेका छन भने पुरुष ३५.३८% छ । रुखको गोडमेलको समयमा पुरुषको ५३.८४% र महिलाको ४६.१५% सहभागिता भएको देखिन्छ । त्यसैगरि वन्य उत्पादन सङ्कलन गर्ने काममा पनि पुरुषको भन्दा महिलाको सहभागित बढी हुने गर्दछ । दाउँरा सङ्कलन गर्ने काममा महिला सहभागिता ६०% र पुरुष सहभागिता ४०% रहेको छ । त्यसैगरि घाँसपात सङ्कलन गर्ने कार्यमा ८०% महिलाहरु सहभागि हुने गर्दछन भने २०% मात्रै पुरुषको सहभागिता देखिनछ । पत्कर सङ्कलन गर्ने काममा भने ७०% महिला सहभागिता रहेको छ भने बाँकी ३०% पुरुष रहेको पाइन्छ । यसरी गोडमेल बाहेक वनलाई वृक्षारोपण देखि लिएर वनबाट उत्पादित बस्तु सङ्कलन कार्यमा समेत महिलाको सहभागिता पुरुषको तुलनामा बढी नै छ ।

अध्ययन क्षेत्रको सामुदायिक वन उपभोक्ता समितिमा महिलाहरूले पनि समितिको तर्फबाट प्रतिनिधित्व गरेका छन् । हाल उपभोक्ता समितिको १३ जना मध्ये ४ जना महिला प्रतिनिधीहरू रहेका छन् । महिला सदस्यहरू समितिको बैठक वा वनसम्बन्धि गतिबिधिमा निर्णय गर्न सक्ने तहमा नभए तापनि त्यसमा सहभागी भई छलफल गर्ने कुरामा लगाताररुपमा उपस्थित हुने गर्दछन् । समितिभित्र जति महिला सहभागिता बढ्छ उति वनको सम्बृद्धीमा टेवा पुग्ने कुरामा अध्ययन क्षेत्रका उत्तरदाताहरूले सहमति जनाउँछन । यति हुदा हुदैपनि समितिमा महिला सहभागिताको कमी महशुस भएको छ अर्थात समितिमा चाहिए जति महिला सहभागिता छैनन् । यसको मुख्यकारण महिलाहरूमा घरायसी कामको बोझ र समयको अभाव नै हो भन्ने भनाई केही महिला उत्तरदाताहरुको छ ।

उत्तरदाताहरूको भनाईमा वन व्यवस्थापनसम्बन्धी तालिममा सहभागि हुने महिलाको संख्या ज्यादै कम छ । शिक्षा र ज्ञानको अभावमा उनीहरू यस्ता तालिममा भाग लिन हिचकीचाउने गर्छन ।

वन व्यवस्थापनसम्बन्धी हरेक क्रियाकलापमा पुरुषको दाँजोमा महिलाको निर्णय गर्ने प्रक्रिया ज्यादै न्यून छ । त्यस्तै वनसम्बन्धी तालिम लिन जाने कुरामा पनि समितिको बैठकमा महिलाहरुले सही निर्णय दिन नसक्नाले पुरुषको निर्णयलाई नै पूर्णरुपले स्वीकार्ने स्थिति छ । अकोतिर पुरुषहरू पनि महिलालाई छलफलमा सहभागिता गराएता पनि निर्णायक तहमा सहभागी गराउँदैनन् । यसरी महिलाहरू वन व्यवस्थापन क्रियाकलापमा सहभागी भएपनि निर्णय गर्ने प्रक्रियामा भने पछाडि नै छन । यसो हुनुको मुख्य कारण शिक्षा र प्राबिधिक ज्ञानको अभाव नै हो ।

वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाब पार्ने बिभिन्न तत्वहरू छन । अध्ययन क्षेत्रका उत्तरदाताहरूको भनाईलाई लिने हो भने धेरै जसो महिलाहरूमा शिक्षा र ज्ञानको

कमिको कारण उनीहरू वनको उचित व्यवस्थापन कसरी गर्ने भन्ने कुरा जान्न असफल छन् । घरेलु तथा कृषि काममा पुरुषको तुलनामा महिलाहरुले अधिकतम समय खर्चने हुनाले वनसम्बन्धी गतिबिधिमा सकृय सहभागिता देखाउन सक्दैनन् ।

महिलाहरू जहिले पनि वन्य उत्पादनहरू जस्तैः घाँस, दाउँरा, पत्कर आदि घरेलु आबश्यक्ताका बस्तुहरू प्राप्त गर्ने कुरामात्र सोच्ने र सो बस्तुको सङ्कलन गर्नमात्र लागि पर्ने गर्दछन किनभने उनीहरू इन्धनको बैकल्पिक स्रोत प्राप्त गर्नका लागि आर्थिक रुपले सक्षम छैनन । त्यसैले महिलाहरू वन ब्यस्थापन क्रियाकलापमा सहभागी हुन सक्दैनन् ।

महिलाहरू वन व्यवस्थापन क्रियाकलापमा सहभागी हुनलाई परम्परागत गलत अबधारणा र पुरुष प्रधान समाजले पनि ठुलो प्रभाब पारेको छ । “महिलाहरू जति जानेबुझे पनि घरभित्रकै काम धन्दा सम्हाल्ने हो । वन व्यवस्थापन क्रियाकलापमा जानको लागि हामी छदैछौ नि” भन्ने भनाई अध्ययन क्षेत्रको एक पुरुष उत्तरदाता को थियो । सहभागी निरीक्षणबाट यस किसिमको अबधारणा ब्राम्हण क्षेत्री र दलित जातिमा वढी र जनजातिहरुमा कम पाईयो ।

सामुदायिक वन शुरु भएपछिको अवस्थालाई तुलनात्मक अध्ययन गर्दा महिलाहरूको वन व्यवस्थापनप्रतिको भुमिकामा अत्याधिक परिवर्तन आएको छ । सामुदायिक वन शुरु भएपछि महिलाहरूमा बिशेषगरि वनप्रतिको आफ्नो अधिकार र उत्तरदात्विमा चेतना बढेको पाइन्छ । त्यसैगरि वन व्यवस्थापनसम्बन्धी हुने हरेक क्रियाकलाप जस्तैः वृक्षारोपण, गोडमेल, वनय उत्पादन सङ्कलन तथा बितरण, समितिको बैठक, वनसम्बन्धि तालिममा महिलाको सहभागितामा सन्तोषजनक परिवर्तन आएको छ । सुरुको अवस्थामा दर्शक जस्तै उपस्थितमात्र हुने महिला सदस्यहरू हालको अवस्थामा सर-सल्लाह दिने, छलफल गर्ने र कहिले काँही आफ्नो निर्णय पनि सुनाउने भएका भने छन् । यसलाई महिलाको भुमिकामा आएको परिवर्तन मान्न सकिन्छ । यति हुँदाहुँदै पनि महिलाको निर्णायक भुमिकामा सन्तोषजनक परिवर्तन भने आएको छैन ।

## ७.२ निष्कर्ष

यस अध्ययनबाट यो निष्कर्ष निकाल्न सकिन्छ की महिलाहरू पनि वन व्यवस्थापन, संरक्षण र बिकासमा सहभागी भए महत्वपूर्ण भुमिका निभाउन सक्नेछिन् । जब नेपालको वनलाई राष्ट्रियकरण गरियो, तब घाँस, दाउँरा, काठ, रुख, पत्कर, आदि जस्ता वन्य उत्पादनको गैर कानुनी तरीकाबाट चोरी निकासी बढ्न थाल्यो । यसबाट वनमा पर्न गएको नकारात्मक प्रभाबलाई रोक्न सरकारले सामुदायिक वन कार्यक्रम शुरु गऱ्यो र जसको फलस्वरुप स्थानीय उपभोक्ताद्धारा वनलाई सफलरुपले स्थापित गर्ने तथा महिलाहरूको सहभागितालाई समेत बृद्धि गर्दै लैजाने कोसिस गरियो ।

धेरै जसोको घर तथा खेतबारीहरुमा केही न केही रुखहरू रहने गरेको पाइन्छ । आफ्नो जमीनमा एउटापनि रुख नहुनेहरूले सामुदायिक तथा धार्मिक वन र रुख धेरै हुने उपभोक्ताहरूमा निर्भर रहनु परेको छ । वन्य स्रोतहरूमा बाल्नको लागि दाउरा, गाई बस्तुलाई खुवाउनका लागि घाँसपात र ओछ्याउनको लागि पत्कर, आदि जस्ता वन्य सामग्रीको लागि उपभोक्ताहरु हिउँद वा बर्षा दुवै समय वनमा निर्भर रहनु परेको देखिन्छ । वन्य उत्पादन जस्तैः घाँस, काठ, पत्कर, दाउँरा, प्रयोग गर्न उपभोक्ता समितिको नियमअनुसार वर्षको १०/१२ चोटी निश्चित समयको लागि मात्र वन खुल्ने गर्दछ । स्तरीय रुखहरूको अभावमा काठपात भने उपभोग गर्न दिने गरेको छैनन् । वृक्षारोपण गर्न असार र साउन महिना तथा गोडमेलका लागि मंसिर महिना छनौट हुने गर्दछ । सामुदायिक वनबाट उपभोक्ताहरूले मर्दापर्दा संस्कार गर्दा एक/एक ओटा रुख पाउने, समय समयमा वन्य उत्पादन प्राप्त गर्न पाउने, र चाडपर्वको बेलामा पनि वनबाट घाँस, सोत्तर/पत्कर ल्याउन पाईने हुदा महिलाहरु नै बढीमात्रमा वन्य उत्पादन संकलन कार्यमा सक्रिय बन्नु परेको छ र वन व्यवस्थापन कार्यमा पनि उनीहरुको उल्लेखनिय एवं महत्वपूर्ण भूमिका हुने गरेको देखिन्छ ।

वन उपभोक्ता समितिभित्र महिला सदस्य रहे पनि वनसम्बन्धि तालिम, गोष्ठी तथा निर्णय प्रक्रियाहरुमा महिला सहभागिता भने पुरुषको तुलनामा कम हुने गर्दछ । वनसम्बन्धी तालिममा भाग लिन जाने कुरा महिलाहरू अनिर्णित हुनेहुदा पुरुषहरूले बढी अवसर पाएका छन् । महिलाहरू वन जोगाउन, संरक्षण, संबर्द्धन गर्न र वन्य उत्पादन सङ्कलन तथा सदुपयोग गर्न पुरुष भन्दा एक कदम अगाडि हुँदाहुँदै पनि वन व्यवस्थापनमा महिला सहभागितालाई प्रभाब पार्ने तत्वहरू धेरै रहेका छन् । शिक्षा र प्राबिधिक ज्ञानको अभाव, घरेलु काममा अत्याधिक समय खर्च हुने, महिलाको बिबिध किसिमको काममा अत्याधिक कार्यभार, कमजोर आर्थिक स्थिति र परम्परागत गलत अबधारणा तथा पुरुष प्रधान समाज आदि प्रमुख रहेका छ । तर सामुदायिक वन शुरु भएपछि भने महिलाहरुमा बाताबरण र वनप्रति आफ्नो अधिकार र उत्तरदायित्वमा भने सचेत भएको पाइन्छ । जसको परिणाम स्वरुप वन व्यवस्थापन क्रियाकलाप कार्यमा महिला सहभागिता क्रमशः बृद्धी हुदै गएको छ ।

प्राकृतिक वनलाई समुदायिक स्तरमा हस्तान्तरण गरेपछि सर्बप्रथम उपभोक्ता समितिको गठन गरिदा महिला प्रतिनिधी सहभागी गराउन ज्यादै मुस्किल भएको अवस्थामा हाल त्यो समस्या भने देखिदैन । यसरी महिलाहरूमा वनप्रतिको चेतनामा बिस्तारै बृद्धी हुदै जादा क्रमशः १/२/३ गरि हाल समितिभित्र समेत महिला प्रतिनिधी हुनुलाई सन्तोषजनक परिवर्तन मान्नुपर्छ । महिलाहरूले समितिको बैठकमा वनसंम्वन्धी राय, छलफल तथा सल्लाह दिने गरेतापनि निर्णायक तहमा भने पुग्न बाँकी नै देखिन्छ । शुरुको अवस्थामा दर्शक झैं उपस्थित हुने महिलाहरू हालको अवस्थामा सरसल्लाह दिने र कहिले काही आफ्नो निर्णय पनि सुनाउन सक्ने महिलाहरु केही मात्रमा पाउन सकिन्छ । यसलाई महिलाहरुको निर्णायक भुमिकामा आएको परिवर्तन मान्न सकिन्छ तर यतिमा नै सन्तोष लिने स्थिति भने छैन ।

# सन्दर्भ सामग्रीहरु


गौतम, मुन्नी, (२०६६). *वन विकासमा महिला सहभागिता.* “हाम्रो वन” नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, ववरमहल, काठमाण्डौ ।

जोशी, पदमराज, (२०६६). *मेरो अनुभवमा सामुदायिक वन* सामुदायिक वन वुलेटिन, अंक ९, २०६६ नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, सामुदायिक वन महाशाखा ववरमहल, काठमाण्डौ ।

जिल्लाको वन विकास गतिविधि, (२०६६). *सर्लाही जिल्लाको वन विकास गतिविधि: एक दर्पण,* जिल्ला वन कार्यालय, सर्लाही ।

राई, विमला, २०६७ : *सामुदायिक वनमा लैङ्गिक समानताको सवाल,* हाम्रो वन सम्पदा, २०६७ ।

शर्मा, अर्जुनराज, (२०६६). *सामुदायिक वन विकास कार्यक्रम* : *“हाम्रो वन”* नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, ववरमहल, काठमाण्डौ ।

सामुदायिक वन कार्यक्रम, एक परिचय, (२०६६). *सामुदायिक वन वुलेटिन, २०६६,* नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, सामुदायिक वन महाशाखा ववरमहल, काठमाण्डौ ।

Bartlett, A.G., Nurse, M.C., Chhetri R.B., and Kharel, S. (1991). *Towards Effective Community Forestry through Forest User Groups,* Nepal-Australia Community Forestry Project (NACFP), Kathmandu.

Baskota, R.P. (1997). *Women in Community Forestry: Issues in Participation (A Case Study of Bakhuw VDC of Saptari District)*, Tribhuvan University, Kirtipur.

Borg, B. (1989). *Women's Role in Forest Resource Managemtn*: A Reader.

CBS, (2001*). Statistical Year Book of Nepal*: Government of Nepal, National Planning Commission Secretariat, Central Bureau of Statistics (CBS), Kathmandu, Nepal

Chhetri, G., and Rana, S., (1995). *A Gender Analysis of Women's Partner in Community Forestry:* Nepal Australia Community Forestry Project, Discussion Paper

Chhetri, R.B., (1994). *Indigenous and Community Forest Management System: Reviewing their Strength and Weakness.* Journal of Anthropology of Nepal, Kathmandu

Chhetri, R.B., (1999). *The Rhetoric and Realities of People's Participation in Conservation and Development in Nepal*: An Anthropological Perspective, SASON, Kathmandu, Nepal.

Chhetri, R.B., and Pandey, T.R. (1992). *Users' Group Forest in the Far Western Region of Nepal*: A Case Study from Baitadi and Acham District, Kathmandu

Dahal, D.R., (1994). *A Review of Forest Users' Group: A Case Studies from Eastern Nepal*: ICIMOD, Kathmandu.

Gautam, K.H., (1996). *Forestry Practices outside the Forest by Rural People:* Forestry Research Paper Series, December, 1986

Gilmour D.A., and Fisher, R.J., (1991). *Anthropology and Biophysical Science in Natural Resource Management*: Is a Symbiosis Possible? SASON, Kathmandu

Gurung, A. Man, (1999). *Women's Participation in Community Forest Management*: A Case Study of Chuliban Deurali, Dhankuta.

Gurung, N. (2005). *Impact of Community Forestry Training Activities on Livelihoods of Rural Peoples*: A Study of Gaukhureshwor FUG in Kavrepalanchok District, Unpublished Master's Dissertation Submitted to the Central Department of Sociology/Anthropology, TU, Kirtipur.

Hughes, E.S., (1993). Status, Property and Forest Management: Women's Role in Community Forestry in Nepal RI News fall, 1993.

Insera, A. (1989). *Women's Participation in Community Forestry in Nepal:* An Analysis from Forestry Development Project Kathmandu. United States Agency for International Development (USAID, Nepal)

Insera, A. (1998). *Women's Participation in Community Forestry in Nepal*, A Journal of Banko Janakari Vol.2, No.2, Kathmandu

Kayastha, S. (1991). *Elements of Community Forestry in Nepal,* Center Forest Library, Babarmahal, Kathmandu

Khadka, J. (1999). *What Makes a Women Leader*? : Case studies and Experience from the Community Forestry Project in Dolakha and Ramechap District of Nepal, Kathmandu: Swiss Agency for Devevelopment and Community Forestry Project on Dolakha and Ramechap district of Nepal, SDC, Kathmandu.

Kharel, S. (1993): *Women's Participation in Community Forestry,* Nepal-Australia Community Forestry Project's Experience, (Banko Janakari, Vol. 4, No.1)

Merit, Werner, (1981). *Suggestions for the Involvement of Women in Community Forest Development Programme,* HMG/UNDP/ FAO/CFDP Kathmandu

Molnar, Augustha, and Schreiber, Gotz, (1998). *Women and Forestry:* Operational Issues.

Palit, S. (1996). *Comparative Analysis of Policy and Institutional Dimension of Community Forestry in India and Nepal*, MNR Discussion Series

Regmi, S.C., (1992). *Women in Forestry*: A Study of a Women's Forest Committee in a Nepalese Village, Kathmandu, May, 1992

Selley, J. (1996). *Women, Men and Roles in Forestry,* Banko Janakari 6(1):39

Shrestha, N. (1996). *Women's Participation in Community Forestry:* A Case Study of Two Village in Kaski District of Nepal

Siddhiqi, Najma (1989a). *Women in Forestry: Report of Training Workshop,* Nepal-Australia Forest Project (NAFP), Kathmandu

Siddhiqi, Najma (1989b). *Towards Effective Participation*, a Guide for Working with Women in Forestry, NAFP, Kathmandu

Upadhyay, U.P, Paudyal, G.H., and Singh, H.B., (2002). *Woman's Empowerment Programme: An Approach to Strengthen Women's Participation in Community Resource Management*, A Discussion Paper, (NACRMP)

Wallace, M.B. (1987). *Community Forestry in Nepal: Too little and too late?* Agricultural Development Council Kathmandu, Nepal

अनुसूचीहरु

## प्रश्नावली सूची फारम

**पारिवारिक विवरणः**

१) उत्तरदाता/घरमुलीका नाम/थर ...................................

टोलः ................वार्ड .............

२) पारिवारिक लगत विवरण:

| क.स. | परिवारको सदस्यको नाम | उमेर | लिंग | शिक्षा | पेशा | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

३) परिवारको किसिम : १) एकात्मक २) संयुक्त

४) घरको प्रकार : १) कच्ची २) अर्ध पक्की ३) पक्की

५) शौचालय : १) छ २) छैन

६) खानेपानीको स्रोत : १) इनार २) धारा ३) चापाकल

७) सुचनाको स्रोत : १) रेडीयो २) टेलीभिजन ३) अन्य

८) पारिवारिक वर्ग : १) निम्न २) निम्न मध्यम ३) मध्यम ४) उच्च

९) जग्गा/जमिनको विवरण १) कट्टाभन्दा कम २) १-९ कट्ठासम्म ३) १०-१९ कट्ठासम्म ४) १-३ विघासम्म ५) ३-५ विघासम्म ६) ५ विघा भन्दा वढी

१०) कृषिवाट खानपुग्ने अवधि १) १ महिना भन्दा कम २) १-३ महिना सम्म ३) ४-६ महिना सम्म ४) ७-९ महिना सम्म ५) १०-१ वर्ष सम्म ६) १ वर्ष भन्दा वढी

११) आयको मुख्य स्रोत १) कृषि २) व्यापार ३) नोकरी (सरकारी/नीजि) ४) ज्यालादारी ५)वैदेशिक रोजगार ६) अन्य ......

१२) वस्तभाउ तथा पशुपंक्षी विवरण

| क्र.सं. | वस्तुभाउको विवरण | छ? | छैन? | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | गाई | | | |
| २ | भैसी | | | |
| ३ | गोरु | | | |
| ४ | रागाँ | | | |
| ५ | बाखा | | | |
| ६ | वंगुर | | | |
| ७ | वनेल | | | |
| ८ | कुखुरा | | | |
| ९ | परेवा | | | |
| १० | हाँस | | | |
| ११ | अन्य | | | |

१३) पशु/पंक्षीलाई प्रयोग हुने घाँस प्राप्त गर्ने स्थान तथा निर्भर घरधरी तथा घाँसको भारीः
१) निजी जमिन.... २) सामुदायिक वन ... ३) सरकारी पर्तिजग्गा ....

१४) घरमा प्रयोग हुने इन्धनको स्रोत तथा प्राप्त भारी दाउराः
१) दाउरा .... २) ग्यास .... ३) मट्टीतेल ..... ४) अन्य ..

१५) सामुदायिक वन भनेको के हो ? नीजि, सरकारी, धार्मिक र सामुदायिक वनमा के फरक छ ?

१६) सामुदायिक वन व्यवस्थापनमा महिला र पुरुषमध्ये कस्को वढी सहभागिता छ ? र के कस्तो कार्यहरुमा ?

१७) सामुदायिक वन व्यवस्थापनको कार्य देखि बैठक, तालिम तथा गोष्ठीहरुमा महिला र पुरुषमध्ये को वढी सहभागिता रहन्छ ? र किन ?

१८) सामुदायिक वन व्यवस्थापनमा महिलाहरु किन निर्णयक तहमा पुग्दैनन् ? के महिलाहरुको भूमिकामा परिवर्तन आएको छैनन् ? र आएको भए के कस्तो क्षेत्रहरुमा देखिन्छ ?

१९) तपाईको समाज तथा यहाँ भएका वनजंगलहरु के कस्तो प्रकारको छ ? र कसरी सञ्चालन भईरहेको पाईन्छ ?

२०) गाउँ घरमा सवै जातिको आवतजावत तथा चाडपर्वहरुमा वनले के कस्तो संम्बन्ध राखेको छ ?

२१) तपाईहरु समाजमा आलोपालो/अैचोपैचो, सर-सहयोग तथा तल्ला र उपल्ला जातिवीच भेदभावको अवस्था के कस्तो छ ? र वन व्यवस्थापन तथा वन्य उत्पादन वितरण कार्यमा पनि भेदभाव हुन्छ

२३) तपाईको कुल देवता कुन कुन हुन् ? पुजा कहिले र कसरी गर्नुहुन्छ ? र तपाईहरु खानेपानी कुन स्रोतको वढी मन पराउनुहुन्छ ? भान्सामा प्रयोग हुने भाडा कुँडाहरु के के हुन् ?

२४) तपाईहरुको संस्कार र वनवीच के कस्तो सम्वन्ध रही आएको छ ?

२५) वनजंगल, महिला र संस्कारविच एकापसमा कस्तो खालको सम्वन्ध भएको जस्तो लाग्छ ?

२६) वन, मृत्यु र दाहसंस्कार सवै संस्कारभित्र पर्छ पर्दैन, तपाईको विचार दिनुहोस् ?

२७) तपाईको आर्थिक अवस्था पहिलो कस्तो थियो ? अहिले कस्तो छ ? के सामुदायिक वनको कारण तपाईको आर्थिक अवस्थामा परिवर्तन आयो ?

२८) तपाईहरुको पूर्खाहरुको वनसंग कस्तो सम्वन्ध थियो ? पूर्खाहरु के पेशा गर्दथे ?

२९) तपाईको आर्थिक अवस्था सुधारमा सामुदायिक वनको कस्तो देन छ ?

३०) सामुदायिक वनमा महिला सहभागितालाई प्रभाव पार्ने बाधक तत्वहरु के के हुन् ?

३१) के वातावरण स्वच्छ, सुन्दर र सन्तुलित राख्न सामुदायिक वनको भुमिका रहन्छ ?

३२) सामुदायिक वन विनाको वातावरण कस्तो हुन्छ ? यसले मानव जीवनमा कस्तो असर पार्दछ ?

३३) सामुदायिक वनले वातावरण सन्तुलन राख्न योगदान पुऱ्याउछ भने सामुदायिक वनलाई जोगाउन तपाईको भुमिका के हो ?

३४) तपाईलाई अरु थप केही भन्नु छ की ?

तपाईले सामुदायिक वन, उपभोक्ताहरुको सामाजिक तथा आर्थिक स्थिति, सांस्कृतिक पक्ष, संस्कारहरु, महिला सहभागिता, समाजिक परिवर्तन र वातावरणीय अवस्था वारे खुलस्त बताईदिनु भएकोमा धन्यवाद !!!